# वार्षिक प्रतिवेदन

## २०७९/०८०



नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

लाजिम्पाट, काठमाडौं

"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन: सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन"

# वार्षिक प्रतिवेदन

## २०७९/०८०

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

# भूमिका

सामाजिक न्याय, आर्थिक विकास र सम्बृद्धि हासिल गर्न आन्तरिक स्रोतको महत्वपूर्ण भूमिका रहन्छ। आन्तरिक राजस्व विभागले आन्तरिक स्रोत परिचालनमा अविछिन्न रुपमा विगत लामो समयदेखि अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। कर प्रणालीलाई स्वच्छ, सरल, पारदर्शी एवं प्रविधिमैत्री बनाई स्वेच्छिक कर सहभागिताको माध्यमवाट आन्तरिक राजस्व परिचालनमा प्रभावकारिता वढाउन विभाग प्रयासरत रहेको छ। सूचना प्रविधिको विकाससंगै प्रविधिमैत्री कर प्रणालीको निर्माणका लागि निरन्तर रुपमा प्रणालीगत सुधार मार्फत करदाताको कर सहभागिता वढाउने, कर बुझाउने र संकलन लागत घटाउने गरी विभागले नीतिगत, प्रणालीगत तथा प्रशासनिक सुधारलाई समेत निरन्तरता दिएको छ।

बढ्दो सार्वजनिक खर्च  र स्रोतको परिचालन बीच पारस्परिक तादात्यमता कायम गर्न विद्यामन राजस्व नीति, कर प्रणाली र प्रकृयामा सरलीकरण गर्दै लैजाने विभागको नीति रहेको छ । निरन्तर रुपमा गरिने नीतिगत,कानूनी, प्रणालीगत सुधार र परिवर्तनबाट कर प्रणालीमा पारदर्शिता, सेवा प्रवाहमा प्रभावकारिता, कार्य फछर्यौटमा कुशलता एवम् शीघ्रता, करको दायरा विस्तारमा नयाँ क्षेत्रहरूको पहिचान जस्ता कार्यहरु सम्पादन गर्न विभाग निरन्तर क्रियाशील रहेको छ।

सरल, आधुनिक, पारदर्शी , दक्ष,  प्रविधिमैत्री एवम्  व्यावसायिक कर प्रशासनको रुपमा स्थापित गर्न आन्तरिक राजस्व विभागले समयानुकूल रणनीतिक सुधार योजना एवं व्यवसायिक कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यीनै सुधार योजना/कार्ययोजना र आर्थिक वर्ष २०७९/०८० को वजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट प्राप्त नतिजा र उपलब्धिको विश्लेषण गरी राजस्व संकलनको चुनौतिपूर्ण लक्ष्य हासिल गर्नका लागि सम्पादन गरिएका कार्यहरुको समीक्षा सहितको यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ।

आर्थिक वर्ष २०७९/०८० मा विभागलाई रु. ६२६ अर्ब ६१ करोड राजस्व संकलन गर्ने लक्ष्य तोकिएकोमा आर्थिक गतिबिधिमा अपेक्षकृत सुधार हुन नसकेको, घरजग्गा र सेयर कारोबारमा भारी गिरावट लगायतका आर्थिक सुस्तताका बाबजुद पनि चालु आर्थिक वर्षमा रु. ४७९ अर्ब ७९ करोड राजस्व असुली भई लक्ष्यको तुलनामा ७६.५७ प्रतिशत प्रगति हासिल भएको छ।

कराधारको विस्तार र संरक्षण गर्ने विभागको नीति अनुरुप आ.व. २०७९/०८० मा ७,६६,२१० करदातालाई करको दायरामा ल्याईएको छ। विद्युत्तीय सेवा कारोवारमा कारोवार प्रकृतिको आधारमा विद्युत्तीय सेवा कर (DST)  र मूल्य अभिबृद्धि कर लगाउने कानूनी एवम् प्रकृयागत सरल व्यवस्था गरी कार्यान्वयनमा ल्याईएको छ।

आगामी दिनमा कर प्रणाली सुधारका श्रृखंलाहरुलाई अझै परिस्कृत गर्दै लगी गुणस्तरीय करदाता शिक्षा/ सचेतनाको माध्यमवाट करदातालाई सुसुचित गरी करका औपचारिकता पुरा गर्न सक्षम बनाउने, बजार अनुगमनलाई परिणाममा आधारित बनाउने,  सूचना, ज्ञान, प्रमाण र राजस्व जोखिम विश्लेषणमा आधारित गुणस्तरीय कर परीक्षण र प्रभावकारी अनुसन्धान मार्फत स्वच्छ, कुशल, व्यावसायिक र पारदर्शी कर प्रशासनको विकास गर्ने कार्यमा जोड दिइदै लगिने छ। साथै सूचना प्रविधिको बढ्दो प्रयोग र विस्तार सँगै कारोवारका नयां र संभाव्य क्षेत्रहरुलाई करको दायरामा ल्याउनका लागि आवश्यक कानूनी र प्रणालीगत सुधारका कामहरु निरन्तर गर्दै लगिनेछ। यसै अनुरुप कर्मचारीहरुको क्षमता अभिवृद्धि समेत गरी सक्षम जनशक्ति तयार गर्ने

कार्यलाई उच्च प्राथमिकतामा राखी विभागले आफ्नो कामकारवाही संचालन गर्दै जाने विषय समेत अवगत गराउन चाहान्छु ।

अन्त्यमा, यस आर्थिक वर्षमा सम्पादन गरिएका कार्यको प्रगति हासिल गर्न माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरु, राजस्व व्यवस्थापन महाशाखा प्रमुखज्यू लगायत मन्त्रालयका अन्य पदाधिकारीहरुले दिनुभएको मार्ग निर्देशन र उत्प्रेरणाका लागि विशेष आभार व्यक्त गर्दछु । यसै गरी विभाग र मातहत कार्यालयको कार्यगत लक्ष्य तथा राजस्व संकलनमा प्रत्यक्ष सल्लाह र सुझाव दिई सहयोग पुर्याउनु हुने करदाता लगायत सरोकारवाला विभिन्न सरकारी, निजी, गैह्र सरकारी निकाय, संघ संस्था, व्यक्ति तथा विदेशी दातृ निकायहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । यो वार्षिक प्रतिवेदन तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विभागका उपमहानिर्देशक द्वय श्री अर्जुन प्रसाद भट्टराई, श्री टंक प्रसाद पाण्डेय, निर्देशक श्री सीता आचार्य, शाखा अधिकृत दिनेश गुरागाई, रमेश भट्टराई र केशरबहादुर थापा लगायतलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

दीर्घराज मैनाली
महानिर्देशक
मंसिर २०८०

# विषय सूची


| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | कार्यकारी सारांश | १ |
| १. | सामान्य जानकारी | ३ |
| १.१ | परिचय | ४ |
| १.२ | सोच, गन्तव्य, समग्र उद्देश्य, कार्यादेश, मुल्य मान्यता, कार्य प्रणाली र प्रतिबद्धता | ४ |
| १.३ | संगठनात्मक संचरना र जनशक्ति व्यवस्थापन | ६ |
| १.४ | आगामी सुधारको सोच | ७ |
| २. | आर्थिक वर्ष २०७९/०८० को समष्टिगत उपलब्धि | १२ |
| २.१ | कूल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात | १४ |
| २.२ | कूल गार्हस्थ्य उत्पादनसँग मूल्य अभिवृद्धि कर, आयकर र अन्तः शुल्क परिचालनको अवस्था | १५ |
| २.३ | कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | १६ |
| २.४ | राजस्वको संरचनागत योगदान | १७ |
| २.५ | कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | १९ |
| २.६ | महाशाखा तथा शाखागत विवरण विश्लेषण | २० |
| २.६.१ | प्रशासकीय पुनरावलोकन शाखा | २० |
| २.६.२ | संचालन महाशाखा | २० |
| २.६.२.१ | करदाता सेवा शाखा | २० |
| २.६.२.२ | कर फिर्ता शाखा | २५ |
| २.६.२.३ | राजस्व संकलन तथा प्रक्षेपण शाखा | २७ |
| २.६.२.४ | अनुगमन तथा मूल्यांकन शाखा | २७ |
| २.६.२.५ | कर परीक्षण व्यवस्थापन शाखा | ३३ |
| २.६.२.६ | बक्यौता तथा बेरूजु शाखा | ३७ |
| २.६.३ | सूचना प्रविधि व्यवस्थापन महाशाखा | ३८ |
| २.६.४ | अन्तःशुल्क तथा अनुसन्धान महाशाखा | ४० |
| २.६.४.१ | अन्तःशुल्क व्यवस्थापन तथा अन्तःशुल्क नीति विश्लेषण शाखा | ४० |
| २.६.४.२ | सूचना संकलन जोखिम विश्लेषण तथा अनुसन्धान शाखा | ४२ |
| २.६.५ | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | ४३ |
| २.६.५.१ | अन्तर्राष्ट्रिय कर शाखा | ४३ |
| २.६.५.२ | कर प्रणाली सुधार शाखा | ४४ |
| २.६.५.३ | नीति विश्लेषण शाखा | ४८ |

| | | |
|---|---|---|
| २.६.५.४ | कर परीक्षण पुनरावलोकन शाखा | ४८ |
| २.६.५.५ | योजना तथा मानव संशाधन विकास शाखा | ४९ |
| २.६.५.६ | कानून शाखा | ५३ |
| २.६.५.७ | सामान्य प्रशासन शाखा | ५४ |
| २.६.५.८ | आर्थिक प्रशासन शाखा | ५७ |
| ३. | आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण | ५९ |
| ३.१ | कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंश | ६२ |
| ३.२ | विगत पाँच वर्षको राजस्व संकलनको अवस्था | ६२ |
| ३.३ | मूल्य अभिवृद्धि करमा आन्तरिक र पैठारीको संकलन अनुपात | ६४ |
| ३.४ | शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ) | ६४ |
| ३.५ | मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था | ६६ |
| ३.६ | शीर्षकगत आयकर संकलन | ६६ |
| ३.७ | आर्थिक बर्ष. २०७९/०८० को आयकर संकलनको संरचनागत अवस्था | ६७ |
| ३.८ | अन्तः शुल्कको संरचनात्मक अवस्था | ६८ |
| ३.९ | आर्थिक बर्ष २०७९/०८० को अन्तः शुल्क तर्फको संकलन संरचना | ६९ |
| ३.१० | आर्थिक बर्ष २०७९/०८० को राजस्व संकलनको कार्यालयगत अवस्था | ७० |
| ३.११ | करदाता सेवा कार्यालयहरूको राजस्व संकलनको अवस्था | ७५ |
| ३.१२ | सामाजिक सुरक्षा कर | ७८ |
| ३.१३ | पूँजीगत लाभकर | ७८ |
| ३.१४ | राजस्व संकलनको लागत | ७९ |

# तालिकाहरुको सूची


तालिका १ कूल गार्हस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात ........................................१४

तालिका २ कूल गार्हस्थ उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात ....................१५

तालिका ३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान .............................१६

तालिका ४ आ.व. २०७९/०८० मा राजस्वको संरचनात्मक योगदान ...............................१७

तालिका ५ आ.व. २०७९/०८० को शीर्षकगत राजस्व संकलनको बनोट .............................१८

तालिका ६ कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान .........................१९

तालिका ७ प्रशासकीय पुनरावलोकन कार्य प्रगति ..................................................................२०

तालिका ८ करको दायरा तथा कर सहभागिताको अवस्था ...................................................२२

तालिका ९ मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था.............................................२३

तालिका १० कर फिर्ता विवरण ..........................................................................................२६

तालिका ११ कुटनीतिक कर फिर्ता विवरण .........................................................................२६

तालिका १२ आन्तरिक राजस्व कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर ..................................२८

तालिका १३ करदाता सेवा कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर .......................................३१

तालिका १४ आ.व. २०७९/०८० सम्मको बक्यौता विवरण ...................................................३८

तालिका १५ आ.व. २०७९/०८० मा कर परीक्षण पुनरावलोकन सम्पन्न संख्यात्मक विवरण........४९

तालिका १६ आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको पद अनुसार दरबन्दी विवरण..५५

तालिका १७ आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको श्रेणीगत दरबन्दी विवरण.......५६

तालिका १८ आ.व. २०७९/०८० को राजस्व लक्ष्य र प्रगति ...............................................६०

तालिका १९ आ.व. २०७८/०८० को कर राजस्व संकलनको संरचनागत अवस्था .................६२

तालिका २० विगत ५ वर्षको राजस्व संकलनको अवस्था ...................................................६३

तालिका २१ मूल्य अभिबृद्धि करमा आन्तरिक र पैठारीको संकलन अनुपात..............................६४

तालिका २२ मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन .....................................................६५

तालिका २३ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था ...................................................६६

तालिका २४ आयकरको शीर्षकगत संकलन ..........................................................................६७

तालिका २५ विगत ५ बर्षको आयकर संकलनको संरचनागत अवस्था......................................६७

तालिका २६ अन्तः शुल्कको शीर्षकगत संकलन .................................................................६९

तालिका २७ आर्थिक वर्ष २०७९/०८० मा अन्तःशुल्कको संकलन संरचना.............................७०

तालिका २८ ठूला करदाता र मध्यम स्तरिय करदाता कार्यालयको राजस्व लक्ष्य र संकलन........ ७१

तालिका २९ कार्यलयगत राजस्व लक्ष्य र संकलन ...........................................................७२

तालिका ३० करदाता सेवा कार्यालयहरुको राजस्व लक्ष्य र संकलन.........................................७५

तालिका ३१ सामाजिक सुरक्षा कर संकलन.....................................................................७८

तालिका ३२ पूँजिगत लाभकर संकलन ...........................................................................७८

तालिका ३३ राजस्व संकलनको लागत विवरण ..................................................................७९

# चित्रहरूको सूची


| | | |
|---|---|---|
| चित्र १ | कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात | १५ |
| चित्र २ | कूल गार्हस्थ उत्पादनमा मू.अ.कर आयकर र अन्तःशुल्कको अनुपात | १५ |
| चित्र ३ | कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | १७ |
| चित्र ४ | आर्थिक वर्ष २०७९/०८० मा राजस्वको संरचनात्मक योगदान | १८ |
| चित्र ५ | आर्थिक वर्ष २०७९/०८० को शीर्षकगत राजस्व संकलन | १८ |
| चित्र ६ | कुल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | १९ |
| चित्र ७ | आर्थिक वर्ष २०७९/०८० को राजस्व लक्ष्य र प्रगति | ६१ |
| चित्र ८ | आर्थिक वर्ष २०७९/०८० को कर राजस्व संकलनको संरचनागत अवस्था | ६२ |
| चित्र ९ | विगत ५ वर्षको राजस्व संकलनको अवस्था | ६३ |
| चित्र १० | मूल्य अभिबृद्धि करको शीर्षकगत संकलन | ६५ |
| चित्र ११ | मूल्य अभिबृद्धि करको संरचनात्मक अवस्था | ६६ |
| चित्र १२ | आयकर संकलनको संरचनागत अवस्था | ६८ |
| चित्र १३ | अन्तः शुल्कको शीर्षकगत संकलन | ६९ |
| चित्र १४ | आर्थिक वर्ष २०७९/०८० मा अन्तःशुल्कको संकलन संरचना | ७० |
| चित्र १५ | ठूला करदाता र मध्यम स्तरिय करदाता कार्यालयको कूल असुलीमा योगदान | ७१ |
| चित्र १६ | कार्यलयगत लक्ष्य तथा असुली | ७४ |
| चित्र १७ | करदाता सेवा कार्यालयहरुको राजस्व संकलनको लक्ष्य तथा असुली | ७७ |
| चित्र १८ | सामाजिक सुरक्षा कर संकलनको अवस्था | ७८ |
| चित्र १९ | पूँजिगत लाभकर संकलनको अवस्था | ७९ |

# अनुसूचीहरू

अनुसूची १ मूल्य अभिवृद्धि करमा दर्ताको अवस्था ........................................................८१

अनुसूची २ आयकर, मूल्य अभिवृद्धि कर, व्यक्तिगत स्थायी लेखा नं. दर्ताको अवस्था ...............८७

अनुसूची ३ आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत राजस्व संकलन ...................................९०

अनुसूची ४ आन्तरिक राजस्व विभागको संगठन संरचना.....................................................९२

अनुसूची ६ आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुको सम्पर्क नम्बर ..........९३

# संकेत सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.रा.वि. | आन्तरिक राजस्व विभाग |
| आ.रा.का. | आन्तरिक राजस्व कार्यालय |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| क.से.का. | करदाता सेवा कार्यालय |
| का.म.पा. | काठमाण्डौं महानगरपालिका |
| गा.पा | गाऊँपालिका |
| चा.ए. | चार्टर्ड एकाउण्टेण्ट |
| ठू.क.का. | ठूला करदाता कार्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |
| मू.अ.कर | मूल्य अभिवृद्धि कर |
| रा.प.प्र. | राजपत्रांकित प्रथम श्रेणी |
| रा.प.द्वि. | राजपत्रांकित द्वितीय श्रेणी |
| रा.प.तृ. | राजपत्रांकित तृतीय श्रेणी |
| रा.प.अ. | राजपत्र अनंकित |
| रु. | रूपैयाँ |
| शा.अ. | शाखा अधिकृत |
| AA | Amended Assessment |
| ABBS | Any Branch Banking System |
| ASYCUDA | Automated System for Customs Data and Management |
| DTAA | Double Taxation Avoidance Agreement |
| EASy | Excise Automation System |
| ECR | Electronic Cash Register |
| EIMS | e-Internal Monitoring System |
| e-PAN | electronic- Permanent Account Number |
| e-TDS | electronic- Tax Deducted at Source |
| FY | Fiscal Year |

| | |
|---|---|
| GDP | Gross Domestic Product |
| GIZ | German Institute for International Co-operation |
| IT | Income Tax |
| MA | Management Assessment |
| NF | Non - Filer |
| OECD | Orgnization for Economic Cooperation and Development |
| PAN | Permanent Account Number |
| PDCR | Posted Data Change Request |
| RAS | Revenue Accounting System |
| RD | Return Detail |
| SMS | Short Massage Service |
| TPS | Taxpayer Service |
| VAT | Value Added Tax |

# कार्यकारी सारांश

संविधानले परिलक्षित गरे अनुसारको विकास र समृद्धिको लक्ष्य साकार पार्न आन्तरिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ। आन्तरिक श्रोतको दिगो परिचालन मार्फत राष्ट्रिय श्रोत सुनिश्चितताका लागि आन्तरिक राजस्व विभागले महत्वपूर्ण भुमीका निर्वाह गर्दै आएको छ।

संघीय लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास सँगै एकातर्फ आम जनताका आवश्यकता र चाहानामा बढोत्तरी हुँदै गएको छ भने अर्कोतर्फ अर्थतन्त्रको आन्तरिक तथा वाह्य क्षेत्रमा आएको सिथिलताका कारण राजस्व परिचालनमा संकुचन देखिएको छ। यसरी सार्वजनिक खर्चमा भएको बढोत्तरी अनुरुप राजस्व परिचालनको दरमा तालमेल मिलाउनका लागि करको दायरा विस्तार गर्ने सन्दर्भमा अनौपचारिक अर्थतन्त्रको औपचारीकरण, डिजिटल कारोबारको नियमन, लगानीमैत्री कर कानूनको तर्जुमा, पारदर्शी व्यवहार र स्वयंकर प्रणालीमा आधारित प्रविधी एवं करदातामैत्री प्रशासनलाई आत्मसाथ गर्दै विभागले आफ्नो दैनिक काम कार्यवाही सञ्चालन गर्दै आएको छ।

अर्थतन्त्रमा विगत केहि वर्ष देखि समयमा देखापरेका आन्तरिक तथा बाह्य परिघटनाको कारण राजस्व परिचालनमा आशातित परिणाम आउन सकेको छैन। तथापि, प्रतिकूल अवस्थाले गर्दा सिर्जित राजस्व परिचालनको कमीलाई परिपूरण गर्नका लागि कर प्रणालीमा समयानुकूल सुधार ल्याई सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई धान्न सक्ने गरी आन्तरिक स्रोतको परिचालनमा बढावा ल्याउने कार्यलाई मूर्तरुप दिन आन्तरिक राजस्व विभाग प्रयासरत छ। कर सहभागिता स्तरमा वृद्धिका लागि नीतिगत एवं कानूनी सहजता ल्याउन सम्पूर्ण आर्थिक कारोबारलाई करको दायरामा ल्याउने, कर संकलन लागत र करदाताको कर परिपालना लागत घटाउने साथै कर प्रशासनलाई स्वच्छ, व्यावसायिक, प्रतिस्पर्धी, सदाचारमूलक बनाउने दिशातर्फ विभागले गरेको प्रयासका गतिलाई थप चलायमान बनाउनुपर्ने देखिन्छ।

आर्थिक क्षेत्रमा देखिएको संकुचन एवं विषम परिस्थितिका वावजुद पनि आन्तरिक राजस्व विभागले लिएका नीतिगत, कार्यविधिगत र प्रणालीगत सुधारका कारण आन्तरिक राजस्वको आधार विस्तार र संरक्षण गर्ने प्रयास गरिएको छ। जसका कारण भविष्यमा सार्वजनिक वित्त थप सुदृढ हुने आशा गर्न सकिन्छ। बढ्दो सार्वजनिक खर्चको आवश्यकता अनुरुप प्रगति हासिल गर्न नसकेपनि श्रोतको आवश्यकता र उपलब्धी वीच उचित तालमेल मिलाउनका लागी नीतिगत संरचनात्मक सुधार समेत थालनी गरीएको छ। यसै अनुरुप विभागले हाल ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ४३, र करदाता सेवा कार्यालय ३९ गरी जम्मा ८४ वटा कार्यालयहरुबाट सेवा प्रवाह हुंदै आएको छ।

आ.व.२०७९/०८० मा विभागबाट सम्पादन गरिएका मुख्य कार्यहरुको प्रगतिलाई देहाय अनुसार उल्लेख गरिएको छः

आर्थिक वर्ष २०७९/०८० लागि अर्थ मन्त्रालयबाट आन्तरिक राजस्व विभागलाई रु ६ खर्ब २६ अर्ब ६१ करोड लक्ष्य तोकिएको थियो। विभागवाट यस आर्थिक वर्षमा जम्मा रु.४ खर्ब ७९ अर्ब ७९ करोड राजस्व संकलन भई लक्ष्यको तुलनामा ७६.५७ प्रतिशत प्रगति हासिल भएको छ।

- मूल्य अभिवृद्धि करतर्फः रु. ३ खर्ब ९८ अर्ब ४६ करोड लक्ष्य निर्धारण भएकोमा रु. २ खर्ब ९० अर्ब ६० करोड संकलन भएको छ। यो लक्ष्यको तुलनामा ७२.९३ प्रतिशत प्रगति भएको

देखिन्छ।सो मध्ये पैठारीतर्फ रु २ खर्व ५८ अर्ब २६ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ७३ अर्ब ५ करोड र आन्तरिक तर्फ रु १ खर्व ४० अर्ब २० करोड लक्ष्य रहेकोमा रु. १ खर्व १७ अर्ब ५४ करोड संकलन भएको छ। पैठारी तर्फ र आन्तरिक तर्फ लक्ष्यको तुलनामा क्रमश ६७.०१ र ८३.८४ प्रतिशत प्रगति भएको देखिन्छ।

- आय करतर्फः रु. ३ खर्व ४७ अर्ब ५७ करोड लक्ष्य तोकिएकोमा रु. २ खर्व ४९ अर्ब ५६ करोड संकलन हुन गई लक्ष्यको तुलनामा ७१.८० प्रतिशत प्रगति भएको छ।
- अन्तःशुल्कतर्फः रु. २ खर्व ९ अर्ब १ करोड लक्ष्य तोकिएकोमा रु.१ खर्व ३६ अर्ब २९ करोड संकलन भएको छ। यो लक्ष्यको तुलनामा ६५.२१ प्रतिशत प्रगति भएको देखिन्छ। अन्तःशुल्कको पैठारी तर्फ रु. ७९ अर्ब ८७ करोड लक्ष्य रहेकोमा रु. ३२ अर्ब ३३ करोड र आन्तरिक तर्फ रु.१ खर्व २९ अर्ब १४ करोड लक्ष्य रहेकोमा रु.१ खर्व ०३ अर्ब ९५ करोड संकलन भएको छ। पैठारी र आन्तरिक तर्फ लक्ष्यको तुलनामा क्रमश ४०.४८ र ८०.५० प्रतिशत प्रगति भएको देखिन्छ।
- आर्थिक वर्ष २०७९/८० आषाढ मसान्तसम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको रु.२ अर्ब २१ करोड ७ लाख ६१ हजार बेरुजु फछ्र्यौट भएको छ। आ.ब २०७९/८० को शुरुवातमा कुल बेरुजु रकम रु.४९ अर्ब ६५ करोड ५० लाख ४१ हजार बेरुजु भएकोमा कुल फछ्र्यौट लक्ष्यको ४.४५ प्रतिशत प्रगति भएको छ।
- विभाग र मातहत कार्यालयका कर्मचारीहरुलाई कर तथा व्यवस्थापन सम्बन्धी विभिन्न विषयमा भौतिक तथा भर्चुअल रुपमा तालिम संचालन गरिएको छ। यसैगरी वर्ष भरीमा विभाग र अन्तर्गत कार्यालयमा कार्यरत विभिन्न कर्मचारीहरुलाई वैदेशिक तालिम, सेमिनार, अध्ययन भ्रमणमा सहभागी गराइएको छ।
- यस आ.ब.मा मू.अ.कर तर्फ २४,१८९ करदाताहरू दर्ता गरिएको छ। यस आर्थिक वर्ष सम्ममा ३,०८,४७७ करदाताहरू मू.अ.करमा दर्ता भएका छन्।
- यस आ.ब.मा अन्तःशुल्क तर्फ यस वर्ष ११६६७५ करदातालाई अन्तःशुल्क इजाजत पत्र प्रदान तथा नविकरण गरिएको छ।
- आर्थिक वर्ष २०७९/८० को अषाढ मसान्त सम्ममा व्यावसायिक स्थायी लेखा नम्वर (PAN) जम्मा १८,७६,३०५ र व्यक्तिगत स्थायी लेखा नम्वर (P-PAN) जम्मा ३६,४९,६१४ प्रदान गरी कूल करदाता संख्या ५५,५४,०२६ पुगेको छ। साथै आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा सरकारी तथा अन्य संस्थाहरू गरी जम्मा २८,१०७ लाई Withholder PAN (W-PAN) प्रदान गरिएको छ।
- मदिरा तथा सूर्तीजन्य वस्तुहरु उत्पादन गर्ने उद्योगहरुले कच्चा पदार्थ राख्ने गोदाम, तयारी पदार्थ राख्ने गोदाम, निष्काशन गर्ने ठाउँमा सीसीटीभी क्यामरा राख्ने व्यवस्था कार्यान्वयनमा ल्याईएको छ।
- आ.व २०७९/०८० मा ५२७६ करदाताको पूर्ण कर परीक्षण सम्पन्न भएको छ। यसबाट आयकर तर्फ रु. १५ अर्ब ३२ करोड १८ लाख, मू.अ.करतर्फ रु. ४ अर्ब २१ करोड २७ र अन्तःशुल्कतर्फ रु.३३ करोड ६२ लाख कर निर्धारण हुनुका साथै संशोधित कर निर्धारणबाट रु. २६ अर्ब ६० करोड नोक्सानी घटाइएको छ।

# भाग-१
# सामान्य जानकारी

# १. सामान्य जानकारी

## १.१ परिचय

सार्वजनिक वित्तको प्रमूख श्रोतको रुपमा रहेको आन्तरिक राजस्व परिचालन आन्तरिक राजस्व विभागको महत्वपूर्ण भुमीका रहिआएको छ। नेपालको कर प्रणालीलाई आधुनिकीकरण गर्न, करदाताको कर सहभागिता लागत घटाउन, , प्रविधिमैत्री जनशक्ति विकास, आन्तरिक कार्य प्रक्रिया सरलीकरण गर्न जोखिममा आधारित कर परीक्षण, विद्युतीय सुशासन कायम गर्न, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टिकरणको लागि संस्थागत सुधार गर्ने उद्देश्यले साविकका कर विभाग तथा मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी विक्रम संवत २०५८ बैशाख २ गते कर विभागको रूपमा स्थापना भई सम्वत् २०५८ श्रावण १ देखि आन्तरिक राजस्व विभागको गठन भएको हो। विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हित अनुकूल बनाउँदै नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधार गर्न नेपालको सार्वजनिक व्यवस्थापनको क्षेत्रमा आन्तरिक राजस्व विभाग एक आधुनिक संगठनको रूपमा रहेको छ।

नेपाल सरकारको कूल राजस्वमध्ये करिब आधा हिस्सा यस विभागबाट सङ्कलन हुने गरेको छ। विभागले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र मदिरा ऐन लगायतका कर कानूनको प्रशासन गर्दै आएको छ। आन्तरिक राजस्वको व्यवस्थापन र परिचालनका लागि विभागले १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालय समेत ८४ वटा कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ। वर्तमान संगठनात्मक संरचना अनुसार यस विभाग अन्तर्गत करिब १७०१ जनशक्ति रहने गरी संगठन संरचना र दरबन्दी स्वीकृत भएको छ।

## १.२ सोच, गन्तव्य, उद्देश्य, कार्यदिश, मान्यता, कार्य प्रणाली र प्रतिबद्धता

### सोच (Vision)

फराकिलो कराधार, पारदर्शी एवं न्यायोचित कर प्रणालीमार्फत आर्थिक-सामाजिक विकासमा सहयोगी एवं सवल संगठनको रुपमा विकास गर्ने।

### गन्तव्य (Mission)

उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चित गर्ने।

### समग्र उदेश्य (Overall Objective)

समतामुलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने।

### कार्यदिश (Mandates)

- कर प्रशासन तथा सुधार
- कर नीति तर्जुमा र कार्यान्वयन
- करदाता सेवा र शिक्षा
- अनुसन्धान र विकास
- सूचना प्रविधि व्यवस्थापन

## मूल्य मान्यता (Values)

- सदाचार
- व्यावसायिकता
- स्वच्छता
- सम्मान
- सहकार्य
- नवप्रवर्तन

## विभागको कार्य प्रणाली

यस विभागले कर नीति एवं कानून तर्जुमाको मस्यौदा तयार गर्ने, आयकर, मूल्य अभिवृद्धि कर ,अन्तःशुल्क तथा अन्य कर नीति तथा कानूनहरुको कार्यान्वयन गर्ने गर्दछ। करको दायरा बिस्तार गर्ने, कर कानूनको परिपालना भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने, करदाताको स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न आवश्यक कार्यप्रणाली तथा कार्यक्रम लागू गर्ने र कर जोखिममा आधारित भई कर कानूनहरुको कार्यान्वयन गर्ने, गराउने कार्य गर्दै आइरहेको छ।

यस सन्दर्भमा आन्तरिक राजस्व व्यवस्थापन गर्ने, सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने, सबै करदाताको पहिचान दिने गरी स्थायी लेखा नम्बर जारी गर्ने, सूचना प्रविधिको उपयोगबाट करदाता र कर प्रशासनको प्रत्यक्ष सम्पर्क घटाउँदै कर सहभागिता बढाउने, कर संकलन लागत घटाउने, स्वयं कर निर्धारण प्रणालीलाई व्यवस्थित गर्दै जोखिमको आधारमा सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, डिजिटल कारोवारको प्रवर्दनलाई प्रोत्साहन गर्दै अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन जोड दिने जस्ता कार्यनीति तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। विभाग र अन्तर्गत कार्यालयको कार्य संचालन प्रक्रियामा कार्यमूलक कार्यप्रणाली अवलम्वन गरिएको छ।

## प्रमुख कार्यहरु (Functions)

विभागबाट मुख्यतः करदाता सेवा, कर संकलन तथा प्रक्षेपण, कर फिर्ता, कर परीक्षण व्यवस्थापन, सूचना संकलन तथा जोखिम विश्लेषण, अनुगमन तथा मूल्याङ्कन, कर नीति तर्जुमामा परामर्श, अन्तर्राष्ट्रिय कर प्रशासन सम्बन्धी कार्य, कर नीति कार्यान्वयनमा कानूनी राय प्रदान गर्ने, प्रशासकीय पुनरावलोकन गर्ने, अन्तःशुल्क प्रशासन गर्ने, वित्तीय सूचनाको अभिलेखका लागि सूचना प्रणालीको विकास एवं प्रयोग र संस्थागत सुधार, क्षमता बिस्तार, आर्थिक प्रशासन, कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु सम्पादन गरिन्छ।

## विभागले प्रशासन गर्ने मुख्य ऐन, नियमहरु

| ऐनहरु | नियमहरु |
|---|---|
| मदिरा ऐन, २०३१ | मदिरा नियमहरु, २०३३ |
| मूल्य अभिवृद्धि कर ऐन, २०५२ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ |
| आयकर ऐन, २०५८ | आयकर नियमावली, २०५९ |
| अन्त:शुल्क ऐन, २०५८ | अन्त:शुल्क नियमावली, २०५९ |
| सालबसाली आर्थिक ऐन | |

## विभागको प्रतिवद्धता

समृद्ध नेपाल र सुखी नेपाली" को लक्ष्य हासिल गर्न करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट स्वच्छता, समानता, तटस्थता र पारदर्शिता कायम गरी कर प्रशासन र करदाताबीच आपसी विश्वासको वातावरण श्रृजना गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर कानूनको परिपालनामा जोड दिने, प्रकृयागत सरलीकरण गरी करदातालाई सरल सहज सेवा प्रदान गरी आन्तरिक राजस्व परिचालनमा महत्वपूर्ण योगदान दिने यस विभागको प्रतिबद्धता रहेको छ। उत्कृष्ट सेवा प्रवाहद्वारा करदातामैत्री , प्रविधिमैत्री र लगानीमैत्री कर प्रणालीको कार्यान्वयन गर्दै दक्ष एवं व्यावसायिक कर प्रशासनको परिचय दिन विभाग कटिबद्ध छ।

## १.३ संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन

करको दायरा विस्तार, स्वयं कर निर्धारण तथा स्वतःस्फूर्त कर परिपालना, गुणस्तरीय कर परीक्षण र प्रभावकारी अनुसन्धान, देशव्यापी रुपमा कर सम्बन्धी चेतनाको अभिवृद्धि व्यवहारिक तथा आवश्यकतामा आधारित करदाता शिक्षा , चुस्त र पारदर्शी सेवा प्रवाह जस्ता आधारभूत मान्यताहरुलाई सार्थक तुल्याउन आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना पूर्णतया कार्यमूलक प्रणाली (Functional System) अनुरुप कार्यान्वयनमा ल्याएको छ। विभागमा चार महाशाखाहरू रहेका छन्। प्रत्येक महाशाखा प्रमुखको रुपमा रा.प. प्रथम श्रेणीको उपमहानिर्देशक र प्रत्येक शाखामा रा.प द्बितीय श्रेणीको निर्देशक रहने व्यवस्था छ। यसका अतिरिक्त महानिर्देशकको प्रत्यक्ष मातहतमा रहने गरी प्रशासकीय पुनरावलोकन शाखा रहेको छ। जनशक्ति सहितको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।

### (क) नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय कर शाखा, कर प्रणाली सुधार शाखा, नीति विश्लेषण शाखा, कर परीक्षण पुनरावलोकन शाखा, योजना तथा मानव संसाधन विकास शाखा, कानून शाखा, सामान्य प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन्।

### (ख) सञ्चालन महाशाखा

यस महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, राजस्व संकलन तथा प्रक्षेपण शाखा, बक्यौता तथा बेरुजू शाखा, अनुगमन तथा मूल्यांकन शाखा र कर फिर्ता शाखा रहेका छन्।

### (ग) अन्तःशुल्क तथा अनुसन्धान महाशाखा

यस महाशाखा अन्तर्गत अन्तःशुल्क व्यवस्थापन शाखा र अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा, अन्तःशुल्क प्रयोगशाला, अनुसन्धान शाखा, सूचना संकलन तथा जोखिम विश्लेषण शाखा रहेका छन्।

### (घ) सूचना प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा, सूचना संचार प्रविधि शाखा र सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखा रहेका छन्। यस महाशाखाले समग्र कर प्रणालीलाई प्रविधिको सञ्जालमा आवद्ध गर्न र तदनरूप कार्य सञ्चालन गर्न मातहत कार्यालय एवं करदाताहरूलाई सहजीकरण गर्ने गर्दछ।

## १.४ आगामी सुधारको सोच

आगामी दिनमा समग्र विभागको व्यवशायिकताको प्रवर्द्धनबाट प्रभावकारी राजस्व परिचालनका लागि देहायका क्षेत्रहरुमा समसामयिक सुधारका कार्यहरु सम्पादन गर्नुपर्ने देखिन्छ।

### १. कर प्रणाली सुधार

- अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवर्तित परिवेशलाई समेत आत्मसात गर्दै कर कानूनमा समय सापेक्ष सुधार गरिने छ।
- सूचना, प्रमाण र अन्वेषणमा आधारित अनुसन्धान, जोखिमका सूचकमा आधारित गुणस्तरीय कर लेखापरीक्षण, कारोबारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यबोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित व्यावसायिक कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली अवलम्वन गरी कर प्रशासन सञ्चालन गरिने छ।
- खोज एवं अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक कर शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा प्रवाह, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी लक्ष्य अनुसार प्रगती हासिल गरिनेछ।
- कर प्रणालीलाई थप प्रभावकारी बनाउन तथा बढ्दो विश्वव्यापीकरणले यस क्षेत्रमा ल्याएको परिवर्तनलाई समेत सम्बोधन गर्न सक्ने मूल्य हस्तान्तरण निर्देशिका, स्वामित्व परिवर्तन सम्बन्धी निर्देशिका, तयार गरी लागू गरिने छ।
- अन्तर्राष्ट्रिय कर नीति अन्तर्गत दोहोरो कर मुक्ति सम्झौता, मूल्य हस्तान्तरण, कर लेखा परीक्षण, कर सम्बन्धी सूचनाको आदान प्रदान समेतलाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्ने तर्फ जोड दिइने छ।

### २. कार्यप्रणाली सुधार

- प्रविधिमैत्री कर प्रणालीको माध्यमबाट प्रक्रियागत सरलीकरण गरिने छ।
- विद्युतीय माध्यमबाट कर दाखिला गर्नसक्ने प्रणालीलाई थप परिमार्जन गरिने छ।
- विभाग तथा मातहत कार्यालयहरूबाट करदाता शिक्षा, सूचना, सञ्चार, अन्तरक्रिया लगायत अन्य जागरणका कार्यहरू सम्पादन गरिने छन्।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखापरीक्षक संघ लगायतका सम्बद्ध निकायहरूसँग करका विविध पक्षमा र कर कानून कार्यान्वयन सम्बन्धमा आवश्यक राय परामर्श लिने कार्यलाई थप प्रभावकारी वनाउदै लगिनेछ।

### ३. करको दायरा बिस्तार

- आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई थप करदातालाई करको दायरामा ल्याइने छ।

- करको दर बढाउने भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिने छ।
- करदाता दर्ता गर्न आवश्यक कागजात, दर्ता सम्बन्धी अभिलेखमा परिवर्तनको सूचना दिने प्रकृया र करदाता दर्ता तथा दर्ता खारेजी सम्बन्धी कार्यहरुलाई चुस्त र पारदर्शी बनाउँदै लगिने छ।
- करदाताको अभिलेख अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई पूरानो अभिलेखलाई सूचना प्रविधिमा आधारित अभिलेखमा रूपान्तरण गरिनेछ। करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखहरूको सुरक्षाको विशेष व्यवस्था गरिने छ।
- कोभिड-१९, रुस, युक्रेन युद्ध लगायत आगामी दिनमा आउने विश्वव्यापी राजनीतिक, आर्थिक संकट र महामारीवाट मुलुकको अर्थतन्त्रको पुनरुत्थान गर्दै दिगो र फराकिलो कराधार निर्माण र संरक्षण गर्न प्रविधिमैत्री कर प्रशासन मार्फत राजस्वको दायरा विस्तारमा जोड दिईनेछ।

## ४. कर परिपालनामा सुधार

- सबै प्रकारका आर्थिक सूचनाहरु विभागको सूचना प्रविधि प्रणालीमा प्राप्त हुने गरी एकीकृत सूचना प्रणालीको विकास गरि कर परिपालनाको स्तर सुधार गरिनेछ।
- करदाता शिक्षा तथा सचेतनाको अभियानको माध्यमवाट कर परिपालना बढाउने कार्यलाई अभियानको रुपमा अगाडि बढाइने छ।
- विगतमा ठूलो परिमाणमा नक्कली बिल विजकको प्रयोगबाट मूल्य अभिवृद्धि कर छली भएको प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि कर छली नियन्त्रण गर्न नीतिगत तथा प्रणालीगत व्यवस्था गरिनेछ।
- स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी कर परिपालना बढाइनेछ। कर कानूनको अवज्ञा गर्नेहरूलाई कानून बमोजिम सजायको दायरामा ल्याइनेछ।
- कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्वर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्थालाई अझ ब्यापक बनाइने, साथै व्यावसायिक प्रयोजनका लागि निश्चित रकम भन्दा बढीको ऋण लिंदा वा भुक्तानी गर्दा सो को जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था मिलाईनेछ।
- कर परीक्षण तथा अनुसन्धान गर्दा राजस्व अनुसन्धान विभागले संचालनमा ल्याएको VCTS प्रणालीमा भएको तथ्याङ्क तथा भन्सार विभागमा रहेको ASYCUDA WORLD प्रणालीमा रहेको तथ्याङ्क समेतको उपयोग गरिने छ।

## ५. न्यून बिजकीकरण नियन्त्रण

- आर्थिक वर्ष २०८०/८१ को वजेट बक्तव्यमा तोकिए बमोजिम बार्षिक रु २५ करोड भन्दा वढीको कारोवार गर्ने करदाताहरुलाई अनिवार्य रूपमा वि.सं. २०८० पुष मसान्तभित्र केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) मा आवद्ध गरिनेछ। बार्षिक रु १० करोडभन्दा वढिको

कारोवार गर्ने र विद्युतीय बीजक जारी गर्ने गरि तोकिएका करदाताहरुलाई अनिवार्य रुपमा विद्युतीय बीजक जारी गर्न लगाइनेछ।

- ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिने छ।
- व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गा जमिनको खरिद विक्रीमा मालपोत कार्यालयमा हुने न्यून मूल्याङ्कन, बजारमा बस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बिजकीकरण र घर जग्गा बहालमा हुने न्यून घोषणाले राजस्व परिचालनको थप सम्भाव्यतामा नकारात्मक असर परेको छ। हरेक क्षेत्रमा हुने यस्तो न्यून बिजकीकरण र मूल्याङ्कन नियन्त्रण गर्न सम्बद्ध सबै क्षेत्रसँग सहकार्य गरिनेछ।

## ६. कर सूचना सञ्जाल र अनुसन्धान

- करदाता तथा कारोवार सम्बन्धी सूचनाहरुलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गरिनेछ। राष्ट्रिय परिचयपत्र, नेपाल राष्ट्र बैंक तथा नागरिक एप्समा रहेका महत्वपूर्ण सूचना आदानप्रदान गर्ने गरी सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- करको दायरामा नआएका विलासी जीवनशैली अपनाउने व्यक्तिहरूको विभिन्न श्रोतबाट सूचना संकलन गरी एकीकृत सूची तयार गर्ने, निगरानी बढाई करको दायरामा ल्याउने कार्यलाई प्रभावकारी बनाइनेछ।
- उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग विभाग, बाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट दर्तीकै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोबार गर्न नपाइने व्यवस्था मिलाइनेछ।
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्जाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- राजस्व प्रशासनका विभिन्न क्षेत्र बीच प्राविधिक विषयहरूमा समन्वयात्मक ढंगले नीति निर्माणमा सुझाव आदान प्रदान गर्न तथा कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिने छ।

## ७. कर परीक्षण सम्बन्धी

- विद्यमान कर परीक्षण नीतिमा पुनरावलोकन, कर परीक्षण निर्देशिका परिमार्जन र कर परीक्षण सम्बन्धी प्रतिवेदन प्रणालीमा एकरुपता र प्रभावकारिता ल्याइ कर परीक्षणमा सूचना प्रविधिको उपयोग गरिनेछ।
- कर परीक्षण पुनरावलोकन प्रणालीलाई अझ तथ्यपरक र मार्गदर्शक वनाउन विशेषज्ञहरूको सेवा लिने व्यवस्था मिलाईने छ।
- करदाताको कर परीक्षण छनौट सम्बन्धमा नयाँ मापदण्ड निर्धारण गरी लागू गरिनेछ।

- कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ४ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागू गरिने छ। कर परीक्षण गर्दा स्थलगत रुपमा करदाताको परिसरमा गई गर्ने कार्यबाट यथार्थताको सुनिश्चितता गरिने छ।

- कर परीक्षणको कार्यलाई भर्चुअल एवं फेसलेस माध्यमवाट सम्पन्न गरी कर कार्यान्वयनमा पारदार्शीता एवं प्रभावकारीता प्रवर्द्धन गरिने छ।

## ८. कर बक्यौता असूली तथा बेरुजू फछ्र्यौट

- बक्यौता संकलनको लागि विगत बर्षहरुमा जस्तै यस वर्ष पनि कार्ययोजना बनाई संकलन कार्यमा कडाई गरिने छ।

- राजस्व न्यायाधीकरण लगायत अन्य न्यायिक निकायमा धेरै मुद्दा टुङ्गो लाग्न बाँकी रहेको कारणले पनि ठूलो बक्यौता अंक रहेको हुँदा शिघ्र न्याय निरुपणका लागि विभाग तथा कार्यालयहरुवाट गर्नुपर्ने कार्यहरु तत्काल सम्पादन गरिने र आवश्यक सहजीकरण गरिने छ।

## ९. अन्तःशुल्क व्यवस्थापन

अन्तःशुल्क प्रशासनलाई सूचना प्रविधमैत्री बनाइनेछ। अन्तःशुल्कको Audit Trail Report (ATR) पूर्ण कार्यान्वयनमा लगिनेछ। भौतिक नियन्त्रणमा आधारित सबै प्रतिष्ठानहरुमा IP Camera जडान गरी कार्यालय तथा विभागबाटै अनुगमन गर्न सकिने प्रणालीको विकास गरिने छ।

- अन्तःशुल्क तर्फ हाल कार्यान्वयनमा रहेको भौतिक नियन्त्रण प्रणालीलाई क्रमश स्वयं निष्काशन प्रणालीमा रूपान्तरित गर्ने नीति अनुरूप सूर्ति तथा सूर्तिजन्य पदार्थलाई स्वयं निस्काशन प्रणालीमा लगिएको छ।ती वस्तुहरू कारखानाबाट निष्काशन गर्दा स्टीकर लगाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।
- नक्कली स्टिकरको प्रयोग र स्टिकर नै प्रयोग नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आकस्मिक निरीक्षण टोली गठन गरी प्रभावकारी रूपमा परिचालन गरिने छ।
- अन्तःशुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न नियमित अनुगमन गरी देखिएका अनियमितता समेतलाई आधार लिई अन्य स्रोतहरुबाट समेत प्राप्त हुने सूचनाहरुको विश्लेषण गरी तत्काल अनुसन्धान र कारवाही गरिने छ।
- अन्तःशुल्क प्रशासनलाई आधुनिक कर प्रणाली तथा विभागको सूचना प्रविधि प्रणालीमा आन्तरिकीकरण गरिने छ।
- मदिरा एवं चुरोटको बिक्री वितरण नियमनलाई थप प्रभावकारी बनाइनेछ।
- मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानवाट बिक्री वितरण गर्न नपाइने व्यवस्थालाई कडाईका साथ लागू गरी निरन्तर अनुगमन गरिने छ।

## १०. सूचना प्रविधिको प्रयोग

- कर प्रशासनवाट प्राप्त हुने सेवामा करदाताहरुको सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकसित गरिनेछ।

- करसम्बन्धी सबै कार्य सूचना प्रविधि प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासन बीचको भौतिक सम्पर्कलाई न्यून गर्दै लगिने छ।

- विद्युतीय भुक्तानी मार्फत राजस्व दाखिला गर्न सक्ने व्यवस्था शुरुवात भइसकेको सन्दर्भमा नेपाल राष्ट्र बैंक समेतसँगको सहकार्यमा उक्त प्रणालीलाई अझ व्यापक र बिस्तारित रुपमा संचालन गरिने छ।

## ११. पुनरावलोकन तथा पुनरावेदन प्रणाली

विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई छरितो र करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गरिनेछ।

## १२. संगठनात्मक तथा भौतिक व्यवस्था

- आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विशेषज्ञतालाई ध्यान दिई विभागको विद्यमान संगठन, जनशक्ति र कार्यप्रणालीको पुनरावलोकन गरी सांगठनिक संरचनालाई अझ बढी सुदृढ गरिने छ।
- करदातामैत्री सेवा सञ्चालनका लागि सुविधाजनक भवन निर्माण गर्ने र कार्यालयमा आवश्यक पर्ने सवारी साधन, विद्युतीय उपकरण एवं फर्निचरको व्यवस्था गरिने छ।
- कर परीक्षणको कार्यमा करदातासंगको प्रत्यक्ष भेटघाट हुने विद्यमान कार्यविधिलाई फेसलेस बनाइ यसलाई थप पारदर्शी र परिणामुखी बनाउनका लागि विभागमा आवश्यक संरचना विस्तार गरिने छ।

## १३. जनशक्ति विकास तथा तालिम

- कर प्रशासनमा कार्यरत जनशक्तिलाई शीपयुक्त, क्षमतायुक्त, सदाचारी र मनोवलयुक्त वनाउन नियमित तथा विशेष प्रकारका प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कर परीक्षणको गुणस्तर बृद्धि गर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ।
- , कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरिने छ।
- सेवामा प्रवेश गर्ने नव प्रवेशी अधिकृतहरूलाई कर सम्वन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ।

## १४. अन्तर्राष्ट्रिय सहयोगको परिचालन

- विभागका आवधिक रणनीतिक तथा सुधार योजनाहरु कार्यान्वयन गरी नेपालको समग्र कर प्रणालीलाई प्रतिष्पर्धी , करदाता मैत्री र क्षमतायुक्त बनाउन द्विपक्षीय तथा बहुपक्षीय विकास सहायताहरुलाई परिचालन गरिने छ।
- विकास साझेदारबाट प्राप्त सहायता र सहयोगलाई विभागको संस्थागत क्षमता र कर्मचारीको क्षमता विकास तथा प्रणाली सुधारमा केन्द्रीत गर्दै नेपालको कर प्रणालीलाई अन्तराष्ट्रिय स्तरको बनाइने छ।
- BPR अध्ययनबाट प्राप्त हुने प्रतिवेदनलाई कार्यान्वयनमा ल्याईने छ।

# भाग- २

# समष्टिगत उपलब्धि

# २. आर्थिक वर्ष २०७९/८० को समष्टिगत उपलब्धि

कर प्रणालीमा निरन्तर सुधार गर्दै करको दायरा विस्तार गर्न आन्तरिक राजस्व विभाग क्रियाशील रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिपादन गरिएका कर सम्बन्धी नवीनतम मान्यता, प्रविधि, उपकरणको अवलम्बन एवं प्रशासनिक संरचनाको समसामयिक सुधारका कारणले पछिल्ला बर्षहरूमा करको आधार तथा दायरा फराकिलो हुँदै गएको छ।

प्रविधिमैत्री कर प्रशासन, करको दायरा विस्तार, चुहावट नियन्त्रण, करदातामैत्री वातावरण श्रृजना गरी करदाता सेवाको गुणस्तरमा वृद्धि, कर सहुलियत तथा सुविधा वृद्धि, राजस्व जोखिमका सूचकांकमा आधारित कर परीक्षण तथा अनुसन्धान, कर्मचारीको क्षमता तथा दक्षता विकास जस्ता कार्यनीतिहरू अवलम्बनको फलस्वरुप स्वेच्छिक कर सहभागिता अभिवृद्धि हुँदै आएको छ। पछिल्ला आर्थिक बर्षहरूमा राजस्व वृद्धि भएको भएता पनि यस आर्थिक वर्षमा आर्थिक क्रियाकलापमा आएको संकुचन, सेयर कारोवार र घरजग्गाको कारोवारमा मन्दी, बैदेशिक व्यापार तर्फ आयात नियन्त्रणमुखी नीति अवलम्बन गरिंदा आर्थिक वर्ष २०७९/८० मा अपेक्षाकृत रुपमा राजस्व संकलन गर्न सकिएन।

आर्थिक वर्ष २०७९/०८० को लागि अर्थ मन्त्रालयबाट आन्तरिक राजस्व विभागलाई रु. ६ खर्ब २६ अर्ब ६१ करोड लक्ष्य तोकिएको थियो। विभागवाट यस आर्थिक वर्षमा जम्मा रु.४ खर्ब ७९ अर्ब ७९ करोड राजस्व संकलन भई लक्ष्यको तुलनामा ७६.५७ प्रतिशत प्रगति हासिल भएको छ। आ.व. २०७८/०७९ को तुलनामा आ.व. २०७९/८० को राजस्व संकलनको वृद्धि दर ०.७७ प्रतिशतले ऋणात्मक रहन गएको देखिन्छ। यसैगरी आन्तरिक राजस्व विभाग अन्तर्गत गत वर्षको यसै अवधिसँग तुलना गर्दा आयकर संकलनमा वृद्धिदर २.९५ प्रतिशतले ऋणात्मक रहेको देखिन्छ भने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क संकलनमा क्रमशः१.३९ प्रतिशत र ०.९९ प्रतिशतले वृद्धि भएको छ। यस प्रगति समीक्षामा राजस्व परिचालनको समग्र अवस्था र संरचनागत विश्लेषण तथा यस वर्षको कर नीतिको प्रभावकारी कार्यान्वयनबाट प्राप्त महत्वपूर्ण उपलब्धिहरूको विश्लेषण निम्नानुसार गरिएको छ।

- **मूल्य अभिवृद्धि करः** रु. ३ खर्ब ९८ अर्ब ४६ करोड लक्ष्य निर्धारण भएकोमा रु.२ खर्ब ९० अर्ब ६० करोड संकलन भएको छ। यो लक्ष्यको तुलनामा ७२.९३ प्रतिशत प्रगति भएको देखिन्छ। सो मध्ये पैठारीतर्फ रु. २ खर्ब ५८ अर्ब २६ करोड लक्ष्य रहेकोमा रु. १ खर्ब ७३ अर्ब ०५ करोड र आन्तरिक तर्फ रु.१ खर्ब ४० अर्ब २० करोड लक्ष्य रहेकोमा रु.१ खर्ब १७ अर्ब ५४ करोड संकलन भएको छ। पैठारी र आन्तरिक तर्फ लक्ष्यको तुलनामा क्रमशः ६७.०१ र ८३.८४ प्रतिशत प्रगति भएको देखिन्छ।

- **आयकरः** रु.३ खर्ब ४७ अर्ब ५७ करोड लक्ष्य तोकिएकोमा रु. २ खर्ब ४९ अर्ब ५८ करोड संकलन हुन गई लक्ष्यको तुलनामा ७१.८० प्रतिशत प्रगति भएको छ।

- **अन्तःशुल्कः** रु.२ खर्ब ९ अर्ब १ करोड लक्ष्य तोकिएकोमा रु.१ खर्ब ३६ अर्ब २९ करोड संकलन भएको छ। यो लक्ष्यको तुलनामा ६५.२१ प्रतिशत प्रगति भएको देखिन्छ। अन्तःशुल्कको पैठारी तर्फ रु. ७९ अर्ब ८७ करोड लक्ष्य रहेकोमा रु. ३२ अर्ब ३३ करोड र आन्तरिक तर्फ रु.१ खर्ब २९ अर्ब १४ करोड लक्ष्य रहेकोमा रु.१ खर्ब ३ अर्ब ९५ करोड संकलन भएको छ। पैठारी र आन्तरिक तर्फ लक्ष्यको तुलनामा क्रमशः ४०.४८ र ८०.५० प्रतिशत प्रगति भएको देखिन्छ।

- **शिक्षा सेवा करः** रु. १ अर्ब ४७ करोड लक्ष्य रहेकोमा रु २ अर्व संकलन भई १३५.४७ प्रतिशत प्रगति भएको देखिन्छ।

- **स्वास्थ्य सेवा कर**(स्वास्थ्य सेवा जोखिम कर समेत) रु. ८ अर्व २० करोड लक्ष्य रहेकोमा रु. ६ अर्ब ७६ करोड संकलन भई ८२.३७ प्रतिशत भएको देखिन्छ।

## २.१ कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात

**तालिका १ : कूल गार्हस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात**

(रु. अर्वमा)

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कूल गार्हस्थ उत्पादन | ३८५८.९३ | ३८८८.७० | ४३५२.५५ | ४९३३.७० | ५३८१.३४ |
| कूल राजस्व | ८२९.६३ | ७९३.७५ | ९३८.३२ | १०६७.९६ | ९५७.१५ |
| कूल गार्हस्थ उत्पादन/कूल राजस्व अनुपात (%) | २१.५० | २०.४१ | २१.५६ | २१.६५ | १७.७९ |
| कर राजस्व | ७३८.६० | ७००.०५ | ८७०.११ | ९८४.१६ | ८६५.६२ |
| कूल गार्हस्थ उत्पादन/कर राजस्व अनुपात (%) | १९.१४ | १८.०० | १९.९९ | १९.९५ | १६.०९ |

आ.व. २०७५/७६ मा कूल गार्हस्थ उत्पादनमा राजस्वको योगदान २१.५० प्रतिशत रहेकोमा आ.व २०७६/७७ मा यो अनुपातमा केहि गिरावट आई २०.४१ मा झरेको थियो। यसमा बृद्धि हुँदै २०७७/०७८ र २०७८/०७९ मा आईपुग्दा कूल गार्हस्थ उत्पादनमा राजस्वको योगदानको अनुपात क्रमशः २१.५६ र १७.७९ पुगेको अवस्था थियो।तर अर्थतन्त्रका आन्तरिक तथा बाह्य क्षेत्रमा सिर्जित प्रतिकूलताहरुका कारण आ.ब.२०७९/०८० मा भने यस्तो दर १७.७९ प्रतिशतमा सीमित हुन पुगेको छ।

आ.व. २०७६/७७ मा विश्वव्यापी कोभिड-१९ महामारीको प्रकोप शुरु भएको अवस्थामा सो आ.व.मा राजस्व परिचालनमा केही कमी आएता पनि सो पछि पनि विभिन्न प्रतिकूलताकाबीच पनि राजस्वको परिचालन वढ्दै गएको देखिन्छ। आ.व. २०७६/७७ कूल गार्हस्थ उत्पादनमा राजस्वको अनुपात घटेको देखिएतापनि सरकारको कोभिड-१९ विरुद्धको खोप अभियान तथा अन्य नीतिगत प्रोत्साहनले अर्थतन्त्र चलायमान हुन गई सो आ.व. पछि कूल गार्हस्थ उत्पादनमा राजस्वको योगदान बृद्धि हुँदै गएको देखिन्छ, यद्यपि सो अवधिमा समेत मुलुकका आन्तरिक तथा वाह्य क्षेत्रको अवस्था अर्थतन्त्रको लागी सन्तोषप्रद रहन सकेको थिएन। यसैगरी कूल गार्हस्थ उत्पादनमा कर राजस्वको योगदान आ.व. २०७५/०७६ मा १९.१४ प्रतिशत रहेकोमा आ.व २०७६/७७ मा १८, आ.व २०७७/७८ मा १९.९९ प्रतिशत र आ.व. २०७८/७९ मा १९.९५ प्रतिशत रहेको थियो। आ.ब.२०७९/०८० मा भने यस्तो अनुपात संकुचित भई १६.०९ मा आएको देखिन्छ। यसरी आ.व २०७९/०८० मा गत आ.व. को तुलनामा कूल गार्हस्थ उत्पादनमा कूल

राजस्व एवं कर राजस्वको अनुपात गरी दुवै अनुपातहरुमा गिरावट आएको देखिन्छ जसका लागि रुस युक्रेन युद्ध, विदेशी विनिमय संचितिमा देखिएको समस्या, घर जग्गा कारोबार तथा शेयर बजारमा आएको सिथिलता तथा डलरको मूल्यमा आएको बढोत्तरीलाई जिम्मेबार ठानिएको छ।

**चित्र नः १ कुल गार्हस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात**




## २.२ कूल गार्हस्थ उत्पादनसँग मूल्य अभिबृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था

**तालिका २ :कूल गार्हस्थ उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात**

| Year | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|
| Ratio of Excise to GDP | 3.16 | 2.65 | 3.14 | 3.44 | 2.68 |
| Ratio of IT to GDP | 5.04 | 5.61 | 5.39 | 5.36 | 4.68 |
| Ratio of VAT to GDP | 6.22 | 5.72 | 6.61 | 6.48 | 5.32 |

**चित्र नं. २ कुल गार्हस्थ उत्पादनमा मू.अ.कर, आयकर तथा अन्तःशुल्कको अनुपात**



तालिका २ मा कूल गार्हस्थ उत्पादनसँग मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क अनुपात विश्लेक्षण गरिएको छ। जस अनुसार कूल गार्हस्थ उत्पादनमा मूल्य अभिवृद्धि करको योगदान आ.व २०७५/७६ मा ६.२२ प्रतिशत, आ.व.२०७६/०७७ मा ५.७२ प्रतिशत, २०७७/०७८ मा ६.६१ प्रतिशत, आ.व २०७८/७९ मा ६.४८ प्रतिशत र आ.व. २०७९/०८० मा ५.३२ प्रतिशत रहेको छ।

आयकरतर्फ कूल गार्हस्थ उत्पादनसँगको अनुपातमा आ.व. २०७५/७६ मा ५.०४ प्रतिशत रहेकोमा आ.व २०७९/८० मा ४.६८ प्रतिशत पुगेको छ जवकी यस्तो अनुपात २०७६/७७, २०७७/७८ र २०७८/०७९ मा क्रमश ५.७२, ६.६१ र ६.४८ प्रतिशत रहेको थियो।

यसैगरि कूल गार्हस्थ उत्पादनमा अन्तःशुल्कको योगदान आ.व. २०७५/७६ मा ३.१६ प्रतिशतबाट वृद्धि भई आ.व २०७८/७९ मा आइपुग्दा ३.४४ प्रतिशत पुगेकोमा आ.व २०७९/८० मा केही न्यून भई २.६८ प्रतिशत पुगेको छ।

विगत ५ वर्षको तथ्यांकलाई विश्लेषण गर्दा कर राजस्वका प्रत्येक क्षेत्रको योगदान प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। करदाताको कर परिपालनामा भएको वृद्धि, कर कानूनको प्रभावकारी कार्यान्वयन, नीतिगत क्षेत्रमा भएका सुधार एवं प्रणालीगत सुधार जस्ता कुराहरुले कूल ग्रार्हस्थ उत्पादनमा कर राजस्वको अनुपात बढेको छ। तर आ.व २०७६/७७ को पछिल्लो ४ महिनामा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीका कारणबाट अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्न गई राजस्व संकलनमा समेत गिरावट आएको देखिन्छ भने आ.व. २०७८/७९ मा अघिल्लो आ.व को तुलनामा राजस्व संकलनमा केहि बृद्धि हुन गएको देखिन्छ। साथै आ.व.२०७९/०८० मा रुस युक्रेन युद्ध, तरलता संकटका कारण लगानीयोग्य पुँजीका अभाव तथा विदेशी विनिमय संचितिमा देखिएको संकुचनलाई अस्थायी रुपमा सम्बोधन गर्न सरकारले अपनाएका आयात नियन्त्रणका नीतिगत औजरहरुले राजस्व संकलनमा नकारात्मक प्रभाव पारेको देखिन्छ।

## २.३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागबाट संकलन हुने राजस्वको योगदान आ.व २०७६/७७ सम्म बढ्दै गएको र त्यसपछिका आ.व.हरुमा केही कमी आएतापनि आ.व.२०७९/८० मा बृद्धि भई ५०.१३ प्रतिशत पुगेको देखिन्छ। तालिका ३ मा विगत ५ वर्षमा संकलन भएको राजस्वको तथ्यांकलाई विश्लेषण गरिएको छ। जस अनुसार आर्थिक वर्ष २०७५/७६ मा कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान करिव ४१.६९ प्रतिशत रहेकोमा आ.व २०७८/७९ मा आईपुग्दा ४५.२७ प्रतिशत पुगेको र आ.व २०७९/८० मा ५०.१३ प्रतिशत रहेको देखिन्छ।

**तालिका ३ : कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान**

(रु. अर्वमा)

| Year | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|
| Total Revenue (bn) | 829.63 | 793.75 | 938.32 | 1067.96 | 957.15 |
| IRD's Collection(bn) | 358.36 | 384.42 | 429.12 | 483.48 | 479.79 |
| Share % | 41.69 | 48.43 | 45.75 | 45.27 | 50.13 |

चित्र नं. ३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान




## २.४ राजस्वको संरचनागत योगदान

कर राजस्वको दायरा विस्तार भई कूल राजस्व संकलनमा कर राजस्वको अंश उल्लेखनीय रुपमा बृद्धि भएको छ। कर प्रशासनको प्रभावकारीता र यसले बहन गरेको उत्तरदायित्व, करदाताको कर सहभागीता लागत र समयमा क्रमशः अपेक्षित सुधार हुँदै जानु साथै कर कानूनका नीतिगत मार्गदर्शनहरु समय सापेक्ष रुपमा उचित दिशातर्फ उन्मुख हुँदै जानु लगायतका कारणहरुले कर राजस्वको दायरा तथा योगदानलाई वृद्धि गर्दै लगेको छ।

तालिका: ४ आ.व. २०७९/८० मा राजस्वको संचरनात्मक योगदान

(रु. अर्बमा)

| राजस्वको प्रकार | रकम |
|---|---|
| कर राजस्व | ८६५.६२ |
| गैह्र कर राजस्व | ९१.५३ |
| कूल राजस्व | ९५७.१५ |

आ.व. २०७९/८० को कूल राजस्वको संकलन रु.९ खर्व ५७ अर्ब १५ करोड भएकोमा कर राजस्व रु.८ खर्व ६५ अर्व ६२ करोड संकलन भएको छ भने गैह्र कर राजस्व रु.९१ अर्ब ५३ करोड संकलन भएको छ। कूल राजस्व संकलनमा गत आ.व. २०७८/७९ मा कर राजस्वको हिस्सा ९२.१५ प्रतिशत रहेकोमा यस आ.व २०७९/८० मा ९०.४४ प्रतिशत रहेको देखिन्छ।

चित्र नं. ४ आ.व. २०७९/०८० मा राजस्वको संरचनात्मक योगदान




तालिका ५ : आ.व. २०७९/८० को शीर्षकगत राजस्व संकलनको बनौट

(रु. अर्बमा)

| राजस्व प्रकार | रकम |
|---|---|
| भन्सार महसुल | १७३.५० |
| मू. अ. कर | २९०.६० |
| अन्त:शुल्क | १३६.२९ |
| आयकर | २४९.५८ |
| अन्य कर | १५.६५ |
| **कूल कर राजस्व** | **८६५.६२** |
| **गैर कर राजस्व** | **९१.५३** |
| **जम्मा राजस्व** | **९५७.१५** |

चित्र नं. ५ आ.व. २०७९/०८० को शीर्षकगत राजस्व संकलन



## २.५ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

तालिका ६ मा कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा कूल कर राजस्व रु.७५९.०१ अर्ब मध्ये रू. ३५८.३५ अर्ब करिव ४७.२१ प्रतिशत आन्तरिक राजस्व विभागबाट संकलन भएको थियो। आर्थिक वर्ष २०७९/८० मा रू. ८६५.६२ अर्ब कर राजस्व संकलन भएकोमा आन्तरिक राजस्व विभागबाट रू.४७९.७९ अर्ब करिव ५५.४३ प्रतिशत संकलन भएको देखिन्छ। यस अनुसार कूल कर राजस्वमा आन्तरिक राजस्व विभागबाट संकलित राजस्व अनुपात वृद्धि भएको देखिन्छ।

### तालिका: ६ कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

(रु. अर्वमा )

| Heading | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|
| Total Tax Revenue (bn) | 759.01 | 700 | 870.11 | 984. 16 | 865.62 |
| IRD's Collection(bn) | 358.35 | 384.45 | 429.27 | 483.48 | 479.79 |
| IRD's Share on Tax Revenue | 47.21% | 54.92% | 49.34% | 49.13% | 55.43 |

### चित्र नः ६ कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान



## २.६ महाशाखा तथा शाखागत विवरण तथा विश्लेषण

### २.६.१ प्रशासकीय पुनरावलोकन शाखा

प्रशासकीय पुनरावलोकन शाखाबाट आर्थिक वर्ष २०७९/०८० मा गरेका कार्यहरुको प्रगति विवरण तपशिल बमोजिम रहेको छ।

**तालिकाः ७ प्रशासकीय पुनरावलोकन कार्य प्रगति**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७८/७९ बाट जिम्मेवारी सरेर आएका निवेदन | १२९५ |
| २ | आर्थिक वर्ष २०७९/८० दर्ता हुन आएका निवेदनको संख्या | ७०९ |
| ३ | जम्मा निवेदन संख्या (१+२) | २००४ |
| ४ | आर्थिक वर्ष २०७९/०८० मा फछ्र्यौट भएका निवेदनको संख्या | ६८४ |
| ५ | आर्थिक वर्ष २०८०/८१ को लागि जिम्मेवारी सरी गएका निवेदन संख्या (३-४) | १३२० |

१. आ.व. २०७८/७९ बाट आ.व.२०७९/८० को लागि जम्मा १२९५ निवेदन जिम्मेवारी सरी आएको र आ.व.२०७९/०८० मा जम्मा ७०९ वटा प्रशासकीय पुनारावलोकनको लागि दर्ता गरिएका थिए।

२. आ.व. २०७८/७९ बाट जिम्मेवारी सरी आएका र आ.व २०७९/८० मा दर्ता भएका समेत जम्मा २००४ निवेदन मध्ये आ.व. २०७९।०८० मा जम्मा ६८४ वटा निवेदनहरु नियमित प्रक्रिया अन्तरर्गत फर्छ्यौट गरिएका छन्।

३. उपर्युक्त अनुसार जिम्मेवारी सरी आएका र नयाँ दर्ता भएका समेत जम्मा २००४ निवेदन मध्ये फछ्र्यौट भएका जम्मा ६८४ घटाई बाँकी रहेका १३२० निवेदन आ.व.२०८०/०८१ को लागि जिम्मेवारी सारिएको छ।

### २.६.२ संचालन महाशाखा

#### २.६.२.१ करदाता सेवा शाखा

करदाता सेवा शाखाले करको दायरा फराकिलो बनाउने, कर सहभागिताको स्तरमा सुधार गर्ने, करदातालाई करका औपचारिकता पूरा गर्न सक्षम बनाउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, कर प्रशासनको प्रभावकारिताको लागि सूचना संकलन गर्ने, करदाताका सूचनाहरुको भण्डारण गर्ने, यसको उपयोग गर्नका लागि आन्तरिक रूपमा सूचना प्रवाह गर्ने, करदातालाई विद्युतीय माध्यमबाट सेवा लिनसक्ने र कार्यालयले सेवा दिन सक्ने गरी नवीन प्रविधिको विकासमा जोड दिने लगायतका कार्यहरु गर्दछ। यसका साथै करदाताबाट प्राप्त भएका विवरण र तथ्यांकहरू प्रशोधन गरी सूचना प्रणालीमा भण्डारण गर्ने, प्रशोधित हुन नसकेका विवरण र राजस्व जोखिम रहेका करदाता एवं विवरणको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको लागि सूचना उपलब्ध गराउने कार्यमा क्रियाशील छ। कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र सरोकारवालासँग निरन्तर अन्तरकृया गर्ने र समग्र कर प्रणाली सुधारका लागि प्रशासनिक, कार्यविधिगत र नीतिगत सुधार गर्दै लैजाने तथा विभाग मातहतका कार्यालय तथा

करदाताबीच सम्पर्क विन्दु(Focal Point)का रुपमा समन्वय र सहजीकरण गर्ने कार्य पनि यस शाखावाट हुँदै आएको छ।

**(क)करको दायरा विस्तारः**

- आर्थिक वर्ष २०७९/८० मा १,४२,६९९ करदातालाई व्यवसायिक स्थायी लेखा नम्बर (PAN) प्रदान गरिएको र यस आर्थिक वर्षसम्ममा व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या १८,७६,३०५ पुगेको छ।
- आर्थिक वर्ष २०७९/८० मा ६,१३,४८३ जनालाई व्यक्तिगत स्थायी लेखानम्बर (P -PAN) प्रदान गरिएको र यस आर्थिक वर्षसम्ममा व्यक्तिगत स्थायी लेखानम्वर लिने करदाताको संख्या ३६,४९,६१४ पुगेको छ।
- आर्थिक वर्ष २०७९/८० मा २४,१८९ करदाताहरू मू.अ.करमा दर्ता भएका छन्। यस आर्थिक वर्षको अन्तसम्ममा ३,०८,४७७ करदाताहरू मूल्य अभिवृद्धि करको दायरामा समेटिएका छन्।
- आर्थिक वर्ष २०७९/८० मा अन्तःशुल्क तर्फ १,१६,६७५ करदातालाई अन्तःशुल्कको इजाजतपत्र प्रदान तथा नवीकरण गरिएको छ।
- आर्थिक वर्ष २०७९/८० मा १०,०२८ सरकारी तथा अन्य संस्थाहरूलाई Withholder PAN (W-PAN) प्रदान गरिएको र यस आर्थिक वर्षको अन्तसम्ममा २८,१०७ करदाताले Withholder PAN प्राप्त गरेका छन्।

करदाताको कारोवारको सीमाको आधारमा मूल्य अभिबृद्धि करमा दर्ता हुने शुरुको व्यवस्था र मूल्य अभिवृद्धि कर कानूनले केही व्यवसायलाई करको दायरा बाहिर राखेकोले करदाताको अवस्था फरक देखिन्छ। आ.व २०७९/०८० मा स्थायी लेखा नम्बर ७,६६,२१० लाई प्रदान गरिएको छ भने मूल्य अभिबृद्धि कर तर्फ २४,१८९ करदाताहरू थप भएका छन्। यसै गरी आ.व. २०७९/८० सम्ममा १,१६,६७५ करदाताहरूले अन्तःशुल्कको ईजाजत पत्र प्राप्त तथा नवीकरण गरेको देखिन्छ।करदाता दर्ता हुने विगतदेखिको प्रवृत्तिगत अवस्था हेर्दा हरेक आर्थिक वर्षमा उल्लेख्य संख्यामा नयाँ करदाताहरु करको दायरामा समेटिएको देखिन्छ।

**(ख) करदाता शिक्षा कार्यक्रमः**

देशभर ७९४ वटा करदाता शिक्षा, अन्तर्क्रिया तथा तालिम कार्यक्रमहरु सम्पन्न भएका छन्।

करदाता शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइएको छ।

**(ग) कर सहभागितामा बृद्धिः**

- आर्थिक वर्ष २०७८/७९ मा १०,५७,४९० आय विवरण प्राप्त भएकोमा आ.व २०७९/८० मा ११,३५,२१७ आय विवरण प्राप्त भएको छ।
- आर्थिक वर्ष २०७८/०७९ मा ४,७१,२३० अग्रिम कर कट्टीको विवरण प्राप्त भएकोमा आ.व. २०७९/०८० मा ६,२६,८१९ अग्रिम कर कट्टी विवरण प्राप्त भएको छ।

- २०७६ सालको असार महिनामा मूल्य अभिवृद्धि करमा समग्र विभागको ननफाईलर १०.७८ प्रतिशत २०७७ सालको असार महिनामा १२.११ प्रतिशत २०७८ सालको असार महिनामा १०.६५ प्रतिशत २०७९ सालको असार महिनामा १५.५० प्रतिशत र २०८० सालको असार महिनामा ३७.५३ प्रतिशत करदाता ननफाईर रहेका छन्।
- आर्थिक वर्ष आ.व. २०७८/७९ देखि करदाता स्वंयमले आफ्नो विवरण आफै अद्यावधिक गर्न सक्ने प्रणालीगत व्यवस्था भए वमोजिम सो वर्षमा जम्मा १०,१५,९१० करदाताहरुको विवरण अद्यावधिक गरेकोमा आ.व २०७९/८० मा ३,३६,४५८ करदाताहरुको विवरण'KYT) बाहेक अद्यावधिक भएको छ।
- आर्थिक वर्ष २०७८/०७९ मा १२,६१९ आय विवरणको Rapid verification गरी रू.६५,११,३३ हजार कर निर्धारण भएकोमा आ.व २०७९/८० मा १०२१६ आय विवरणको Rapid verification गरी कर रू.४२,४६,०१ हजार कर निर्धारण गरिएको छ।

**तालिकाः ८ करको दायरा तथा कर सहभागिताको अवस्था**

| | | | | |
|---|---|---|---|---|
| **१** | **करको दायरा विस्तार** | **२०७७।०७८** | **२०७८/०७९** | **२०७९/८०** |
| | व्यवसायिक स्थायी लेखा नम्वर | २४५५६१ | २८४४३५ | १४२६९९ |
| | व्यक्तिगत स्थायी लेखा नम्वर | ५१७६१० | ७१८८०० | ६१३४८३ |
| | मूल्य अभिवृद्धि कर दर्ता | ३७८६८ | ३०९५६ | २४१८९ |
| | अन्तःशुल्क इजाजत | १०३४२३ | १३११२७ | ११६६७५ |
| | Withholder PAN | ४८९३ | ८०९८ | १००२८ |
| **२.** | **कर सहभागितामा बृद्धि** | | | |
| | आय विवरणको प्राप्ति | ९७०५६२ | १०५७४९० | ११३५२१७ |
| | आय विवरण ननफाइलर | ४९% | ४५% | ४७.७६% |
| | मूल्य अभिवृद्धिकर ननफाइलर (करदाता संख्याको आधारमा) | १०.६५% | १५.५०% | ३७.५३% |
| | मूल्य अभिवृद्धिकर विवरण प्राप्ति संख्या | २७१८३६३ | २८८६००४ | २७६८८९३ |
| | मूल्य अभिवृद्धि करमा प्राप्त विवरण मध्ये डेविट विवरण संख्या | ३०६०९८ | ३१५५४६ | ३१३०७८ |
| | मूल्य अभिवृद्धि करमा प्राप्त विवरण मध्ये क्रेडिट विवरण संख्या | १५२५८२१ | १६८९१४३ | १६२७४१४ |
| | मूल्य अभिवृद्धि करमा प्राप्त विवरण मध्ये शून्य विवरण संख्या | ८८६४४४ | ८८१३१५ | ८२८४०१ |
| | अग्रिम करकट्टी (e-TDS) विवरण प्राप्ति | २२९२८४ | ४७१२३० | ६२६८१९ |
| **३** | **भेरिफिकेशन** | | | |
| | Rapid verification No | ६२२१ | १२६१९ | १०२१६ |
| | Rapid verification Amount( 000) | ४२४२३६ | ६५११३३ | ४२४६०१ |

## मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था

आर्थिक वर्ष २०७७/७८ मा मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्थालाई हेर्दा जम्मा २७१८३६३ विवरण प्राप्त भएको देखिन्छ। प्राप्त विवरण मध्ये डेविट विवरण संख्या ३०६०९८ क्रेडिट विवरण १५२५८२१ र शुन्य विवरण ८८६४४४ रहेका थिए। जसको प्रतिशतको आधारमा डेविट विवरण ११.२६ प्रतिशत क्रेडिट विवरण ५६.१३ प्रतिशत र शुन्य विवरण ३२.६१ प्रतिशत रहेको अवस्था देखियो। आर्थिक वर्ष २०७८/७९ मा जम्मा विवरण २८८६००४ प्राप्त भएका थिए। जसमध्ये डेविट विवरणको संख्या ३१५५४६ क्रेडिट विवरण १६८९१४३ र शुन्य विवरण ८८१३१५ रहेका थिए। प्रतिशतको आधारमा हेर्दा सो वर्ष डेविट विवरण १०.९३ प्रतिशत क्रेडिट विवरण ५८.५३ प्रतिशत र शुन्य विवरण ३०.५४ प्रतिशत रहेको अवस्था देखियो। आर्थिक वर्ष २०७९/८० मा जम्मा विवरण २७६८८९३ विवरण प्राप्त भएका छन। प्राप्त विवरण मध्ये डेविट विवरण ३१३०७८ क्रेडिट विवरण १६२७४१४ र शुन्य विवरण ८२८४०१ रहेका छन। जसको प्रतिशतको आधारमा हेर्दा डेविट विवरण ११.३१ प्रतिशत क्रेडिट विवरण ५८.७७ प्रतिशत र शुन्य विवरण २९.९२ प्रतिशत रहेको देखिन्छ।

**तालिकाः ९ मूल्य अभिबृद्धि कर विवरणको संरचनात्मक अवस्था**

| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| Debit Returns (%) | ११.२६ | १०.९३ | ११.३१ |
| Credit Returns (%) | ५६.१३ | ५८.५३ | ५८.७७ |
| Zero Returns (%) | ३२.६१ | ३०.५४ | २९.९२ |
| Debit Amounts shown in M3 (billions) | १०.१३ | १३.०६ | १४.१८ |
| Credit Amounts shown in M3(billions) | ४०.९७ | ७०.३५ | ६९.८५ |
| Ratio of credit Amount to debit amount (Times) | ०.४० Times | ५.३८ Times | ४.९२ Times |

शुन्य विवरणको अवस्था हेर्दा आर्थिक वर्ष २०७७/७८ मा ३२.६१ प्रतिशत रहेकोमा अर्थिक वर्ष २०७८/७९ मा ३०.५४ प्रतिशत र अर्थिक वर्ष २०७९/८० मा २९.९२ प्रतिशत रहेको अवस्था विश्लेशण गर्दा सिमान्त विन्दुले मात्र शुन्य विवरणमा सुधार भएको देखिन्छ। यसलाई उल्लेख्य रुपमा घटाउन विभागले अन्तरगतका कार्यालयहरुको अनुगमन गर्दा थप प्राथमिकता दिनुपर्ने देखिन्छ।

## करदाता सेवा शाखाबाट सम्पादित अन्य कार्यहरु

### १.करदाता करदाता सेवा तर्फः

- करदाताहरुले आफैले ठेगाना परिर्वतन गर्न चाहेको अवस्थामा सम्वन्धित कार्यालयहरुमा निवेदन दिएका करदाताहरुको नियमित रुपमा कार्यलय स्थान्तरण/ ठेगाना परिर्वतन नियमित रुपमा आन्तरिक राजस्व कार्यालयहरुवाट Log Off/Log On को कार्य भईरहेको छ।

## २. राष्ट्रिय कर दिवस, २०७९

- राष्ट्रिय कर दिवस, २०७९ मूल समारोह आयोजक समिति र विभिन्न कार्यगत उपसमितिहरु गठन गरी २०७९ मार्ग १ गते विभागमा र कार्यालयहरुमा १ देखि ७ गतेसम्म सप्ताहव्यापी रुपमा भव्यताका साथ सम्पन्न गरियो। सोही अवसरमा राजस्वमा उल्लेखनीय योगदानगर्ने विभिन्न क्षेत्रका करदाताहरु र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्ने लगायत कर सम्वन्धी जागरण र सचेतना सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गरी सम्पन्न गरियो।

## ३. सूचना, प्रकाशन र प्रशारण

- करदाताहरुलाई कर कानूनमा भएका प्रावधानहरुका सम्बन्धमा सुसूचित गरी कर सहभागीता अभिवृद्धि गर्न विभिन्न जानकारीमूलक सूचनाहरु तयार गरी प्रसार प्रचार गरिएको।
- कर सम्बन्धी विद्यमान व्यवस्थाहरु तथा आर्थिक ऐन,२०८० ले प्रदान गरेका सुविधाहरु तथा कर कानूनहरुमा गरिएका परिवर्तनहरु सम्बन्धी सूचना प्रकाशन र प्रशारण गरिएको।

## ४. Call Centre मार्फत सेवा प्रवाह

Call Centre मार्फत सेवाग्राहीहरुको जिज्ञासाहरुको उत्तर दिने कार्य निरन्तररुपमा सम्पादन हुदै आएकोछ।

## ५. कार्यालय सहजिकरण इकाई मार्फत सेवा

विभाग अन्तर्गतका कार्यालयहरुबाट सेवा प्रवाह गर्ने क्रममा विभागको सूचना प्रणालीमा देखिएका समस्या तत्काल समाधान गरी सेवा प्रवाह कार्य सुचारु गर्ने उद्देश्यका साथ गठन गरिएको कम्प्यूटर अधिकृतहरु सम्मिलित Quick Response Team (QRT) को माध्यामबाट सहजिकरण गर्ने उद्देश्य मुताविक कार्य सम्पादन हुँदै आएको छ।

## ६. सूचना सम्प्रेषणको Focal Point का रुपमा कार्य

- आन्तरिक राजस्व विभागको आधिकारिक सूचनाहरु सम्प्रेषण गर्ने तथा सेवाग्राही, पत्रकार तथा करदाताहरुले माग गरेको विभिन्न सूचना तथा तथ्यांकहरु उपलब्ध गराउने सम्बन्धमा Focal Point का रुपमा रही कार्य सम्पादन गर्दै आएको छ।

## ७. हेलो सरकारको Focal Point का रुपमा कार्य

- यस शाखाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत संचालित हेलो सरकार कक्षबाट यस विभाग तथा अन्तर्गतका कार्यालयहरुका सम्बन्धमा प्राप्त गुनासोहरु समाधान गर्न Focal Pointको रुपमा रही गुनासो व्यवस्थापन गर्दै आएको छ।

## ८. Biometric प्रणालीको कार्यान्वयन

- Quality Registration को अभिन्न अंगको रुपमा रहेकको वायोमेट्रिक प्रणालीबाट करदाताको रेकर्ड अपडेट गरिदै आएकोमा हाल सबै किसिमको दर्तामा वायोमेट्रिक दर्तालाई अनिवार्य गरिएको छ। यस वर्ष ७ लाख २४ हजार करदाताको बायोमेट्रिक दर्ता अध्यावधिक भएको छ।

## ९. कार्यालय संख्या

हाल देशभर १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालयहरु र ३९ करदाता सेवा कार्यालयहरु गरि कूल ८४ कार्यालयहरुबाट सेवा प्रवाह भइरहेको छ।साथै डोल्पा, मुगु, रुकुम पश्चिम, रुकुम पूर्व र मुस्ताङ्गमा कोष तथा लेखा नियन्त्रक कार्यलयबाट स्थायी लेखा नम्बर जारी गर्ने कार्य भएको छ।

## १०. विद्युतिय कर बिजक सम्वन्धि कार्य

२०७९ साउन १ गते देखि लागूहुने गरि रु.१० करोड भन्दा माथिको सवै किसिमको कारोवार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतिय माध्यमवाट कर विजक जारी गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।

## ११. थप केहि उल्लेखनीय कार्यहरु

- विभागले आ.व २०७९/८० मा ३५ करोड भन्दा बढीको कारोवार गर्ने करदाताहरुको कारोवारलाई केन्द्रीय बिजक अनुगमन प्रणाली (CBMS) प्रणालीमा आवद्ध गर्ने नीति अनुरुप यस वर्ष सम्म १७०४ करदाताको कारोवारलाई प्रणालीमा आवद्धता गरिएको छ।
- यस वर्षमा Computer Billing अनुमति लिएका १४४३ करदाताको Billing Software को अनुगमन भएको छ।
- डे०३ आय विवरणको अनुसूची ५ मा सामान्य सुधार गरी मिति २०७९ साउन १ गते देखि लागू गरिएको छ।
- सवै सरकारी निकायहरु समेतलाई तत कार्यालयहरुबाट हुने सवै किसिमका भुक्तानीमा लाग्ने लाग्ने अग्रीमकर कट्टीको रकमलाई अनिवार्यरुपमा कट्टा गरी विद्युतीय माध्यामवाट विवरण पेश गर्नुपर्ने तथा त्यसरी कट्टा गरिएको रकमलाई अनिवार्य रुपमा E-TDS गरी Verify गर्ने व्यवस्था मिलाईएको छ।
- CBMS को नयाँ तथा सुधारिएको प्रणाली लागू गरिएको छ।

## २.६.२.२ कर फिर्ता शाखा

संचालन महाशाखा अन्तर्गत रहेको यस कर फिर्ता शाखाले कुटनीतिक निकायहरु तथा कुटनीतिज्ञहरुको मू.अ. कर फिर्ता गर्ने, अर्थ मन्त्रालयले मू.अ.कर छुटको सुविधा प्रदान गरेको अन्तराष्ट्रिय संस्थाको मू.अ.कर फिर्ता सम्बन्धी कार्य गर्ने लगायत मातहत कार्यालयहरुको कर फिर्ता सम्बन्धी कार्यको अनुगमन तथा सहजिकरण सम्बन्धी कार्यहरु गर्दै आईरहेको छ। यस शाखाले कर फिर्ता सम्बन्धमा आईपर्ने नीतिगत एवं कानूनी जटिलता निरुपणको निर्णयका लागि तालुक महाशाखा तथा माथिल्लो पद एवं निकायमा पेश गर्ने, कुटनैतिक सुविधाप्राप्त कुटनीतिज्ञ एवं कुटनीतिक निकायहरको मू.अ.कर फिर्ता कार्यलाई छिटो छरितो र सहज सम्पन्न गर्ने, मातहत कार्यलयहरुको कर फिर्ता सम्बन्धी कार्यप्रक्रिया सहजीकरण तथा अनुगमन गर्ने एवं कर फिर्ता सम्बन्धी कार्यहरुको अभिलेखीकरण लगायतका गतिबिधिहरु संचालन गर्दै आएको छ।

आ.व. २०७९/०८० मा कर फिर्ताको अवस्थालाई हेर्दा आन्तरिक राजस्व विभागमा कुटनीतिक नियोग, कुटनीतिज्ञ एवं विभिन्न कुटनीतिक एजेन्सीहरुको जम्मा ८५१ वटा कर फिर्ता दावीहरुवाट रु.५९,३१,९०,७४८।११ कर फिर्ता दाबी गरिएकोमा नियमानुसार दाबी गरेको रकम रु. ५२,४४,७८,९७०।९५ फिर्ता गर्ने निर्णय गरिएको छ। जसमध्ये ५८२ कुटनीतिक नियोग एवं कुटनीतिज्ञको

कूल जम्मा रु.१५,४५,९६,०५१।१६ फिर्ता दावी गरेकोमा रु.१,२७,४६,६१६।२३ फिर्ता अमान्य गरी रु.१४,१८,४९,४३४।९३ फिर्ता गर्ने निर्णय गरिएको छ। त्यस्तैगरी कुटनीतिक एजेन्सी/परियोजनाहरुको हकमा २६९ वटा क्लेम नं. हरुवाट रु.४३,८५,९४,६९६।९५ फिर्ता दावी गरिएकोमा रु.५,५९,६५,१६०।९३ फिर्ता अमान्य गरी रु.३८,२६,२९,५३६।०२ फिर्ता गर्ने निर्णय गरिएको छ।

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कर फिर्ताको अवस्थालाई हेर्दा आ.व. २०७९/०८० मा लगातार क्रेडिटको आधारमा, निकासीको आधार तथा परियोजनाहरुको जम्मा ८४० करदाताहरुवाट रु.१९,०१,५७,६३,२५५।६३ फिर्ता माग दावी गरिएकोमा ४९८ करदाताहरुको रु.४,०५,८०,७३,३८९।३४ फिर्ता गरेको देखिन्छ। यसरी हेर्दा आन्तरिक राजस्व विभाग र सो अन्तर्गत कार्यालयहरु समेतवाट यस आ.व.मा कूल ५८२ वटा कर फिर्ता दावीहरुवाट कुटनीतिक नियोग, कुटनीतिज्ञ एवं विभिन्न कुटनीतिक एजेन्सीहरुको जम्मा रु.५२,४४,७८,९७०।९५ र लगातार क्रेडिटको आधारमा तथा निर्यातकर्ताको लगायत ४९८ करदाताहरुको रु.४,०५,८०,७३,३८९।३४ समेत यस आ.व.मा कूल जम्मा रु.४,५८,२५,५२,३६०।२९ फिर्ता गरिएको छ।

### तालिकाः १० कर फिर्ता विवरण

(रु.अर्बमा)

| सि.नं. | आर्थिक वर्ष | दावी रकम | स्वीकृत रकम |
|---|---|---|---|
| १ | २०७९/०८० | १९.०१ | ४.५८ |
| २ | २०७८/०७९ | २३.६३ | ५.३७ |
| ३ | २०७७/०७८ | १८.५८ | ३.४२ |
| ४ | २०७६/०७७ | ६.६८ | ३.८० |
| ५ | २०७५/०७६ | ३.०६ | २.२६ |
| ६ | २०७४/०७५ | ५.६० | ४.५९ |
| ७ | २०७३/०७४ | ५.७८ | ४.७६ |
| ८ | २०७२/०७३ | ७.२२ | ४.२३ |
| ९ | २०७१/०७२ | ९.९१ | ५.०५ |

### तालिकाः११ कुटनीतिक कर फिर्ता विवरण

(रु.करोडमा)

| सि.नं. | आर्थिक वर्ष | दावी रकम | स्वीकृत रकम |
|---|---|---|---|
| १ | २०७९/०८० | ५९.३० | ५२.४३ |
| २ | २०७८/०७९ | २८.०८ | २३.०० |
| ३ | २०७७/०७८ | ७३.३८ | ६७.२२ |
| ४ | २०७६/०७७ | ४४.१५ | ४१.९४ |
| ५ | २०७५/०७६ | ४९.७३ | ३७.४५ |
| ६ | २०७४/०७५ | ५२.२५ | ३५.७९ |
| ७ | २०७३/०७४ | ६८.३२ | ५७.६१ |
| ८ | २०७२/०७३ | ६३.११ | ५४.५५ |
| ९ | २०७१/०७२ | ४८.१७ | ३९.८९ |
| १० | २०७०/०७१ | ६९.३४ | ३०.७२ |

कर फिर्ता दाबी रकमभन्दा फिर्ता दिईएको रकम कम हुनुमा दावीकर्ताले रितपूर्बकका बिलबिजक पेश गरेको नदेखिएकोले स्वीकृत रकम कम देखिएको हो।

### २.६.२.३ राजस्व संकलन तथा प्रक्षेपण शाखा

राजस्व संकलन तथा प्रक्षेपण शाखावाट आर्थिक वर्ष २०७९/०८० मा सम्पादन गरेका मुख्य मख्य कार्यहरुको विवरण तपशिल बमोजिम रहेको छ;

- मन्त्रालयवाट विभागलाई प्राप्त राजस्व संकलनको वार्षिक लक्ष्यलाई मासिक रुपमा कार्यालयगत लक्ष्य विभाजन गरिएको,
- मासिक एवं वार्षिक लक्ष्य बमोजिम राजस्व सकलन गर्न सबै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरुमा समन्वय सहजीकरण गरिएको,
- राजस्वको वार्षिक लक्ष्य प्राप्तीका लागि सवै कार्यालयहरुवाट कार्ययोजना माग गरि विभागको समग्र वार्षिक राजस्व संकलन कार्ययोजना तयर गरि सो बमोजिम कार्यसमपादन गरिएको,
- मासिक रुपमा राजस्व संकलनको मास्केवारी तयार गरी मन्त्रालयमा रिपोर्टिङ गरिएको
- विभागवाट सम्पादन गरिएका कार्यहरु समेटेर आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन तयार गरिएको,
- आर्थिक वर्ष २०७८/०७९ को राजस्व संकलनसंग सम्बन्धित तथ्यांकहरु समेटिएको वार्षिक आर्थिक विवरण तयार गरिएको,
- आर्थिक वर्ष २०८०/०८१ को लागि राजस्वको लक्ष्य प्रक्षेपण गरि अर्थ मन्त्रालयमा लक्ष्य प्रस्ताव गरिएको,
- राजस्व संकलनसंग सम्बन्धित विषयमा कार्यालयहरुवाट उठान भईआएका समस्याहरुको यथाशिघ्र समाधान गरिएको,
- राजस्व संकलन संग सम्बन्धित सूचना प्रविधि प्रणालीमा देखिएका समस्याहरुका विषयमा महालेखा नियन्त्रक कार्यालयसंग छलफल र समन्वय गरि समाधानको प्रयास गरिएको,
- Digital Service Tax र सो संग सम्बन्धित मूल्य अभिवृद्धि कर संकलनका लागि महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकसंग सामूहिक वैठक गरी विदेशवाट सोझै राजस्व खातामा रकम जम्मा हुने व्यवस्था कार्यान्वयनमा ल्याईएको,
- आगामी आर्थिक वर्षवाट कार्यान्वयनमा आउने विलासिता सेवा शुल्क, वैदेशिक रोजगार सेवा शुल्क र पर्यटन सेवा शुल्कको लागि नयां राजस्व शिर्षक प्रस्ताव गरी महालेखा परिक्षकवाट स्वीकृत गराई RAS System मा ईन्ट्री समेत गरिएको।

### २.६.२.४ अनुगमन तथा मूल्यांकन शाखा

बार्षिक नीति तथा कार्यक्रम बमोजिमको कार्य प्रगति प्रतिवेदन गर्ने, राजस्व असुली लगायत स्वीकृत कार्यमूलक परिसूचकहरुको मासिक अर्धबार्षिक बार्षिक लक्ष्य तथा कार्य प्रगतिको मासिक समिक्षा गर्ने, कार्यमूलक परिसूचक संशोधन तथा थपघट गर्ने, बिभाग मातहतका कार्यालयहरुको बिभागीय अनुगमन तथा निरीक्षण कार्यक्रमको समन्वय तथा संयोजन गर्ने, महानिर्देशक, उपमहानिर्देशक, निर्देशक र कार्यालय प्रमुख बीच कार्यसम्पादन सम्झौता गरी समग्र बिभागको राजस्व असुली तथा कार्यमूलक परिसूचकको कार्यान्वयन

तथा कार्य सम्पादन व्यवस्थापन लगायतका कार्य यस शाखावाट सम्पादन हुदै आएको छ। आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको कार्य सम्पादन स्तरलाई थप गुणस्तरीय, सेवाग्राहीमैत्री एवं प्रविधिमैत्री बनाउने उद्देश्यले आ.व. २०७९/०८० मा ४४ वटा आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरुको अनुगमन सम्पन्न गरियो। अनुगमनमा महानिर्देशक ज्यूबाट कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न, कर परीक्षण तथा अनुसन्धानको कार्यलाई थप गुणस्तरीय बनाउन, सेवाप्रवाहलाई छिटो, छरितो एवं थप प्रविधिमैत्री बनाउन, उच्च मनोवल, सदाचार र सुशासनमा जोड दिई कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

आर्थिक वर्ष २०७९/८० का लागि कार्यालयहरुको राजस्व संकलन एवं अन्य कार्यगत परिसूचकहरुमा गरेको प्रगतिका आधारमा गरिएको मूल्याङ्कनका आधारमा देहाय बमोजिम ग्रेडिङ गरिएको छः

आ.व.२०७९/०८० मा आन्तरिक राजस्व कार्यालयहरूलाई तोकिएको कार्यगत लक्ष्य र प्रगति अनुसारको विभागको समग्र कार्यसम्पादन ७७.८८ प्रतिशत रहेको तथा कार्यालयहरुको राजस्व संकलन एवं अन्य कार्यगत परिसूचकहरुमा गरेको प्रगतिका आधारमा गरिएको मूल्याङ्कनका आधारमा देहाय बमोजिम ग्रेडिङ गरिएको छः

### तालिकाः १२ कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर

| S.N. | OFFICE NAME | AUDIT | | COLLECTION | | INVESTIGATION | | TPS | | TOTAL | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | SCORE | GRADE | SCORE | GRADE | SCORE | GRADE | SCORE | GRADE | SCORE | GRADE |
| 1 | 35-Inland Revenue Office Jorpati | 103.78 | A++ | 86.65 | A+ | | | 81.32 | A | 92.17 | A+ |
| 2 | 2502-Inland Revenue Office Maharajgunj | 102.71 | A++ | 85.62 | A+ | | | 81.04 | A | 91.31 | A+ |
| 3 | 1901-Inland Revenue Office Kawasoti | 106.76 | A++ | 78.99 | A | | | 79.7 | A | 90.28 | A+ |
| 4 | 2701-Inland Revenue Office Putalisadak | 98.33 | A++ | 83.57 | A | | | 80.61 | A | 88.73 | A+ |
| 5 | 51-Inland Revenue Office Dang | 100.87 | A++ | 77.43 | A | | | 83.8 | A | 88.40 | A+ |
| 6 | 12-Inland Revenue Office Biratnagar | 106.97 | A++ | 68.74 | B | | | 83.88 | A | 87.82 | A+ |
| 7 | 11-Inland Revenue Office Bhadrapur | 104.45 | A++ | 72.16 | B | | | 81.76 | A | 87.48 | A+ |
| 8 | 2702-Inland Revenue Office New Baneshwor | 104.71 | A++ | 74.29 | B | | | 77.73 | A | 87.32 | A+ |
| 9 | 1301-Inland Revenue Office | 95.34 | A++ | 82.34 | A | | | 81.25 | A | 87.27 | A+ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Itahari | | | | | | | | | | |
| 10 | 1102-Inland Revenue Office Damak | 92.04 | A+ | 85.69 | A+ | | | 80.83 | A | 87.02 | A+ |
| 11 | 18-Inland Revenue Office Hetauda | 102.85 | A++ | 70.56 | B | | | 79.85 | A | 85.80 | A+ |
| 12 | 24-Inland Revenue Office Bhairahawa | 92.49 | A+ | 76.24 | A | | | 80.59 | A | 83.83 | A |
| 13 | 30-Inland Revenue Office Krishnanagar | 96.9 | A++ | 71.21 | B | | | 79.85 | A | 83.65 | A |
| 14 | 34-Inland Revenue Office Lalitpur-2 | 96.72 | A++ | 70.5 | B | | | 80.65 | A | 83.53 | A |
| 15 | 2801-Inland Revenue Office Tripureshwor | 91.56 | A+ | 76.33 | A | | | 80.32 | A | 83.42 | A |
| 16 | 2201-Inland Revenue Office Damauli | 89.6 | A+ | 76.48 | A | | | 83.15 | A | 83.40 | A |
| 17 | 26-Inland Revenue Office Nepalganj | 90.43 | A+ | 75.37 | A | | | 82.59 | A | 83.20 | A |
| 18 | 2703-Inland Revenue Office Battishputali | 97.76 | A++ | 69.12 | B | | | 76.63 | A | 82.45 | A |
| 19 | 17-Inland Revenue Office Birgunj | 95.26 | A++ | 68.44 | B | | | 81.36 | A | 82.40 | A |
| 20 | 23-Inland Revenue Office Lalitpur-1 | 103.54 | A++ | 58.51 | C | | | 79.17 | A | 81.69 | A |
| 21 | 53-Middle Level Taxpayer Office | 89.34 | A+ | 78.82 | A | 70.8 | B | 90.34 | A+ | 81.30 | A |
| 22 | 22-Inland Revenue Office Pokhara | 89.9 | A+ | 76.04 | A | | | 74.55 | B | 81.21 | A |
| 23 | 2505-Inland Revenue Office Kalimati | 96.39 | A++ | 65.12 | B | | | 78.22 | A | 80.90 | A |
| 24 | 2504-Inland Revenue Office Kalanki | 93.36 | A+ | 65.11 | B | | | 82.78 | A | 80.83 | A |
| 25 | 2803-Inland Revenue Office Thamel | 96.66 | A++ | 63.88 | C | | | 78.4 | A | 80.62 | A |
| 26 | 21-Inland Revenue Office | 94.43 | A+ | 66.86 | B | | | 76.86 | A | 80.39 | A |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Mahendranagar | | | | | | | | | | |
| 27 | 52-Large Taxpayer Office | 87.23 | A+ | 75.26 | A | 74.4 | B | 87.21 | A+ | 80.39 | A |
| 28 | 2601-Inland Revenue Office Surkhet | 86.37 | A+ | 71.9 | B | | | 79.21 | A | 79.52 | A |
| 29 | 2802-Inland Revenue Office Nayasadak | 94.08 | A+ | 62.17 | C | | | 78.14 | A | 78.93 | A |
| 30 | 15-Inland Revenue Office Lahan | 77.16 | A | 79.01 | A | | | 81.55 | A | 78.91 | A |
| 31 | 19-Inland Revenue Office Bharatpur | 91.23 | A+ | 62.34 | C | | | 81.47 | A | 78.68 | A |
| 32 | 2901-Inland Revenue Office Dhulikhel | 103.48 | A++ | 50.61 | C | | | 77.83 | A | 78.56 | A |
| 33 | 16-Inland Revenue Office Simra | 77.49 | A | 73.14 | B | | | 82.99 | A | 77.34 | A |
| 34 | 2503-Inland Revenue Office Balaju | 80.96 | A | 68.62 | B | | | 80.63 | A | 76.56 | A |
| 35 | 2101-Inland Revenue Office Dadeldhura | 73.68 | B | 75.88 | A | | | 80.25 | A | 76.09 | A |
| 36 | 14-Inland Revenue Office Janakpur | 68.84 | B | 81.06 | A | | | 79.55 | A | 75.79 | A |
| 37 | 29-Inland Revenue Office Bhaktapur | 82.63 | A | 66.57 | B | | | 72.78 | B | 74.55 | B |
| 38 | 13-Inland Revenue Office Dharan | 69.56 | B | 75.61 | A | | | 80.24 | A | 74.35 | B |
| 39 | 20-Inland Revenue Office Dhangadi | 68.31 | B | 75.61 | A | | | 82.05 | A | 74.30 | B |
| 40 | 2705-Inland Revenue Office Koteshwor | 77.99 | A | 65.23 | B | | | 73.12 | B | 72.31 | B |
| 41 | 2704-Inland Revenue Office Chabahil | 79.41 | A | 59.19 | C | | | 78.9 | A | 72.21 | B |
| 42 | 33-Inland Revenue Office Butwal | 73.06 | B | 67.63 | B | | | 73.6 | B | 71.29 | B |
| 43 | 2202-Inland Revenue Office | 66.92 | B | 62.41 | C | | | 78.22 | A | 68.17 | B |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Baglung | | | | | | | | | | |
| 44 | 2501-Inland Revenue Office Tangal | 60.59 | C | 62.18 | C | | | 70.16 | B | 63.54 | C |
| 45 | 2602-Inland Revenue Office Jumla | 16.42 | D | 49.39 | D | | | 62.29 | C | 39.43 | D |

## तालिकाः १३ करदाता सेवा कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर

| S.N. | OFFICE NAME | COLLECTION | | TPS | | TOTAL | |
|---|---|---|---|---|---|---|---|
| | | SCORE | GRADE | SCORE | GRADE | SCORE | GRADE |
| 1 | 2205-Taxpayer Service Office Kushma | 103.81 | A++ | 95.11 | A++ | 98.59 | A++ |
| 2 | 1101-Taxpayer Service Office Illam | 103.53 | A++ | 93.62 | A+ | 97.58 | A++ |
| 3 | 2401-Taxpayer Service Office Parasi | 102.76 | A++ | 93.17 | A+ | 97.01 | A++ |
| 4 | 1902-Taxpayer Service Office Khairhani | 102.84 | A++ | 92.8 | A+ | 96.82 | A++ |
| 5 | 2203-Taxpayer Service Office Beshisahar | 102.16 | A++ | 92.34 | A+ | 96.27 | A++ |
| 6 | 3002-Taxpayer Service Office Sandhikharka | 99.72 | A++ | 93.43 | A+ | 95.95 | A++ |
| 7 | 3301-Taxpayer Service Office Tansen | 91.33 | A+ | 93.77 | A+ | 92.79 | A+ |
| 8 | 1302-Taxpayer Service Office Dhankuta | 102.47 | A++ | 85.3 | A+ | 92.17 | A+ |
| 9 | 3001-Taxpayer Service Office Taulihawa Kapilbastu | 105.16 | A++ | 82.57 | A | 91.61 | A+ |
| 10 | 2506-Taxpayer Service Office Galchhi | 92.66 | A+ | 90.88 | A+ | 91.59 | A+ |
| 11 | 5101-Taxpayer Service Office Salyan | 86.98 | A+ | 94.49 | A+ | 91.49 | A+ |
| 12 | 2204-Taxpayer Service Office Syangja | 93.48 | A+ | 86.19 | A+ | 89.11 | A+ |
| 13 | 5102-Taxpayer Service Office Chakchake Pyuthan | 89.04 | A+ | 88.92 | A+ | 88.97 | A+ |
| 14 | 1601-Taxpayer Service Office Gaur | 83.67 | A | 89.47 | A+ | 87.15 | A+ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 15 | 3302-Taxpayer Service Office Tamghas Gulmi | 79.9 | A | 91.05 | A+ | 86.59 | A+ |
| 16 | 2206-Taxpayer Service Office Gorkha | 83.29 | A | 88.76 | A+ | 86.57 | A+ |
| 17 | 2102-Taxpayer Service Office Dipayal Silgadhi | 88.73 | A+ | 85.01 | A+ | 86.5 | A+ |
| 18 | 2902-Taxpayer Service Office Charikot | 102.18 | A++ | 75.68 | A | 86.28 | A+ |
| 19 | 1103-Taxpayer Service Office Phidim | 87.28 | A+ | 85.33 | A+ | 86.11 | A+ |
| 20 | 1404-Taxpayer Service Office Sindhuli | 76.18 | A | 88.58 | A+ | 83.62 | A |
| 21 | 1304-Taxpayer Service Office Bhojpur | 83.01 | A | 76.72 | A | 79.24 | A |
| 22 | 1603-Taxpayer Service Office Kalaiya | 78.47 | A | 77.64 | A | 77.97 | A |
| 23 | 1501-Taxpayer Service Office Gaighat | 72.57 | B | 77.8 | A | 75.71 | A |
| 24 | 1202-Taxpayer Service Office Pathari | 67.72 | B | 80.18 | A | 75.2 | A |
| 25 | 1401-Taxpayer Service Office Bardibash | 77.29 | A | 73.21 | B | 74.84 | B |
| 26 | 1201-Taxpayer Service Office Biratchowk | 74.46 | B | 71.52 | B | 72.7 | B |
| 27 | 2603-Taxpayer Service Office Gulariya | 63.9 | C | 75.04 | A | 70.58 | B |
| 28 | 1303-Taxpayer Service Office Khandbari | 78.37 | A | 62.24 | C | 68.69 | B |
| 29 | 1403-Taxpayer Service Office Malangawa | 70.95 | B | 53.14 | C | 60.26 | C |
| 30 | 1402-Taxpayer Service Office Jaleshwor | 55.98 | C | 63 | C | 60.19 | C |
| 31 | 2903-Taxpayer Service Office Manthali | 52.12 | C | 61.94 | C | 58.01 | C |
| 32 | 1505-Taxpayer Service Office Okhaldhunga | 47.27 | D | 57.53 | C | 53.43 | C |
| 33 | 1602-Taxpayer Service Office Chandrapur | 39.66 | D | 52.16 | C | 47.16 | D |
| 34 | 1503-Taxpayer Service Office Khotang | 46.4 | D | 43.53 | D | 44.68 | D |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 35 | 2103-Taxpayer Service Office Sanphebagar | 43.73 | D | 44.73 | D | 44.33 | D |
| 36 | 1405-Taxpayer Service Office Lalbandi | 41.09 | D | 43.98 | D | 42.82 | D |
| 37 | 2001-Taxpayer Service Office Lamki | 39.86 | D | 42.05 | D | 41.17 | D |
| 38 | 1502-Taxpayer Service Office Rajbiraj | 39.86 | D | 41.45 | D | 40.81 | D |
| 39 | 1504-Taxpayer Service Office Lukla | 60.66 | C | 7.08 | D | 28.51 | D |

विभागको सूचना प्रणालीमा प्रविष्ट विवरण तथा तथ्यांकको आधारमा समग्र मूल्याकनमा आ.व.२०७९।०८० मा ११ वटा कार्यालयले A+, २५ वटा कार्यालयहरुले A, ७ वटा कार्यालयहरुले B, १ वटा कार्यालयले C र बाँकी १ कार्यालयले D ग्रेड प्राप्त गरेका छन्। त्यसैगरी, करदातासेवा कार्यालयहरुमा ६ वटा कार्यालयले A++, १३ वटा कार्यालयहरुले A+, ५ वटा कार्यालयहरुले A, ४ वटा कार्यालयहरुले B, ४ वटा कार्यालयले C र बाँकी ७ कार्यालयले D ग्रेड प्राप्त गरेका छन्। शाखागत अधारमा करदाता सेवा शाखाको प्रगति उत्साहजनक छ भने संकलन तर्फको प्रगति मध्यम र कर परिक्षण शाखाको प्रगति न्यून रहेको छ। कर संकलन तर्फको प्रगति शुरु लक्ष्यको आधारमा गणना गरिएको छ।

## २.६.२.५ कर परीक्षण व्यवस्थापन शाखा

यस विभाग अन्तर्गत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयहरुको लागि आ.व.२०७९/०८० मा कर परीक्षण लागि लक्ष्य निर्धारण गरिएको विवरण तालिकामा समावेश छ।उक्त लक्ष्यको आधारमा कार्यालयहरुबाट यस आ.व.मा सम्पादन भएका समग्र कार्य प्रगति, कामको सिलसिलामा आइपरेको अवरोध तथा समस्या/चुनौतीहरु र आगामी बर्षमा सुधारको लागि गर्नुपर्ने अपेक्षित पहलको रुपरेखा समेत देहायअनुसार प्रस्तुत गरिएको छ।

आ.व.२०७९/०८० मा पूर्ण कर परीक्षणको लागि विभागबाट स्वीकृत परिसूचकहरुको आधारमा विभाग अन्तरगतका कार्यालयहरुलाई पूर्ण कर परीक्षण (Full Audit) तर्फ नयाँ छनौट तर्फ ४२०० र बाँकी बक्यौता रहेको पुरानो छनौट तर्फ २३३९ समेत जम्मा ६५३९ विवरण कर परीक्षणको वार्षिक लक्ष्य तोकिएको थियो। सो लक्ष्य मध्ये ५२७६ करदाताको विवरण परीक्षण गरी निर्धारित लक्ष्यको तुलनामा ८०.६८ प्रतिशत प्रगति हासिल भएको छ।

उक्त संख्यात्मक लक्ष्य वाहेक रु.१५ अर्ब ५० करोड नोक्सानी घटाउने लक्ष्य रहेकोमा रु.२६ अर्ब ६० करोड नोक्सानी घटाई निर्धारित लक्ष्यको तुलनामा १७१.६१ प्रतिशत उत्साहजनक प्रगति हासिल भएको छ।

आय कर निर्धारण तर्फ रु.१० अर्ब ५० करोड आयकर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.१५ अर्ब ३२ करोड १८ लाख आयकर निर्धारण भई लक्ष्यको तुलनामा १४५.९२ प्रतिशत प्रगति हासिल भएको छ। त्यस्तै रु.२ अर्ब ७५ करोड मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.४ अर्ब २१ करोड २७ लाख मू.अ.कर निर्धारण

भई निर्धारित लक्ष्यको १५३.१९ प्रतिशत प्रगति हासिल भएको छ। अन्तःशुल्क तर्फ रु.१२ करोड ५० लाख अन्तःशुल्क निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.३३ करोड ६२ लाख अन्तःशुल्क निर्धारण भई निर्धारित लक्ष्यको तुलनामा २६९ प्रतिशत प्रगति हासिल भएको छ। प्रति करदाता औषत नोक्सानी रु.१ करोड ५६ लाख घटेको, प्रति करदाता औषत रु.२७ लाख ६ हजार आयकर निर्धारण भएको, प्रति करदाता औषतमा रु.५ लाख ६९ हजार मू.अ.कर निर्धारण भएको र प्रति करदाता रु.२२ हजार अन्तःशुल्क निर्धारण भएको देखिन्छ। सम्रगमा कर निर्धारणको Per Case Yield रु.३२ लाख ९८ हजार रहेको छ।

चालु बर्षको कर परीक्षण तर्फ ७०० करदाताको कर परीक्षण गर्ने लक्ष्य निर्धारण रहेकोमा ६८२ करदाताको कर परीक्षण सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा ९७.४३ प्रतिशत प्रगति हासिल भएको छ। गत आ.व.को संख्यात्मक प्रगती ६०९ को तुलनामा यस वर्ष ६८२ करदाताको चालु वर्षको कर परीक्षण भई गत आ.व.को तुलनामा १११ प्रतिशत प्रगती भएको छ। त्यसै गरी रु.५१ करोड मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.५९ करोड २८ लाख मू.अ. कर निर्धारण भई लक्ष्यको तुलनामा ११६.२४ प्रतिशत प्रगति हासिल हुँदा प्रति करदाता रु.८ लाख ६९ हजार मू.अ.कर निर्धारण भएको छ। अग्रिम कर कट्टी परीक्षण तर्फ २५५० करदाताको कर परीक्षण गर्ने लक्ष्य रहेकोमा २५१८ करदाताको कर परीक्षण गरी लक्ष्यको तुलनामा ९८.७४ प्रतिशत प्रगति हासिल भएको छ साथै रु.१०४ करोड ६० लाख माग भई लक्ष्यको तुलनामा २३२.४५ प्रतिशत प्रगति हासिल भएको देखिन्छ। प्रति करदाता औषत रु ४ लाख १० हजार माग श्रृजना भएको देखिन्छ। त्यस्तै गत आ.व.मा रहेको अग्रिम कर कट्टी परीक्षण तर्फको संख्यात्मक प्रगती २४४७ बाट बढेर यस वर्ष २५१८ पुगेको छ जुन गत आ.व.को तुलनामा १०३ प्रतिशत बृद्धि रहेको छ। बजार अनुगमनमा १८००० हजार करदाताको कारोवार स्थल अनुगमन गर्ने लक्ष्य रहेकोमा १८ हजार ९ सय ९५ करदाताको वजार अनुगमन हुन गई निर्धारित लक्ष्यको तुलनामा १०५.५२ प्रतिशत प्रगति हासिल भएको छ भने वजार अनुगमनबाट रु.१ करोड ५ लाख जरिवाना निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.२ करोड ६८ लाख जरिवाना निर्धारण भई निर्धारित लक्ष्यको तुलनामा २५४.१३ प्रतिशत प्रगति हासिल भएको छ। यस आ.व.मा दर्ता खारेजी तर्फ VAT De-registration of old CB को कर परीक्षणको लक्ष्य ७९ हजार ३ सय ५९ रहेकोमा २९ हजार ६७ करदाताको DX भई लक्ष्यको तुलनामा ३६.६२ प्रतिशत प्रगति हासिल भएको भएता पनि गत आ.व.को प्रगती १२८४० रहेकोमा चालु वर्षमा २९०६७ करदाताको DX भई गत आ.व.को प्रगतिको तुलनामा २२६ प्रतिशत प्रगति भएको देखिन्छ। ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयहरुको लागि समूह परीक्षणको लक्ष्य ५ वटा ग्रुप करदाताको कर परीक्षण गर्न तोकिएकोमा २ वटा ग्रुपको कार्य सम्पन्न भई लक्ष्यको ४० प्रतिशत प्रगति हासिल भएको छ भने मू.अ.कर निर्धारण तर्फ रु.२ करोड लक्ष्य तोकिएकोमा रु.२ लाख ९७ हजार प्रगति र आयकर तर्फ रु.४ करोड लक्ष्य तोकिएकोमा रु.८२ लाख ३६ हजार कर निर्धारण भई लक्ष्यको तुलनामा क्रमशः मू.अ.करमा १.४९ प्रतिशत तथा आयकरमा २०.५९ प्रतिशत प्रगति हासिल भएको देखिन्छ। समग्रमा आ.व.२०७९।०८० मा कर परीक्षण व्यवस्थापन शाखाको केही सूचकहरुको बाहेक अन्य सूचकको प्रगतिलाई उत्साहजनक नै मान्नु पर्ने हुन्छ।

कर परीक्षण तर्फको आ.व.२०७९।०८० का लागि कायम गरिएको कूल विभागीय लक्ष्यहरु र सो बमोजिम हासिल भएको प्रगति विवरण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

| Internal Monitoring System (EIMS) | | | | |
|---|---|---|---|---|
| Target Performance Summary Report upto Asadh - 7980 | | | | |
| Audit Section | | | | |
| Indicator Code | Indicators | Target | Performance | Percentage(P) |
| | **Full Audit(No.)** | | | |
| 374 | Total (Vat, ITx & Excise) New Selection | 4200 | 3150 | 75 |
| 66 | Total (Vat, ITx & Excise) Old Selection | 2339 | 2142 | 91.58 |
| | **Target for Assessment** | | | |
| 36 | Full Audit AA in ITx (in '000) | 10500000 | 15335575 | 146.05 |
| 37 | Full Audit MA in VAT (in '000) | 2750000 | 4231749 | 153.88 |
| 38 | Full Audit Excise Assessment (in '000) | 125000 | 326283 | 261.03 |
| 107 | Full Audit Loss Recovery(in '000) | 15500000 | 26744586 | 172.55 |
| | **Current Year Audit** | | | |
| 149 | Current Year Audit of VAT (No) | 700 | 682 | 97.43 |
| 150 | CYA MA in VAT (in '000) | 510000 | 592844 | 116.24 |
| 151 | TDS Audit ( No) | 2550 | 2519 | 98.78 |
| 152 | TDS Demand (Rs in 000) | 450000 | 1046073 | 232.46 |
| | **De-registration** | | | |
| 65 | De-registration of current CB as per taxpayer request | 0 | 2897 | 100 |
| 231 | IT and VAT De registration of old CB appliation (No) | 79359 | 26213 | 33.03 |
| | **Market Monitoring** | | | |
| 171 | Market Monitoring (No) | 12250 | 13247 | 108.14 |
| 242 | Fine and Penalty from market monitoring (000) | 10558 | 28591.29 | 270.8 |
| | **Group Audit** | | | |
| 207 | Group Audit (No) | 5 | 2 | 40 |
| 198 | AA from Group Audit (Rs. 000) | 40000 | 8236 | 20.59 |
| 241 | MA From Group Audit (Rs. 000) | 20000 | 297 | 1.49 |

उल्लेखित तथ्याङ्कहरुको आधारमा कर परीक्षण व्यवस्थापन शाखाको आ.व.२०७९/०८० को लागि निर्धारण गरिएका कूल विभागीय लक्ष्यहरु र सो बमोजिम हासिल भएको प्रगति विवरण समेतको आधारमा विश्लेषण गर्दा आर्थिक गतिविधीमा उत्तारचढाव आएको यो अवस्थामा हासिल गरेको उपर्युक्त प्रगतिलाई सन्तोषजनक नै मान्नु पर्ने देखिन्छ।

**आगामी दिनमा गर्नुपर्ने पहलहरुः**

१. कार्यालयलाई आवश्यक पर्ने जनशक्ति समयमा नै पदपूर्ति गर्ने व्यवस्था मिलाउने।

२. कर परीक्षणको गुणस्तर बृद्धिका लागि नियमित रूपमा सवै कर अधिकृत तथा प्रमुख कर अधिकृतलाई आवश्यकताको आधारमा स्वदेशी तथा विदेशी तालिमको व्यवस्था गर्ने।

३. चालु वर्षको कर परीक्षणलाई प्रभावकारी बनाउन करदाता छनौट प्रकृयालाई अझ वैज्ञानिक बनाउदै लैजाने र छनौट भएका करदाताको अनिवार्य रुपमाचालु आ.व. मै कर परीक्षण सम्पन्न गर्ने।

४. नियोजित रुपमा हुने कर छली सम्वन्धमा कारवाही गर्ने कर प्रशासन पूर्ण रुपमा प्रणाली मैत्री वन्ने वातावरण तयार गर्ने।

५. कर परीक्षण कार्यलाई गुणस्तरीय, वस्तुनिष्ट र पेशागत निष्ठामा आधारित बनाउनको लागि दण्ड र पुरस्कारको व्यवस्था गर्ने।

६. कार्यालयबाट कर परीक्षणको समयमा उठेका नीतिगत तथा कर परीक्षण सम्बन्धी Issues सम्बन्धमा द्विविधा भइ सोधनी भई आएका विषयमा एकरुपता हुने गरी नीतिगत तथा कानूनगत रुपमा सुधार गर्ने। सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी प्रणाली एकीकरणको माध्यमबाट डाटा सेयरिङ गर्ने व्यवस्था मिलाई कर परीक्षण कार्यमा उपयोग गर्ने।

**कर परीक्षण व्यवस्थापन शाखाबाट गरिने मूख्य कार्यहरुः**

१. जोखिम सूचकांकहरु परिमार्जन गरी स्वीकृत गराउनेः कर परीक्षणको लागी करदाता Full Audit तर्फ पुरानो र नयाँ छनौट भएको करदातालाई विभाजन गरी अंक भार विभाजन।

२. कर परीक्षणको लागि करदाता छनौट गर्नेः Full Audit, TDS Audit, CYA को समयमा छनौट गरी कार्यालयबाट पनि समयमा छनौट कार्य गरि सम्बन्धीत सूचकहरुको लक्ष्य निर्धारण।

३. कर परीक्षणको अनुगमन गर्नेः छनौट भएका करदाताको कार्यालयगत अनुगमन गरी परीक्षणबाट देखिएका विविध विषयमा सुझाव दिइएको।

४. कागजातको ढाँचा तोक्नेः अनुसूची ५ को परिमार्जन गरी थप व्यवस्थित बनाईएको।

५. मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २० उपदफा (४क) बमोजिम कर परीक्षणको क्रममा म्याद गएका फायलको अनुमती दिने।

कर परीक्षण व्यवस्थापन शाखाले आ.व.२०७९/०८० मा सम्पादन गरिएका मूख्य कार्य र शाखासँग सम्बन्धीत कार्यहरुको लक्ष्यको आधारमा कार्यालयहरुबाट यस आ.व.मा सम्पादन भएका समग्र कार्य प्रगती देहाय अनुसार प्रस्तुत गरिएको छः

१. Risk Engine को परिमार्जन गरिएको।

२. पुराना फायलहरुको Inventory घटाउने उद्देश्यले पूर्ण कर परीक्षणको कार्यसम्पादनमा पुराना र नयाँ छनौटलाई आधार मानी फायलहरुको कर परीक्षण गर्ने व्यवस्था गरिएको र यसको कारणले पूराना फायलहरुको परीक्षण हुने क्रम बढेको।

२. आयकर तर्फ ATR को निर्माण गरिएको।

३. संशोधित कर निर्धारण तर्फ आयकर ऐन २०५८ को दफा १२० को सूचना ATR र AMS आवद्ध गरिएको।

४. कर परीक्षणलाई गुणस्तरीय बनाउन अनुसूचीहरुको परिमार्जन गरिएको।

५. अग्रीम कर कट्टीको अन्तिम सूचनाबाट सृजना भएको माग रकम अग्रीम कर कट्टीको भए AMS र आयकर भए ATR मा जाने व्यवस्था मिलाईएको।

६. द्रुत कर परीक्षणबाट आ.व.२०७६/०७७ सम्मको आयकर तर्फको माग रकम AMS मा स्वचालित रुपमा जाने र आ.व.२०७७/०७८ देखिको आयकर तर्फको रकम स्वचालित रुपमा ATR मा जाने व्यवस्था मिलाईएको।

७. आय विवरणमा संलग्न अनुसूचीहरुमा परिमार्जन गरिएको।

## २.६.२.६ बक्यौता तथा बेरुजू शाखा

### बक्यौता तर्फ

नेपालमा ब्यवसाय, रोजगारी र लगानीवाट करयोग्य आय आर्जन गर्ने ब्यक्तिले आयकर ऐन, २०५८ को दफा ९६, मूल्य अभिबृद्धि कर ऐन, २०५२ , तथा अन्तःशुल्क ऐन, २०५८ को अनुसार स्वयमं घोषणा गरी आय विवरण पेश गर्नु पर्ने ब्यवस्था रहेको छ। आय विवरण बमोजिमको रकम तोकिएको समय भित्र दाखिला नगरेमा तथा कर परीक्षण तथा अनुसन्धानवाट कर निर्धारण भएमा तथा अन्य कुनै कारणवाट आन्तरिक राजस्व कार्यालयवाट आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क तथा साविकमा कर प्रशासनले कार्यान्वयन गर्ने करहरु प्रचलित कानून वमोजिम निर्धारण भई तोकिएको समय भित्र दाखिला नभएका रकम बक्यौता कायम रहन्छ। त्यसरी कायम भएको बक्यौता रकमहरुको अभिलेख राख्ने, बक्यौता संकलनको मासिक तथा वार्षिक कार्यालयगत लक्ष्य निर्धारण गर्ने, बक्यौता संकलन रणनीति तयार गर्ने, बक्यौता संकलन प्रगति अनुगमन गर्ने, कार्यालयहरुवाट बक्यौता सम्वन्धी विषयहरुमा सोधिएका विषयहरुमा प्रष्ट पार्ने लगायतका कार्यहरु यस शाखाको कार्यक्षेत्र अन्तगत पर्दछन्। नेपालमा कर प्रशासनको शुरुवात देखि आ.ब.२०७९/८० को अन्त सम्ममा आईपुग्दा लागेको ब्याज, थप दस्तुर, विलम्व शुल्क समेत उठ्न बाँकी कूल बक्यौता रकम रु १ खर्व १३ अर्व ७ करोड ५८ लाख रहेको छ भने कर कार्यालयहरुवाट भएको कर निर्धारण उपर करदाताले चित्त नबुझाई आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनमा रहेको तथा अन्य न्यायीक निकायमा अपिलमा रहेको विवादित रकम रु १ खर्व ४५ अर्व ७७ करोड ८९ लाख रहेको छ।

आ.ब २०७९/८० मा ४२०० करदाताको संकलन भ्रमण गर्ने लक्ष्य रहेकोमा ४६०० भई लक्ष्यको तुलनामा १०९.५२ प्रतिशत प्रगति भएको छ। वक्यौता संकलन तर्फ आ.व. २०७९/८० मा आयकर तर्फ रु.८ अर्व ३ करोड १९ लाख लक्ष्य रहेकोमा रु.७ अर्व ९६ करोड ८१ लाख असुल भै लक्ष्यको तुलनामा ९९.१७ प्रतिशत प्रगति भएको छ भने मू.अ.कर तर्फ रु.३ अर्व ५९ करोड १० लाख लक्ष्य रहेकोमा रु.७ अर्व ९४ करोड ८७ लाख असुल भै लक्ष्यको तुलनामा २२१ प्रतिशत प्रगति भएको छ। बक्यौता समायोजनतर्फ आयकर तर्फ रु.१८ अर्व ६८ करोड ७४ लाख लक्ष्य रहेकोमा रु.१६ अर्व ६३ करोड १० लाख असुल भै लक्ष्यको तुलनामा ८९ प्रतिशत प्रगति भएको छ भने मू.अ.कर तर्फ रु.७ अर्व ७२ करोड

२९ लाख लक्ष्य रहेकोमा रु.१६ अर्व ६९ करोड ७० लाख  असुल भै लक्ष्यको तुलनामा २१६.२ प्रतिशत प्रगति भएको छ। कानूनी कारवाही गरी असुल गर्ने कूल लक्ष्य रु ६ अर्व ६० करोड  २५ लाख रहेकोमा रु २ अर्व ९६ करोड ४० लाख प्रगति भै लक्ष्यको तुलनामा ४४.८५ प्रगति भएको छ।

**तालिकाः १४ आ.व. २०७९/८० सम्मको बक्यौताको विवरण**

(रु.हजारमा)

| शिर्षक | बक्यौता रकम | | अपिलमा रहेको रकम | | जम्मा रकम | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| आयकर | १३६८२२ | ५९४०८४८६ | २८०८ | १२७६९४५४९ | १३९६३० | १८७१०३०३६ |
| मू.अ.कर | १२९४८५ | ५११२६००७ | २३१८ | १४६४१११० | १३१८०३ | ६५७६७११८ |
| अन्तःशुल्क | १५०५ | १६१५६५७ | १६४ | ३१३७५६८ | १६६९ | ४७५३२२५ |
| अन्य | २५७१ | ९२५७१० | १५३ | ३०५७३२ | २७२४ | १२३१४४१ |
| **जम्मा** | **२७०३८३** | **११३०७५८६२** | **५४४३** | **१४५७७८९५९** | **२७५८२६** | **२५८८५४८२२** |

२०८०/०३/३२ सम्मको व्याज समेत गणना गरिएको

**<u>बेरुजु तर्फ</u>**

विभाग तथा अन्तर्गत कार्यालयहरुको वेरुजु अभिलेख राख्ने, बेरुजु फछ्र्यौटको मासिक तथा वार्षिक लक्ष्य निर्धारण गर्ने, वेरुजु फछ्र्यौटको रणनीति तयार गर्ने, बेरुजु फछ्र्यौटको प्रगति अनुगमन गर्ने, वेरुजु फछ्र्यौटको मासिक प्रगति तयार गर्ने, म.ले.प. प्रतिवेदनहरुको जवाफ तयार गर्ने, ठूला करदाता कार्यालय, मध्यमस्तरिय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुलाई बेरुजु फछ्र्यौट सम्बन्धी विषयमा आवश्यक समन्वय तथा निर्देशन दिने, अर्थ मन्त्रालय तथा महालेखा परीक्षकको कार्यालयमा बेरुजु फस्यौट विषयमा आवश्यक समन्वय गर्ने लगायतका कार्यहरु यस शाखावाट सम्पादन हुने गर्दछ। आर्थिक वर्ष २०७९/८० आषाढ मसान्त सम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको रु.२ अर्ब २१ करोड ७ लाख  ६१ हजार बेरुजु फछ्र्यौट भएको छ। आ.ब २०७९/८० को शुरुवातमा  कुल बेरुजु रकम रु.४९ अर्ब ६५करोड ५० लाख ४१ हजार बेरुजु भएकोमा कुल फछ्र्यौट लक्ष्यको ४.४५ प्रतिशत प्रगति भएको छ। आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको बेरुजु ७६ अर्ब १ करोड ४२ लाख रहेको छ।

### २.६.३ सूचना प्रविधि व्यवस्थापन महाशाखा

**व्यवस्थापन सूचना प्रणाली शाखा, सूचना सञ्चार प्रविधि शाखा,  सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखाबाट सूचना प्रविधिमा आ.व.२०७९/८० मा सम्पन्न भएका कार्यहरु**

| क्र.सं. | सम्पन्न कार्यहरु |
|---|---|
| १ | अनुसूची-१३ मा अग्रिम कर कट्टी रकम दाखिला गर्न बाँकी (TDS Payable ) र TDS Payable मध्ये आय विवरण पेश गरेको मितिसम्म दाखिला गर्न बाँकी रकमको विवरण प्रविष्टि गर्ने गरी प्रणालीमा अद्यावधिक गरिएको। |

| | |
|---|---|
| २ | अनुसूची-१३ मा वार्षिक एक करोडभन्दा बढीको तलब ज्याला भुक्तानी गर्ने करदाताले कट्टी गरी भुक्तानी गरेको कर रकम र तलव ज्यालासमेत सबै अन्य भुक्तानीमा कर कट्टी गरेको रकमको दाखिला विवरण प्रविष्टि गर्ने गरी प्रणालीमा परिमार्जन गरिएको। |
| ३ | डे-०२ को आय विवरणमा गत वर्ष बढि दाखिला भएको कर सार्न मिल्ने (क्रेडिट मिलान TC) व्यवस्था गरिएको र आयकर ऐन, २०५८ को दफा ११७ को शुल्क, दफा ११८ र ११९ को ब्याज स्वचालित रुपमानै गणना हुने गरी प्रणालीगत सुधार गरिएको। |
| ४ | आर्थिक ऐन, २०७९ ले व्यवस्था गरे अनुसार प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को निःसर्गबाट भएको लाभमा तिर्नुपर्ने करको दरमा संशोधन गरे बमोजिम आय विवरणको अनुसूची - ८ को फाराम परिमार्जन गरी स्वचालित रुपमा कर गणना हुने गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| ५. | आर्थिक ऐन, २०७९ ले व्यवस्था गरे अनुसार व्यवसाय सञ्चालनमा संलग्न नरहेको वासिन्दा प्राकृतिक व्यक्तिको आयमा १ प्रतिशतले कर लाग्ने गरी अनुसूची १ मा करको दर तोकिएकोले सो बमोजिम आय घोषणा गर्न आय विवरणको नयाँ फाराम अनुसूची-८(क) तयार गरी प्रणालीमा परिमार्जन गरिएको। |
| ६ | आ.व.२०७८/७९ देखि डे-०२ र डे-०३ को आय विवरण भर्ने क्रममा सब्मिशन नम्बर लिने फाराममा कारोबार रकम, नाफा रकम र कारोबारको किसिम छनौट गरेपछि उक्त एकलौटी फर्मले डे-०१, डे-०२ र डे-०३ मध्ये कुन आय विवरण भर्न मिल्ने भन्ने सम्बन्धमा करदातालाई प्रणालीबाट स्वचालित रुपमा जानकारी गराउने व्यवस्था गरिएको। |
| ७ | आर्थिक ऐन, २०८० ले गरेको छुट तथा सुविधाहरु र करका दरहरुमा गरेको संशोधन बमोजिम एकीकृत कर प्रणाली (ITS) प्रणालीमा अद्यावधिक गरिएको। |
| ८ | विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र प्रिन्ट गर्दा आवश्यक तथ्यांक आय विवरणबाट स्वचालित रुपमा आउने व्यवस्था गरिएको। |
| ९ | विगतमा डे-०१ आय विवरण पेश गर्ने करदाताहरुले आम्दानी रसिदहरुबाट कर दाखिला गरेकाले नन फाइलर देखिएको र नगदी रसिदबाट दाखिला भएको कर रकम प्रविष्टी गर्न सक्ने व्यवस्था नभएकाले नगदी रसिदका आधारमा प्रविष्टि गर्न मिल्ने गरी प्रणालीगत सुधार गरिएको। |
| १० | मूल्य अभिवृद्धि करमा स्वतः दर्ता खारेजी (Force Deregistration) भएका करदाताहरुको मुल्य अभिवृद्धि कर बक्यौताको विवरण (VAT) को Outstanding Report मा FD (Force Deregistration ) को बक्यौता भनी छुट्टै चिन्ने गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| ११ | Transaction Details of Income Tax Non-filers र Transaction Summary of Income Tax Non-filers को प्रतिवेदन हेर्न सकिने गरी Income Tax Non-filer Transactions Report विकास गरिएको। |
| १२ | व्यावसायिक छुट तथा सुविधाहरु लिएका करदाताहरुको विवरण Tax Exemption Report Summary र Tax Exemption Report Details को प्रतिवेदन हेर्न सकिने गरी Tax Exemption Report विकास |

| | |
|---|---|
| | गरिएको। |
| १३ | नियन्त्रणमा परिवर्तन भएका करदाताहरुले पेश गरेको आय विवरणको अभिलेख Change In Control (CIC) Return Details र Change In Control (CIC) Return Summary प्रतिवेदन हेर्न सकिने गरी Change In Control Return Report विकास गरिएको। |
| १४ | अग्रिम कर कट्टी गर्ने व्यक्ति/भुक्तानीकर्ताले अग्रिम कर कट्टी हुने बासिन्दा प्राकृतिक व्यक्तिको वार्षिक ४० लाख रुपैंया भन्दा बढिको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गरेको e-TDS विवरण P-PAN Income from E-TDS above 40 Lakhs Details Report र P-PAN Income from e-TDS above 40 Lakhs Summary Report हेर्न सकिने गरी P-PAN Transaction Report विकास गरिएको। |
| १५ | कर प्रणालीको प्रक्रिया पुनःर्सरचना (Business Process Reengineering-BPR) सम्बन्धमा अध्ययन गराउन GIZ RAS Project मार्फत विज्ञ नियुक्ती भई अध्ययन कार्य सुरु भएको। |
| १६ | ३० करोडमा माथि आय विवरण बुझाउने करदातालाई केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS) मा आबद्ध गर्ने कार्य गरिएको।करदाताले विभागले CBMS बाट उपलब्ध गराएको प्रणालीबाट विजक जारी गर्न सक्ने प्रणाली विकास गरी परीक्षणको क्रममा रहेको। |
| १७ | विभागको सूचना प्रविधि प्रणालीको नियमित अनुगमन गरी प्राप्त मासिक प्रतिवेदनमा उल्लिखित सुझावहरु कार्यान्वयन गरिएको। |
| १८ | आर्थिक ऐन, २०७९ बमोजिम नयाँ करको रुपमा गैर बासिन्दा व्यक्तिले नेपालमा प्रदान गर्ने विद्युतीय सेवामा लाग्ने डिजिटल सर्भिस ट्याक्स र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरे अनुसार सो करको प्रयोजनको लागि दर्ता फाराम र मूल्य अभिवृद्धि कर विवरण तयार गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| १९ | व्यवस्थापन गोष्ठी २०७९ ले तयार गरेका विभिन्न सुधारका कार्यहरु प्रणालीमा अद्यावधिक/सुधार गरिएको। |
| २० | नयाँ पदस्थापन भएका कर्मचारी तथा कार्यरत कर्मचारीहरुलाइ विभागमा तथा कार्यालयमा भौतिक रुपमा उपस्थित भई एकीकृत कर प्रणाली एवं CBMS का व्यवस्था सम्बन्धी तालिम प्रदान गरिएको। |

### २.६.४ अन्तःशुल्क तथा अनुसन्धान महाशाखा

#### २.६.४.१ अन्तःशुल्क व्यवस्थापन तथा अन्तःशुल्क नीति विश्लेषण शाखा

**आर्थिक बर्ष २०७९/०८० मा अन्तःशुल्क व्यवस्थापन तथा नीति विश्लेषण शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरु**

१) साविकको अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण, २०७६) लाई समसामयिक परिमार्जन गरी अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण, २०७९) जारी भई कार्यान्वयनमा आएको।

२) अन्तःशुल्क नियमावली, २०५९ मा चौबिसौं संशोधन मार्फत सुर्ती खैनी गुट्खा पान मसला स्वीट सुपारी वा यस्तै प्रकारका वस्तुलाई संवत् २०८१ साल बैशाख १ गतेबाट लागु हुने गरी प्लाष्टिक बाहेकका जैविक रुपमा सडेर जाने (बायोडिग्रेडेवल) सामग्रीमा मात्रै प्याकिङ्ग गर्नु पर्ने गरी नीतिगत व्यवस्था गरिएको।

३) अन्तःशुल्क टिकट छपाईका लागि मद्रास सेक्युरिटी प्रिन्टर्स प्रा. लि. चेन्नई, भारतसँग १० अक्टोवर, २०२२ मा खरिद सम्झौता भई विभिन्न ४२ प्रकारका ९ अर्ब ७७ लाख थान अन्तःशुल्क टिकट छपाई कार्य अगाडि बढाइएको। अन्तःशुल्क टिकटहरुको डिजाइन, सुरक्षण विशेषता र नमुना टिकट स्वीकृत भई बिभागले तोकेको प्राथमिकता बमोजिम आपुर्तिको शुरु भएको।

४) सर्वोच्च अदालतको मिति २०७६।११।१२ को निर्देशनात्मक आदेश बमोजिम स्वदेशी मुद्रण उद्योगहरुले अन्तःशुल्क टिकट छपाई गर्न पुरा गर्नु पर्ने मापदण्ड २०७९ तयार पारी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएकोमा अर्थ मन्त्रालयको मिति २०८०।०३।२७ को निर्णयानुसार स्वीकृत भएको।

५) अन्तःशुल्कजन्य कारोवार गर्ने भौतिक नियन्त्रण प्रणाली अन्तरगतका सबै उद्योग प्रतिष्ठानहरु र स्वयं निष्कासन प्रणाली अन्तरगतका चुरोट तथा गुट्खा उद्योगहरु र अन्य सुर्तिजन्य वस्तु उत्पादन गर्ने ५ करोडभन्दा बढि कारोवार भएका उद्योगहरुलाई विद्युतीय विजक जारी गर्नु पर्ने व्यवस्था लागु गरिएको।

६) Integrated Tax System मा अन्तःशुल्कको Audit Trial Report (ATR), Return Detail (RD) र मासिक विवरण प्राप्त गर्न सकिने गरी प्रणाली सुधार एवम् सुचना प्रविधि शाखासँगको समन्वयमा प्रणाली सुधारको कार्य सम्पन्न गरी हाल परीक्षणका रुपमा लागु गरिएको र पूर्ण कार्यान्वयनमा ल्याउने तयारीमा रहेको।

७) भौतिक नियन्त्रण अन्तरगतका अन्तःशुल्कजन्य उत्पादन वाइनलाई ३७५ मिलि साइज र ड्राफ्ट वियर १० लिटर केगमा उत्पादन अनुमति खुला गरिएको।

८) भौतिक नियन्त्रण प्रणाली अन्तरगत उत्पादन हुने वस्तुमा प्रयोग गरिने लेवलका सम्वन्धमा अन्तराष्ट्रिय असल अभ्यास र घरेलु आवश्यकता समेतका आधारमा लेवलिङ्ग सम्वन्धी सामान्य मापदण्ड तयार गरी विभागको मिति २०७९।०४।२५ को निर्णयानुसार कार्यान्वयनमा ल्याइएको।

९) अवैध मदिरा नियन्त्रणका लागि स्थानीय प्रहरी समेतको सहभागितामा २२६ पटक र संभावित नक्कली अन्तःशुल्क टिकट एवम् अवैध मदिरा नियन्त्रणका लागि १८२० पटक बजार अनुगमन सम्पन्न गरिएको।

१०) यस अवधिमा १३१२३० अन्तःशुल्क इजाजत/नविकरण गरिएको साथै भौतिक नियन्त्रण प्रणाली अन्तरगतका प्रतिष्ठानहरुको २४३ पटक अनुगमन सम्पन्न गरिएको।

११) मदिराको शक्ति, चुरोटको लम्वाई तथा अन्य सुर्तीजन्य पदार्थको कुल तौल परीक्षणका लागि बजारबाट नमुना संकलन गरी परीक्षण प्रतिवेदनका आधारमा कैफियत देखिएका प्रतिष्ठानहरुलाई कानूनी कारवाही गरिएको।

१२) आर्थिक बर्ष २०७९/०८० मा ६६ वटा उद्योग प्रतिष्ठानहरुलाई मदिराका १३६, बियरका ३२, वाइनका १८, चुरोटका ४, बिँडीको १ र अन्य सूर्तीजन्य वस्तुका ३३ गरी कुल २२४ वटा ब्राण्डका वस्तु उत्पादन गर्न व्यवसायिक उत्पादनको पूर्व स्वीकृति प्रदान गरिएको।

## २.६.४.२ सूचना संकलन, जोखिम विश्लेषण तथा अनुसन्धान शाखा

**<u>सम्पादन भएका प्रमुख कार्यहरू:</u>**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय, हेलो सरकार, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र वित्तीय जानकारी इकाइ लगायत अन्य निकायहरुबाट प्राप्त तथा विभागमा प्राप्त उजुरी तथा सूचनाहरुको छानविनको लागि सम्वन्धित कार्यालयमा पठाउने, ताकेता गर्ने, अनुगमन गर्ने तथा सम्बन्धित निकायमा लेखी पठाउने काम नियमित रुपमा भएको।

- सम्पत्ति शुद्धीकरण तथा आतंकबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा नेपालको पारस्परिक मूल्याङ्कन कार्यको लेखाङ्कन कार्यको लागि FATF Recommendations को आधारमा आन्तरिक राजस्व विभागले गरेका कार्य प्रगति सम्वन्धी विषयमा Technical Compliance Report र Effectiveness Report लेख्ने कार्यमा सहभागी भई विभागलाइ तोकिएको जिम्मेवारी पूरा गरिएको।

- बहुमूल्य धातु वा बस्तुको कारोबार गर्ने व्यवसायीलाई जारी गरिएको निर्देशन ,२०७७ र स्वीकृत अवकाश कोषलाई जारी गरिएको निर्देशनलाई अंग्रेजी भाषामा अनुवाद गरी विभागको Website मा रखिएको।

- AML/CFT तर्फ नियमनकारी निकायका हैसियतले सूचक संस्थाहरूको अनुगमन प्रकृयालाई व्यवस्थित, गुणस्तरीय र नतिजाउन्मुख बनाउनका लागि बहुमूल्य धातु वा वस्तुको कारोबार गर्ने व्यवसायी र स्वीकृत अवकाशकोषका लागि छुट्टा छुट्टै अनुगमन मार्गदर्शन स्वीकृत गरी लागु गरिएको।

- कर छली राजस्व चुहावट नियन्त्रण तथा राजस्व संकलन अभिवृद्धिका लागि आवश्यक सूचना आदान/प्रदान र समन्वयका लागि सम्पत्ति शुद्धीकरण विभाग,भन्सार विभाग र राजस्व अनुसन्धान विभाग सँग पारस्परिक समझदारी ( MOU) गरिएको।

- सम्पत्ति शुद्धीकरण ( मनि लाउण्डरिङ्ग ) निवारण ऐन,२०६४ तथा प्रचलित ऐन कानून बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङकारी क्रियाकलापमा वित्तीय लगानी एंव आम बिनासकारी हात हतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी एंव सम्बद्ध कसूरको विश्लेषण एंव अनुसन्धान सम्बन्धमा एक आपसमा प्रभावकारी रूपमा सहयोग आदान प्रदान तथा सहजीकरण गर्नका लागि नियमनकारी निकाय तथा अनुसन्धानकारी निकायका हैसियतले वित्तीय जानकारी इकाइसँग पारस्परिक समझदारी कायम गरिएको।
- झुट्टा तथा नक्कली बीजक खरिद गरी शंकास्पद कारोबार गर्ने विभिन्न १९८६ वटा करदाताहरू छनौट गरी २०८० चैत्र सम्म छानविन तथा अनुसन्धान सम्पन्न गरी आवस्यक बारवाहीका लागि ४५ वटा कार्यालयहरूमा पठाएको। यसका लागि झुट्टा तथा नक्कली फर्म र बिल बीजक पहिचान गर्ने विधि र तरिका मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको।

- आर्थिक ऐन, २०७९ को दफा ३५(१) र (२) ले गरेको व्यवस्था कार्यान्वयन गर्नका लागि सहजीकरण गरिएको र उक्त सुविधा अन्तर्गत डे-०१ तर्फ ४७४१० विवरण प्राप्त भइ त्यसवाट

जम्मा रु.८१,००,४६,२७२। र डे-०२ तर्फ ३०१५ विवरण प्राप्त भइ त्यसवाट जम्मा रु. ७,३३,७३,१६७।रकम राजस्व प्रप्त गरेको।

आर्थिक बर्ष २०८०/०८१ को बजेट वक्तव्य को बुदाँ न. ४७५ मा उल्लेखित केन्द्रीय विजक अनुगमन प्रणाली, आशिकुडा, भिसिटिएस, सूचना प्रणाली भूमि ब्यवस्थापन तथा अभिलेख र बैंक तथा वित्तीय संस्थाहरूको सूचना प्रणाली वीच अन्तर आवद्धता कायम गरी एकीकृत करदाता सूचना प्रणालीको विकास गर्ने करदाताको जोखिमको आधारमा Risk Profiling गर्न महानिर्देशक स्तरीय समन्वय समितिको मिति २०८०/०२/२५ मा बैठक बसी उक्त बैठकले यस विभागका उम-महानिर्देशकको संयोजकत्वमा सूचना प्रणाली अन्तर आद्धता अध्ययन समितिको गठन गरी अन्तरआबद्धाता सम्बन्धमा प्रतिवेदन तयार गर्ने कार्य भई रहेको।

## २.६.५ नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा

### २.६.५.१ अर्न्तराष्ट्रिय कर शाखा

अर्न्तराष्ट्रिय कर शाखाको प्रमुख कार्य आयकर ऐन, २०५८ को दफा ७३ मा व्यवस्था भए बमोजिम नेपाल सरकारको तर्फवाट अन्य देशहरुसँग गरिने र गरिएका दोहोरो कर मुक्ति सम्झौतासँग सम्बन्धित कार्य सम्पादन गर्नु रहेको छ। द्विपक्षीय हित र आवश्यकताका आधारमा दोहोरो कर मुक्ति सम्झौता गर्नुपर्ने मुलुकहरुका कर प्रशासनहरुसँग आवश्यक पत्राचार, वार्ताको तयारी र वार्ता सम्बन्धी कार्यहरुको समन्वय गर्ने कार्य यो शाखाले गर्ने गर्दछ।वार्ताद्वारा दुई राष्ट्रहरु सहमतिमा पुगेपछि सम्झौतामा औपचारिक हस्ताक्षर गर्ने कार्यको समन्वय समेत यो शाखाले गर्दछ। द्विपक्षीय हित र आवश्यकताका आधारमा सम्पन्न भईसकेका दोहोरो कर मुक्ति सम्झौताका व्यवस्थाहरु संशोधन सम्बन्धी कार्य गर्ने र सम्झौतामा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्ने तथा सूचना आदान प्रदान गर्ने कार्यसमेत यस शाखाले गर्दछ।सम्झौताका प्रावधानहरुको विषयमा द्विविधा भई सरोकारवालाहरुवाट अनुरोध भएमा द्विविधा निराकरण गर्ने कार्य समेत यस शाखाको अर्को प्रमुख कार्यको रुपमा रहेको छ। बिदेशी लगानीकर्ताहरुलाई नेपालको कर कानून तथा कर सम्बन्धी व्यवस्थाहरुको बारेमा जानकारी उपलव्ध गराउने र अन्तर्राष्ट्रिय करका विविध विषयहरुमा अध्ययन गर्ने गराउने कार्य समेत यस शाखाले सम्पादन गर्दै आइरहेको छ।नेपालले हाल सम्म देहाय बमोजिम एघार देशहरूसंग दोहोरो कर मुक्ति सम्झौता सम्पन्न गरिसकेको छ भने केही देशहरुसँग सम्झौताको लागि वार्ता प्रक्रिया अगाडि बढेको अवस्था छ।

**दोहोरो कर मुक्ति सम्झौता भएका देशहरु**

| क्र.सं. | देश | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| १ | गणतन्त्र भारत (Republic of India) | २७ नोभेम्वर २०११ | सन १९८७ मा सम्पन्न पूरानो सम्झौतालाई प्रतिस्थापित गरेको। |
| २ | नर्वे अधिराज्य (Kingdom of Norway) | १३ मे १९९६ | |

| | | | |
|---|---|---|---|
| 3 | थाइल्याण्ड अधिराज्य (Kingdom of Thailand) | १९९८ फेब्रुअरी २ | |
| ४ | प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका (Democratic Socialist Republic of Sri Lanka) | ६ जुलाई १९९९ | |
| ५ | गणतन्त्र मौरिसस (Republic of Mauritius) | ३ अगष्ट १९९९ | |
| ६ | गणतन्त्र अष्ट्रिया (Republic of Austria) | १५ डिसेम्बर २००० | |
| ७ | इस्लामिक गणतन्त्र पाकिस्तान (Islamic Republic of Pakistan) | २५ जनवरी २००१ | |
| ८ | जनवादी गणतन्त्र चीन (People's Republic of China) | १४ मे २००१ | |
| ९ | गणतन्त्र कोरिया (Republic of Korea) | ५ अक्टोबर २००१ | |
| १० | कतार (State of Qatar) | १५ अक्टोबर २००७ | |
| ११ | गणतन्त्र बंगलादेश (Republic of Bangladesh) | ५ मार्च २०१९ | |

## २.६.५.२ कर प्रणाली सुधार शाखा

## आ.व.२०७९/८० मा कर प्रणाली सुधार शाखाबाट सम्पन्न भएका कार्यहरु

| क्र.सं. | सम्पन्न कार्यहरु |
|---|---|
| क. | आय विवरणसँग सम्बन्धित सुधार |
| १. | आ.व.२०७८/७९ देखिको आय विवरणको अनुसूची-१३ मा सुधारः |
| | आय विवरण पेश भएको आय वर्षमा दाखिला भएको अग्रिम कर कट्टीको रकम, असार मसान्तसम्म अग्रिम कर कट्टी रकम दाखिला गर्न बाँकी (TDS Payable ) र TDS Payable मध्ये आय विवरण पेश गरेको मितिसम्म दाखिला गर्न बाँकी रकमको विवरण प्रविष्टि गर्नुपर्ने व्यवस्था गरिएको।<br>वार्षिक एक करोडभन्दा बढीको तलब ज्याला भुक्तानी गर्ने करदाताले तलब, ज्यालाको मासिक विवरण, सोको भुक्तानीमा कर कट्टी गरी भुक्तानी गरेको कर रकम र तलव ज्यालासमेत सबै अन्य भुक्तानीमा कर कट्टी गरेको रकमको दाखिला विवरण प्रविष्टि गर्नुपर्ने व्यवस्था गरिएको।<br>आय विवरण र वित्तीय विवरण अनुसार दावि खर्च रकमको Detail विवरण प्रविष्टि गर्ने व्यवस्था गरिएको। |
| २. | आर्थिक ऐन, २०७८ ले आयकर ऐन, २०५८ मा संशोधन गरी डे०२ आय विवरण पेश गर्ने करदाताले तिर्नुपर्ने करको दरमा संशोधन गरे बमोजिम आय विवरणको फाराममा परिमार्जन गरी स्वचालित कर गणना प्रणाली अद्यावधिक गरिएको। |

| | |
|---|---|
| ३. | डे-०२ को आय विवरणमा गत वर्ष बढि दाखिला भएको कर सार्न मिल्ने (क्रेडिट मिलान) व्यवस्था गरिएको र आयकर ऐन, २०५८ को दफा ११७ को शुल्क, दफा ११८ र ११९ को ब्याज स्वचालित रुपमानै गणना हुने गरी प्रणालीगत सुधार गरिएको। |
| ४. | आर्थिक ऐन, २०७९ ले आयकर ऐन, २०५८ मा संशोधन गरी प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को निःसर्गबाट भएको लाभमा तिर्नुपर्ने करको दरमा संशोधन गरे बमोजिम आय विवरणको अनुसूची-८ को फाराम परिमार्जन गरी स्वचालित रुपमा कर गणना हुने गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| ५. | आ.व.२०७८/७९ देखिको आय विवरण पेश गर्ने एकलौटी फर्मले Taxpayer Portal को Online E-Service मार्फत Income Tax बाट डे-०२ र डे-०३ को आय विवरण भर्ने क्रममा सब्मिशन नम्बर लिने फाराममा कारोबार रकम, नाफा रकम र कारोबारको किसिम छनौट गरेपछि उक्त एकलौटी फर्मले डे-०१, डे-०२ र डे-०३ मध्ये कुन आय विवरण भर्न मिल्ने भन्ने सम्बन्धमा करदातालाई स्वचालित रुपमा जानकारी गराउने व्यवस्था गरिएको। |
| ६. | डे०३ आय विवरणको अनुसूची-१० बाट दाबी भएको कर यकिन गर्न करदातालाई थप सजग बनाउन डे०३ आय विवरणको अनुसूची-१/२ अपडेट र आय विवरण सब्मिटको लागि Finalized गर्दा दाखिला रकम ठिक भए नभएको थाहा पाउने व्यवस्था गरिएको। |
| ७. | आर्थिक ऐन, २०७९ ले आयकर ऐन, २०५८ मा संशोधन गरी व्यवसाय सञ्चालनमा संलग्न नरहेको वासिन्दा प्राकृतिक व्यक्तिको दफा ९५क. को उपदफा (६ख), (६ग), (६घ) बमोजिमको आयमा १ प्रतिशतले कर लाग्ने गरी अनुसूची १ मा करको दर तोकिएकोले सो बमोजिम आय घोषणा गर्न आय विवरणको नयाँ फाराम अनुसूची-८ क तयार गरी करदाता सेवा शाखामा कार्यान्वयनको लागि पठाइएको। |
| ख. | करको दर तथा छुट |
| १. | आ.व.२०७९/८० को लागि करको दर तथा छुटको व्यवस्था एकिकृत कर प्रणालीमा अद्यावधिक गरिएको। |
| २. | आर्थिक ऐन, २०८० ले आयकर ऐन, २०५८ मा संशोधन गरी छुट तथा सुविधाहरु र करका दरहरुमा गरेको संशोधन बमोजिम Integrated Tax System (ITS) प्रणालीमा अद्यावधिक गर्ने गरिएको छ। |
| ग. | कर चुक्ता प्रमाणपत्र |
| १. | विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र प्रिन्ट गर्दा आवश्यक तथ्यांक आय विवरणबाट स्वचालित रुपमा आउने व्यवस्था गरिएको। |
| २. | उक्त प्रमाणपत्रमा कर चुक्ता खोजी गर्ने प्रक्रिया समेत जानकारी गराउने व्यवस्था गरिएको। |
| घ. | भुक्तानी |
| १. | डे-०१ आय विवरण पेश गर्ने करदाताहरुले विगतमा म्यानुअल आय विवरण दर्ता गरी नगदी |

| | |
|---|---|
| | रसिदहरुबाट कर दाखिला गरेको तर उक्त करदाताहरु नन फाइलर देखिएकोले त्यस्ता करदाताहरुको आय विवरण कार्यालयले म्यानुल प्रविष्टि गर्ने क्रममा नगदी रसिदबाट दाखिला भएको कर रकम प्रविष्टी गर्न सक्ने व्यवस्था नभएकोले नगदी रसिदका आधारमा प्रविष्टि गर्न मिल्ने गरी प्रणालीगत सुधार गरिएको। |
| २. | ITS मा Income Tax System अन्तर्गत रहेको Transfer of Credit (TC) मा कैफियत महल थप गरी सो महलमा कार्यालयले गरेको निर्णयको संक्षिप्त व्यहोरा उल्लेख गरी विगत वर्षको कर क्रेडिट प्रविष्टि गर्ने व्यवस्था गरिएको। |
| ङ. | बक्यौता |
| १. | मूल्य अभिवृद्धि करमा स्वतः दर्ता खारेजी (Force Deregistration) भएका करदाताहरुको मुल्य अभिवृद्धि कर बक्यौताको विवरण (VAT) को Outstanding Report मा FD (Force Deregistration ) को बक्यौता भनी छुट्टै चिन्ने गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| च. | कर परीक्षण |
| १. | ITS बाट संशोधित कर निर्धारणको सूचना जारी गर्ने सम्बन्धमा डे-०१ बाट डे-०२ तथा डे-०१ र डे-०२ बाट डे-०३ मा आयकर ऐन,२०५८ को दफा १०१(६) र १०२ बमोजिमको संशोधित कर निर्धारणको सूचनाको ढाँचा तयार गरी कर परिक्षण व्यवस्थापन शाखामा कार्यान्वयनको लागि पठाइएको। |
| छ. | सूचना प्रविधि |
| १. | कर प्रणालीको प्रक्रिया पुनःर्संरचना (Business Process Reengineering-BPR) सम्बन्धमा अध्ययन गराउन TOR तयार गरी विज्ञ नियूक्ति प्रकृयाको लागि GIZ RAS Project मा पठाइएको। उक्त प्रोजेक्टबाट सो विषयमा अध्ययन गराउन विदेशी परामर्शदाता छनौट भई आवश्यक प्रकृया शुरु भएको। |
| २. | CBMS लाई नँया प्रणालीमा आबद्ध गर्ने कार्य गरिएको। |
| ३. | नँया TDS Portal कार्यान्वयनमा सहजीकरण गर्न विज्ञबाट तयार भएको नँया पोर्टल र सरकारी भुक्तानीमा कर दाखिला सम्बन्धी म.ले.नि.का.बाट तयार भईरहेको नयाँ प्रणाली बीच आवद्धता गर्ने कार्य प्रक्रिया प्रारम्भ गरिएको। |
| ज. | प्रतिवेदन |
| १. | Income Tax Non-filer Transactions Report: आयकर तर्फ ननफाइलर करदाताले खरीद विक्रीको कारोबार गरेका अन्य करदाताहरुबाट पेश भएको कारोबारको विवरण, आयात/निर्यात गरेको विवरण, विभिन्न भुक्तानीमा भुक्तानीकर्ताले गरेको अग्रिम कर कट्टीको विवरण र मूल्य अभिवृद्धि कर विवरणको कारोबार समेतका आधारमा Transaction Details of Income Tax Non-filers र Transaction Summary of Income Tax Non-filers को प्रतिवेदन हेर्न सकिने व्यवस्था गरिएको। |
| २. | Tax Exemption Report: आयकर ऐन,२०५८(सं.सं.) को दफा ११ बमोजिम व्यावसायिक छुट तथा |

| | |
|---|---|
| | सुविधाहरु लिएका करदाताहरुको विवरण Tax Exemption Report Summary (Income Tax Act, 2058 - Sec 11) र Tax Exemption Report Details (Income Tax Act, 2058 - Sec 11) को प्रतिवेदन हेर्न सकिने व्यवस्था गरिएको। |
| ३. | Change In Control Return Report: नियन्त्रणमा परिवर्तन भएका करदाताहरुले पेश गरेको आय विवरणको अभिलेख Change In Control (CIC) Return Details (Income Tax Act,2058 -sec.57 र Change In Control (CIC) Return Summary (Income Tax Act, 2058-sec.57) प्रतिवेदन हेर्न सकिने व्यवस्था गरिएको। |
| ४. | P-PAN Transaction: अग्रिम कर कट्टी गर्ने व्यक्ति/भुक्तानीकर्ताले अग्रिम कर कट्टी हुने बासिन्दा प्राकृतिक व्यक्तिको वार्षिक ४० लाख रुपैंया भन्दा बढिको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गरेको e-TDS विवरण P-PAN Income from E-TDS above 40 Lakhs Details Report र P-PAN Income from E-TDS above 40 Lakhs Summary Report हेर्न सकिने व्यवस्था गरिएको। |
| झ. | विद्युतीय सेवा कर र मुल्य अभिवृद्धि कर (DST/VAT) |
| | आर्थिक ऐन, २०७९ बमोजिम नयाँ करको रुपमा गैर बासिन्दा व्यक्तिले नेपालमा प्रदान गर्ने विद्युतीय सेवामा लाग्ने डिजिटल सर्भिस ट्याक्स र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरे अनुसार सो करको प्रयोजनको लागि दर्ता फाराम र मूल्य अभिवृद्धि कर विवरण तयार गरी प्रणालीमा अद्यावधिक गरिएको। |
| ञ. | अन्य उपयोगी सामग्री |
| १. | आय विवरण (अनुसूची-५,६,७ र ८) तयारी गर्दा ध्यान दिनुपर्ने विषयहरु उल्लेख गरी सम्बन्धित सबै सरोकारवालालाई उपयोगि हुने सूचना विभागको वेबसाईटमा राखिएको। |
| २. | आय विवरणको अनुसूची-१० तयार गर्दा ध्यान दिनुपर्ने विषयहरु उल्लेख गरी सम्बन्धित सबै सरोकारवालालाई उपयोगि हुने सूचना विभागको वेबसाईटमा राखिएको। |
| ३. | विद्युतीय सेवा कर (DST) सम्बन्धी सबै सूचना तथा जानकारी एउटै फोल्डरमा राखी सूचना प्रवाह गर्ने उद्देश्यले विभागको वेबसाइटको फ्रन्ट पेजमा खास क्षेत्र अन्तर्गत विद्युतीय सेवा कर भन्ने छुट्टै शिर्षक राखिएको। |
| ४. | आय विवरण भर्ने संशोधित व्यवस्था सम्बन्धी जानकारीका लागि SOP र डे-०३ आय विवरणमा प्रणालीगत सुधारका पक्षलाई कर प्रणालीमा भएका सुधारहरु सम्बन्धमा थप जानकारीका लागि अध्ययन सामग्रीहरु तयार गरी विभागको वेबसाइटमा राखिएको। |
| ५. | Integrated Tax System (ITS) मा रहेको Tax Calculator लाई आ.व. २०८०/८१ को सुविधा र करको दर बमोजिम अद्यावधिक गर्न व्यवस्थापन सूचना प्रणाली शाखामा पठाईएको। |

## २.६.५.३ नीति विश्लेषण शाखा

## आ.व.२०७९/८० मा सम्पादित मुख्य कार्यको विवरण

| क.सं. | कार्य सम्पादन प्रगति |
|---|---|
| १. | आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क ऐन र मदिरा ऐन तथा नियमावलीहरुमा २०७९ सम्मको आर्थिक ऐन तथा नियमावलीबाट भएका संशोधनहरु समेत समावेश गरी अद्यावधिक कर कानूनहरुको संगालो कानून किताब व्यवस्था समितिबाट प्रकाशन गरिएको। |
| २. | आ.व. २०७८/७९ मा जारी गरिएका परिपत्रहरु एकिकृत गरी परिपत्र संग्रह २०७८/७९ प्रकाशन गरिएको। |
| ३. | आर्थिक ऐन, २०८० मा गैर बासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलव्ध गराएको विद्युतीय सेवाको कारोवारमा विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिने व्यवस्था कार्यान्वयनका लागि कार्यविधि तयार गरी लागू गरिएको। |
| ४. | नेपालमा उपभोग हुने पाँच तारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातित मदिरा र दश लाख रूपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहनाको खरिदमा दुई प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिने व्यवस्था कार्यान्वयनका लागि कार्यविधि तयार गरी लागू गरिएको। |
| ५. | वैदेशिक भ्रमणको प्याकेज बिक्रेताले प्याकेज बिक्रीको बखत र फर्म वा कम्पनीले व्यवसाय प्रवर्द्धनका सिलसिलामा आफू सम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजादा लाग्ने खर्च लेखाङ्कनका बखत पाँच प्रतिशतका दरले वैदेशिक पर्यटन शुल्क लगाई असुल गरिने व्यवस्था कार्यान्वयनका लागि कार्यविधि तयार गरी लागू गरिएको। |
| ६. | प्रचलित सङ्घीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क लगाई असुल गरिने व्यवस्था कार्यान्वयनका लागि कार्यविधि तयार गरी लागू गरिएको। |
| ७. | विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ र गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ को नेपाली तथा अंग्रेजी भाषाको कार्यविधिको पहिलो संशोधन तयार गरी सर्वसाधारणको जानकारीका लागि आन्तरिक राजस्व विभागको वेबसाइटमा प्रकाशन गरिएको। |
| ८. | मूल्य अभिवृद्धि करका सम्बन्धमा भएका संशोधन तथा परिमार्जन समावेश गरी मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को तेस्रो संशोधन तयार गरी प्रकाशन गरिएको। |

## २.६.५.४ कर परीक्षण पुनरावलोकन शाखा

यस विभाग अन्तर्गतका कार्यालयहरुबाट करदाताहरुको कारोवारको कर परीक्षण गर्दा प्रचलित आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क ऐन, नियम, निर्देशिका एवं विभागीय परिपत्रमा भएका ब्यवस्थाहरुको पालना

भए नभएको विषयहरुमा पुनरावलोकन गरी कर लेखापरीक्षण तथा अनुसन्धानको गुणस्तरीयता कायम गर्न, कर निर्धारणमा एकरुपता ल्याई कर चुहावट न्युनीकरण गर्न, करदाताको कर सहभागिता अभिबृद्धि गर्न र राजस्व असुली कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित कार्यालयहरुलाई निर्देशन/आदेश दिने विभागीय नीति अनुरुप कर परीक्षण पुनरावलोकन गर्ने व्यवस्था रहेको छ।

कार्यालयहरुले पूर्ण कर परीक्षण, अनुसन्धानात्मक कर परीक्षण सम्पन्न गरेका करदाताका फाइलहरु छनौट गरी कार्यालयबाट माग गरी कार्यालयहरुबाट करदाताहरुको कारोवारको कर परीक्षण गरी कर अधिकृतले कर निर्धारण गर्दा विगत तथा चालू आर्थिक वर्षको आय विवरणसाथ संलग्न वासलात, नाफा नोक्सान हिसाव एवं कारोवारसँग सम्वन्धित विषयमा पूर्ण कर परीक्षण गरी कर परीक्षण प्रतिवेदनमा उल्लेख गरेको विषय, कर अधिकृतले कर परीक्षण गर्दा लिएका आधार एवं कारणहरु, ऐन, नियम, निर्देशिका एवं विभागिय परिपत्रमा भएका व्यवस्था वमोजिम गुणस्तरीय रुपमा कर लेखापरीक्षण सम्पन्न भए नभएको समेतका विषयहरुमा अध्ययन, विश्लेषण तथा छानविन गरी थप कारवाही तथा सुधार गर्नुपर्ने देखिएका विषयहरुमा आवश्यक कारवाहीका लागि मातहत कार्यालयमा पठाउने, कार्यालयहरुले सो विषयहरुमा आवश्यक छानविन तथा पुनः कर निर्धारण गरे नगरेको विषयमा कार्यालयबाट प्रगति प्रतिवेदन लिने एवं अनुगमन गर्ने आदि कार्य कर परीक्षण पुनरावलोकन शाखाले गर्दछ।

**तालिकाः १५ <u>आ.ब. २०७९।८० मा कर परीक्षण पुनरावलोकनको संख्यात्मक विवरण</u>**

| यस आ.व.को लागी जिम्मेबारी सरेको विवरण संख्या | यस आ.व. मा छनौट भएको संख्या | यस आ.व.मा सम्पन्न गर्नु पर्ने जम्मा संख्या | यस आ.वमा सम्पन्न भै कार्यालय पठाएको संख्या | यस आ.वको अन्त्यमा क.प.पुनरावलोकन हुन बांकी संख्या | यस आ.व.मा कार्यालय बाट छानविन सम्पन्न भएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| ५६ | ८० | १३६ | ६८ | ६८ | १३२ | |

### २.६.५.५ योजना तथा मानव संशाधन शाखा

**१.परिचयः**

आन्तरिक राजस्व विभागको कार्यशैली तथा कार्यकुशलतामा समय सापेक्षिक रूपमा परिवर्तन गरी विभागलाई वर्तमान विश्व परिवेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता रहेको छ। सोही आवश्यकतालाई परिपूर्ती गर्नेतर्फ पहल गर्न विभागमा योजना तथा मानव संसाधन विकास शाखा रहेको छ। नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत रहेको यस शाखाले विभागले गर्ने कार्यहरूलाई योजनाबद्ध तरिकाले अगाडि बढाउन आबश्यक रणनीति तथा योजना निर्माण गर्ने र आगामी दिनहरूमा विभागमा रहेका जनशक्तिलाई कार्यकुशल र प्रतिस्पर्धी बनाउन आवश्यक स्वदेशी तथा विदेशी तालिम तथा अन्य सीपहरू उपलब्ध गराउने कार्यक्रमहरू सञ्चालन गर्ने वा क्षमता विकासका कार्यहरुमा सहभागी गराउने कार्य गर्दछ। यस शाखामा एकजना निर्देशक, एक जना शाखा अधिकृत र केही सहायक कर्मचारीहरु रहने व्यवस्था छ। यस शाखाका प्रमुख कार्यहरू निम्नानुसार रहेका छन्।

१. विभिन्न शाखाहरू तथा अन्तर्गतका कार्यालयहरूसँग समन्वय गरी विभागको बार्षिक योजना तथा रणनीति तयार गर्ने।
२. विभागीय वार्षिक कार्ययोजना बमोजिम कार्य भए नभएको अनुगमन गर्ने।
३. कर्मचारीहरूको क्षमता तथा वृत्ति विकासको लागि आवश्यक तालिम, गोष्ठी तथा अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने।
४. विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरूबाट सञ्चालित तालिम, गोष्ठी तथा सेमिनारमा विभाग तथा मातहत कार्यालयका उपयुक्त कर्मचारीको चयन गरी मनोनयनका लागि सिफारिस गर्ने।
५. बार्षिक रूपमा व्यवस्थापन गोष्ठी आयोजना गर्ने।
६. विभागीय गतिविधि सम्बन्धी सूचना सम्प्रेषण गर्न कर बुलेटिन प्रकाशन गर्ने।
७. कर सम्बन्धी विषयवस्तु समावेश गरी बार्षिक रूपमा स्मारिका प्रकाशन गर्ने।
८. अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सम्पर्क शाखाको रूपमा कार्य गर्ने।

## २. सम्पादित मुख्य मुख्य कार्यहरू:

**१. व्यवस्थापन गोष्ठी सम्पन्नः** आन्तरिक राजस्व विभागले मिति २०७९ आश्विन १२ र १३ गते माननीय अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' ज्यूको प्रमुख आतिथ्यतामा व्यवस्थापन गोष्ठी, २०७९ सम्पन्न गरेको छ। अर्थ मन्त्री जनार्दन शर्मा 'प्रभाकर'ले पानसमा द्विप प्रज्वलन गरी गोष्ठीको औपचारिक शुभारम्भ गर्नुभएको थियो। गोष्ठीमा विभाग र मातहतका कार्यालयबाट समेत प्रतिनिधित्व गरी करदाता सेवा, करप्रणाली सुधार तथा सूचना प्रविधि समूह, अन्तःशुल्क व्यवस्थापन समूह, करपरीक्षण तथा अनुसन्धान समूह र कर संकलन बक्यौता तथा बेरूजू व्यवस्थापन समूह गरी ४ वटा Thematic समूह निर्माण गरी समूहगत प्रस्तुतीहरु गरिएका थिए। गोष्ठीमा विभाग अन्तर्गतका कार्यालयहरूले आ-आफ्ना कार्यालयको प्रगति, भएका अनुकरणीय कार्यहरू, लक्ष्य पूरा हुन नसकेको भए सोको कारण, चालु आर्थिक वर्षको लक्ष्य हासिल गर्न लिईएका रणनीति र कार्यालयका समस्या तथा विभागसँगको अपेक्षाका विषयमा संक्षेपमा प्रस्तुती राखेका थिए।

आ.व.२०७८/२०७९ को कार्यगत लक्ष्य र प्रगतिको आधारमा प्रथम हुने आन्तरिक राजस्व कार्यालय ईटहरी, द्रोश्रो हुने आन्तरिक राजस्व कार्यालय भरतपुर, तेस्रो हुने आन्तरिक राजस्व कार्यालय दाङ्गका कार्यालय प्रमुखहरुलाई प्रसंशापत्र सहित सम्मानित गरिएको थियो। चालु आर्थिक वर्ष २०७९/०८० लाई **'बजार अनुगमन वर्ष'** को रूपमा सफल बनाउने विभागीय प्रतिवद्धता सहितको १९ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै व्यवस्थापन गोष्ठी सम्पन्न भएको थियो।

**२. विभिन्न तालिम, गोष्ठी सेमिनार सञ्चालनः** यस शाखाबाट आ.व. २०७९/०८० मा देहाय बमोजिमका तालिम कार्यहरू सञ्चालन गरियो।

**आन्तरिक राजस्व विभागमा सञ्चालित तालिमहरूः** यस शाखाको समन्वयमा आ.व. २०७९/०८० मा देहाय बमोजिमका तालिमहरू सञ्चालन गरि ३७८ जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ।

| क्र.सं. | तालिमको विषय | मिति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | IDEA-Data Analysis Software सम्वन्धी तालिम | २०७९/०६/२७ देखि ऐ. २८ सम्म । | ले हिमालय होटल, लाजिम्पाट | १५ |
| २ | Tax Administration Diagnostic Assessment Tool (TADAT) सम्वन्धी तालिम | २०७९/०७/२१ देखि ऐ. २५ सम्म। | आन्तरिक राजस्व विभाग | २५ |
| ३ | कर प्रशासन सम्बन्धी सहायक स्तरीय अल्पकालीन तालिम | २०७९/०९/०६ देखि ऐ. ०९/१४ तथा २०७९/१०/०२ देखि ऐ. ११ गते सम्म। | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | १६२ |
| ४ | करसम्वन्धी दुई दिने पुनर्ताजगी तालिम | २०७९/११/०४ देखि ऐ. ५ सम्म। | आन्तरिक राजस्व विभाग | ३२ |
| ५ | Financial Investigation Techniques सम्वन्धी तालिम | २०७९/११/१७ देखि ऐ. १९ गते सम्म। | ठूला करदाता कार्यालय, हरिहर भवन | २० |
| ६ | आधारभूत लेखा (Basic Accounting) सम्वन्धी अल्पकालीन तालिम | २०८०/०१/१० देखि ९ कार्यदिन | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ४१ |
| ७ | Nepal Financial Reporting Standards (NFRS) सम्वन्धी तालिम | २०८०/०१/२६ देखि ऐ. २९ गते सम्म | आन्तरिक राजस्व विभाग | ३० |
| ८ | राजस्व प्रशासन सम्वन्धी अधिकृत स्तरीय सेवा प्रवेश तालिमका प्रशिक्षार्थिलाई कार्यालय आवद्धता Internship Program | २०८०/०३/१७ देखि ६ कार्य दिन। | खटाईए बमोजिमका आन्तरिक राजस्व कार्यालयहरु। | ५३ |

**लेखापरीक्षणमान बोर्डमार्फत सञ्चालित तालिम/ अन्तरक्रियाहरू:**

| क्र.सं. | स्थान | मिति | विषय |
|---|---|---|---|
| १. | विराटनगर | २०८० जेठ १२ गते | Implementation of Reporting Standards विषयक अन्तरक्रिया |
| २. | बुटबल | २०७८ जेठ १९ गते | |
| ३. | चितवन | २०७८ जेठ २६ गते | |
| ४. | पोखरा | २०८० आषाढ १ गते | |

**३. वैदेशिक तालिम, गोष्ठी, सेमिनारमा मनोनयनः** आ. व. २०७९/०८० मा यस विभागमा कार्यरत कर्मचारी एवम् पदाधिकारीहरूको वैदेशिक तालिम, गोष्ठी तथा सेमिनारमा मनोनयन गरिएको छ।

**४. त्रैमासिक रूपमा कर बुलेटिन प्रकाशनः** आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरूबाट सम्पादन गरेका गतिविधिहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले योजना तथा मानव संसाधन विकास शाखाका निर्देशक श्री दिनेश पाण्डेको संयोजकत्वमा रहेको सम्पादन समूहले पदाधिकारीहरू बीच कार्य जिम्मेवारी बाँडफाँट गरी करबुलेटिनहरू प्रकाशन गरिएको छ।

**५. स्मारिका प्रकाशनः** दशौं राष्ट्रिय कर दिवस, २०७९ को अवसरमा २०७८ मंसिर १ गते कर सम्बन्धी विषयवस्तु समावेश गरिएका २२ वटा लेख/रचनालाई समावेश गरी स्मारिका प्रकाशन गरिएको छ।

**६.**आन्तरिक राजस्व विभागको दोश्रो रणनीतिक योजनाको परामर्शदातावाट मूल्याङ्कन गराई प्रतिवेदन प्राप्त गरिएको छ। सो पश्चात तेश्रो पञ्चवर्षिय रणनीतिक योजना (2023/024-2027/028) तर्जुमाको लागि परामर्शदाता छनौट भएकोमा मिति २०८०/०३/१३ मा परामर्शदातावाट Inception Report प्राप्त भई तर्जुमाको प्रक्रियामा रहेको छ।

**७. तालिमको मोड्युल तयारः** सार्वजनिक वित्त  व्यवस्थापन तालिम केन्द्रमार्फत अल्पकालिन तालिमका लागि निम्नानुसारका पाठ्यक्रम तथा प्रशिक्षण निर्देशिका (मोड्युल) तयार पारिएको छ।

१. दीर्घकालीन करार सम्बन्धी,

२. नियन्त्रणमा परिवर्तन सम्बन्धी,

३. करदाता दर्ता, करदाता शिक्षा तथा दर्ता खारेजी सम्बन्धी ,

४. कर फिर्ता (आयकर, मू. अ. कर तथा अन्तःशुल्क) सम्बन्धी,

५. एकीकृत कर प्रणाली (ITS)का विभिन्न मोड्यूलहरुको प्राविधिक पक्ष सम्बन्धी ,

६. अर्ध न्यायिक निकायबाट हुने निर्णय, कर प्रशासनमा प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन व्यवस्थापन सम्बन्धी र

७. चालु वर्षको कर परीक्षण (CYA)  तथा बजार अनुगमन सम्बन्धी पाठ्यक्रम तथा प्रशिक्षण निर्देशिका।

**८. अन्यः**

१. अन्तराष्ट्रिय मुद्रा कोषलाई अनुरोध गरी सोही निकायको अगुवाईमा नेपालको कर प्रशासनको Tax Administration Diagnostic Assessment Tools(TADAT) प्रयोग गरि मूल्याङ्कन कार्य सम्पन्न गरी सो को अन्तिम प्रतिवेदन प्राप्त भएको छ।

२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रवाट जिल्ला स्थित उच्च पदस्थ कर्मचारीहरुलाई तनाव व्यवस्थापन तथा पूर्वकर्म सेवा कार्यक्रमको लागि सहभागीताको लागि लेखी आएकोमा ८ जना कर्मचारीहरुको मनोनयन गरी कार्यक्रममा सहभागिता जनाईएको छ।

३. आन्तरिक राजस्व तर्फको कर छुट सम्वन्धी अध्ययनको कार्य गर्ने सम्वन्धमा निर्णय गरिएको छ।

४. GIZ को सहयोगमा सञ्चालित RAS III Project को Steering Committee को बैठक मिति २०७९/११/१७ मा सम्पन्न गरिएको छ र आवश्यकता अनुसार अन्य बैठकहरु समेत सम्पन्न गरिएको छ।

५. विश्व बैङ्क, अन्तराष्ट्रिय मुद्रा कोष,एसियाली विकाश बैङ्कका साथै इन्डियन हाई कमिशन र ब्रिटिश हाई कमिशन जस्ता बहुपक्षीयका साथै द्विपक्षीय विकास साझेदारहरुसँग समन्वय शाखाको रुपमा कार्य गरिएको छ।

**आगामी सोच**

- तेश्रो रणनीतिक योजनाको अन्तिम मस्यौदा तोकिएको समयमै प्राप्त गरी लागू गर्ने,
- कर प्रशासनमा कार्यरत जनशक्तिलाई सिपयुक्त, क्षमतायुक्त र मनोवलयुक्त बनाउन नियमित र विशेष प्रशिक्षण कार्यक्रमहरूलाई निरन्तर सञ्चालन गर्ने,
- सेवा प्रवेश गर्ने नवप्रवेशी अधिकृतहरूलाई करसम्बन्धी सघन तालिम दिएर मात्र पदस्थापना गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने,
- सक्षम, दक्ष, व्यवसायिक, उत्प्रेरित, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति विकास र परिचालनमार्फत नै कार्यसम्पादनमा गुणस्तरीयता हासिल गर्न व्यावसायिक तथा क्याडरमा आधारित जनशक्ति विकास गर्ने,
- मानव संशाधन विकास योजना निमार्ण गर्ने,
- कर्मचारीहरुको तालिमको आवश्यकता प्रविधि विकाससँगै परिवर्तनशिल सिपको आवश्यकता हुने हुँदा प्रत्येक वर्ष Training Need Assessment Survey सम्पन्न गरी विभिन्न तालिमको मोड्यूल विकास गर्ने,
- कर्मचारीको आवश्यक व्यक्तिगत विवरण लगायत तालिमको सम्पूर्ण विवरण डिजिटल माध्यमबाट राख्ने गरी software को विकास गर्नुपर्ने,
- कर्मचारीको क्षमता अभिवृद्धि गर्न वस्तुनिष्ठ रूपमा तालिम सञ्चालन गर्नुपर्ने,
- विभिन्न तालिमहरूका Training Manual को विकास गर्नुपर्ने,
- कोभिड-१९ को महामारीपछि व्यवसायमा देखिएको नयाँ प्रवृत्ति तथा अन्तर्राष्ट्रिय परिवेश अनुसारका तालिमका क्षेत्रहरू पहिचान गरी तालिम सञ्चालन गर्नुपर्ने,
- व्यवस्थापन गोष्ठीमा गरिएको प्रतिवद्धता कार्यान्वयनको समीक्षा आगामी वर्षमा सम्पन्न हुने व्यवस्थापन गर्ने गरी गोष्ठीको Module विकाश गर्ने,
- कर बुलेटिनलाई e-Bulletin बनाई विभागको वेभसाईटमा राख्ने गरी व्यवस्था मिलाउने,
- विकास साझेदार सँग समन्वय गरी यस विभागमा कार्यरत जनशक्तिलाई विश्वव्यापी रुपमा कर प्रशासनमा अवलम्वन गरिएका उत्कृष्ट प्रयासहरुको अवलम्बनका लागि चाहिने क्षमता विकासका अवसरहरुको खोजि गर्ने,
- आन्तरिक राजस्वमा आएका नवीनतम प्रवृती र विकाससँग तादाम्यता कायम हुने गरी थप क्षमता विकासका कार्यहरु गर्ने।

### <u>२.६.५.६ कानून शाखा</u>

यस विभागबाट सम्पादन हुने कर प्रशासन तथा अन्य कार्य सम्पादन गर्दा आइपर्ने कानूनी समस्या, अड्चन र दुविधाहरुलाई कानूनको मान्य सिद्धान्त र कानूनी ब्यवस्था बमोजिम सरलीकरण गरी कार्य सम्पादनमा सहजता प्रदान गर्न,कानूनी विषयमा राय प्रदान गर्ने एवं यस विभाग र मातहत कार्यालयहरुलाई विपक्षी बनाई

विभिन्न न्यायिक निकायहरुमा दायर भएका रिट निवेदनहरुमा विभागको तर्फबाट लिखित जवाफ तयार गरी पेश गर्ने तथा कानूनी विषयमा मातहतका कार्यालयहरुलाई उचित राय प्रदान गरी यस विभाग तथा मातहतका कार्यालयबाट सम्पादित कार्यमा कानूनी प्रश्नको निराकरण गर्ने हेतुले यस विभागमा नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत कानून शाखाको व्यवस्था गरिएको छ। यस शाखाबाट लिखित जवाफको तयारी गर्ने, कानूनी राय पेश गर्ने, महानिर्देशकको निर्देशन बमोजिम विभिन्न निकायसग समन्वय गर्ने, लगायतका कानूनी परामर्श समेतका कार्यहरु सम्पादन गरिदै आएको छ।

**<u>कानून शाखाबाट आ.व २०७९/०८० मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु:</u>**

१. सम्मानित सर्वोच्च अदालत लगायत अन्य न्यायिक निकायमा यस विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदनहरुमा विभागको तर्फबाट म्याद भित्रै लिखित जवाफ तयार गरी दर्ता गरिएको छ।

२. यस विभाग अन्तर्गतका कर कार्यालयहरुलाई विपक्षी बनाइ अदालत तथा न्यायीक निकायमा पेश भएका निवेदनहरुका हकमा समेत लिखित जवाफ तयारी गर्न सहयोग गर्ने साथै आवश्यकता अनुसार सुधार तथा मस्यौदा गर्ने र अन्य कानूनी विषयका हकमा परामर्श प्रदान गर्ने गरीएको छ।

३. विभिन्न कानूनी प्रश्नका विषयहरुमा राय माग भएको अवस्थामा कानूनबमोजिम यस विभाग र मातहत कार्यालयलाई कानूनी राय प्रदान गर्ने कार्य गरिएको छ।

४. यस विभाग अन्तर्गतका कार्यहरुको सम्पादनका सम्बन्धमा विभिन्न समिति तथा उपसमितिहरुमा प्रतिनिधित्व गरि कानूनी राय प्रदान गरिएको साथै प्रशासकिय पनरावलोकन समेतका कार्यहरुमा सहयोग तथा सहजीकरण गरिएको छ।

५. यस विभाग, अर्थ मन्त्रालय एवं मातहत कार्यालयलाई विपक्षी बनाई दायर भएका विभिन्न रिट निवेदन तथा अन्य मुद्दामा आवश्यक प्रतिनिधित्वको लागि महान्यायाधिवक्ताको कार्यालय तथा अन्य सरकारी वकिल कार्यालयसँग आवश्यक समन्वय कायम गरी मुद्दामा गरिने प्रतिनिधित्वलाई प्रभावकारी बनाइएको छ।

६. सम्मानित सर्वोच्च अदालत तथा अन्य न्यायिक निकायबाट भएका फैसला कार्यान्वयनका लागि यस विभाग मातहतका कार्यालयलाई लेखि पठाउने गरिएको छ।

७. सम्मानित सर्वोच्च अदालत लगायत अन्य न्यायिक निकायबाट माग भएका मिसिल कागजात,फाईल,निर्णयहरु उपलब्ध गराई न्याय सम्पादन गर्ने कार्यमा सहयोग पुऱ्याउने कार्य गरिएको छ।

८. यस विभाग तथा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको कर प्रशासन सम्बन्धी विषयमा सर्वोच्च अदालत, उच्च अदालत समेतबाट भएका अन्तरिम आदेशमा चित्त नबुझेको अवस्थामा त्यस्तो अन्तरिम आदेश खारेजको लागि सोहि अदालतमा निवेदन दिने कार्य समेत गरिएको छ।

**<u>२.६.५.७ सामान्य प्रशासन शाखा</u>**

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७६/०९/२१ को निर्णयानुसार यस विभाग अन्तर्गत ८४ वटा कार्यालय रहेका छन्। विभागमा रहेका महाशाखा र शाखाको विवरण समावेश भएको संगठन तालिका

अनुसूचीमा समावेश गरिएको छ। विभाग र अन्तर्गत कार्यालयहरुको पद अनुसार दरबन्दी विवरण देहाय बमोजिम रहेको छ।

**तालिकाः १६ आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको पद अनुसार दरबन्दी विवरण**

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समूह | कायम |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | नेपाल प्रशासन | | १ |
| २ | उप-महानिर्देशक | रा.प.प्र. | नेपाल प्रशासन | | ३ |
| ३ | सूचना प्रविधि विज्ञ | रा.प.प्र. | नेपाल विविध | | १ |
| ४ | प्रमुख कर प्रशासक | रा.प.प्र. | नेपाल प्रशासन | | २ |
| ५ | निर्देशक/प्रमुख कर अधिकृत | रा.प.द्वि | नेपाल प्रशासन | राजस्व | ८१ |
| ६ | निर्देशक(प्रशासन) | रा.प.द्वि | नेपाल प्रशासन | सा.प्र. | १ |
| ७ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि | नेपाल विविध | | ३ |
| ८ | लेखा नियन्त्रक | रा.प.द्वि | नेपाल प्रशासन | लेखा | १ |
| ९ | उपन्यायधिवक्ता | रा.प.द्वि | नेपाल न्याय | सरकारी वकिल | १ |
| १० | सिनियर डिभिजनल केमिष्ट | रा.प.द्वि | नेपाल ईन्जि. | केमिष्ट्री | १ |
| ११ | शाखा अधिकृत (राजस्व) | रा.प.तृ. | नेपाल प्रशासन | राजस्व | ४५१ |
| १२ | लेखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन | लेखा | ३ |
| १३ | सहायक जिल्ला न्यायधिवक्ता | रा.प.तृ. | नेपाल न्याय | सरकारी वकिल | ३ |
| १४ | कानूनअधिकृत | रा.प.तृ. | नेपाल न्याय | कानून | १ |
| १५ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | नेपाल विविध | | ८ |
| १६ | सूचना सुरक्षण अधिकृत | रा.प.तृ. | नेपाल विविध | | १ |
| १७ | कम्प्युटर/सुचना प्रविधि अधिकृत | रा.प.तृ. | नेपाल विविध | | ५५ |
| १८ | शाखा अधिकृत (प्रशासन) | रा.प.तृ. | नेपाल प्रशासन | सा.प्र. | ४ |
| १९ | केमिष्ट | रा.प.तृ. | नेपाल ईन्जि. | केमिष्ट्री | १ |
| २० | सहायक खाद्य गुण नियन्त्रक | रा.प.तृ. | नेपाल कृषि | फु.न्यूएण्ड क्वा.क. | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | नायव सुव्वा(राजस्व) | रा.प.अनं.प्र. | नेपाल प्रशासन | राजस्व | ४७७ |
| २२ | नायव सुव्वा(सा.प्र) | रा.प.अनं.प्र. | नेपाल प्रशासन | सा.प्र. | १ |
| २३ | लेखापाल | रा.प.अनं.प्र. | नेपाल प्रशासन | लेखा | ४६ |
| २४ | असिस्टेन्ट केमिष्ट | रा.प.अनं.प्र. | ईन्जि. | केमिष्ट्री | १ |
| २५ | ल्याव असिस्टेन्ट | रा.प.अनं.द्धि. | ईन्जि. | केमिष्ट्री | १ |
| २६ | डा.इ.सु. | रा.प.अनं.प्र. | नेपाल विविध | | २२७ |
| २७ | हलुका सवारी चालक | श्रेणीबिहिन | | | १३२ |
| २८ | कार्यालय सहयोगी | | | | १८५ |
| २९ | बरिष्ठ चार्टड एकाउन्टेन्ट बिशेषज्ञ सेवा | | | | ८ |
| | जम्मा | | | | १७०१ |

**तालिकाः १७ आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरुको श्रेणीगत दरवन्दी विवरण**

| | |
|---|---|
| रा.प प्रथम श्रेणीका कर्मचारीहरु | ७ |
| रा.प.द्वितीय श्रेणीका कर्मचारीहरु | ८८ |
| रा.प.तृतीय श्रेणीका कर्मचारीहरु | ५२८ |
| रा.प.अनंकित कर्मचारीहरु | ७५३ |
| श्रेणी विहीन कर्मचारीहरु | ३१७ |
| विशेषज्ञ परामर्श सेवाका लागि दरबन्दी | ८ |
| जम्मा | १७०१ |

**सामान्य प्रशासन शाखावाट आ.ब.२०७९/८० मा भएका महत्वपूर्ण कार्यहरुः**

- विभाग र अन्तर्गतका कार्यालयका कर्मचारीहरुको सरुवा तथा पदस्थापन गरी आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गरिएको।
- विभागका कर्मचारीको सरुवा, बढुवा, अवकाश, दैनिक हाजिरी तथा बिदा लगायतका अभिलेखहरु अद्यावधिक गरिएको।
- विभाग र अन्तर्गतका कार्यालयका कर्मचारिहरुको कार्यसम्पादन मूल्याङ्कन फारामहरु व्यवस्थापन गरिएको।
- विभागको जिन्सी निरिक्षणबाट लिलाम गर्नुपर्ने भनी ठहरिएका सामाग्रीहरुको लिलाम गरिएको।

- विभागको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी काम गरिएको।
- विभागका विभिन्न कार्यकक्ष तथा परिसरहरुमा मर्मत तथा सजावटका कामहरु गरिएको।
- विभागको सम्पत्ति तथा साधनहरुको सुरक्षा एवम् व्यवस्थापन लगायतका कामहरु गरिएको।
- विभागका लागि आवश्यक जिन्सी सामाग्रीहरु तथा परामर्श सेवा खरिद गरिएको।
- विभागको सूचना प्रविधिसँग सम्बन्धित प्रणाली विकासका लागि आवश्यक खरिद गरिएको।
- विभाग अन्तर्गतका कार्यालयहरु अनुगमन तथा निरीक्षण गरी देखिएका समस्याहरु समाधानका लागि सुझाव प्रदान गरिएको।
- व्यवस्थापन गोष्ठि, कर दिवस, वैदेशिक सहायता प्रदान गर्ने निकायहरुबाट हुने विभागको अनुगमन तथा निरिक्षण, माननिय मन्त्रीज्यूको भ्रमण तथा निर्देशन, उच्च पदाधिकारीहरुको भ्रमण लगायतका विभागका महत्वपूर्ण कार्यक्रमहरू सहज एवम् व्यवस्थित तवरमा सम्पन्न गर्न आवश्यक सहयोग गरिएको।

### २.६.५.८ आर्थिक प्रशासन शाखा

आर्थिक बर्ष २०७९।०८० मा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको खर्चको विश्लेषण देहाय अनुसार रहेको छ।

**(क) आन्तरिक राजस्व विभाग**

**चालु खर्चतर्फः**

आर्थिक बर्ष २०७९/०८० मा चालु खर्च तर्फ जम्मा १ अर्ब ३९ करोड ०३ लाख ९८ हजार बजेट विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म १ अर्ब ३३ करोड ३२ लाख २२ हजार अर्थात ९५ प्रतिशत खर्च प्रगति भएको छ। यस आ.ब.मा विभागका नियमित कार्यक्रमहरू कर दिवस, कर सप्ताह, स्टिकर आपूर्ति, अनुसन्धान तथा अनुगमन, सरसफाइ र सुरक्षा लगायतका कार्यहरू सम्पन्न भएका छन्।

**पूँजीगत खर्चतर्फः**

आ.व. २०७९/०८० मा पूंजीगत खर्चतर्फ १४ करोड ३६ लाख ३७ हजार बजेट बिनियोजन भएकोमा आर्थिक बर्षको अन्त्यसम्म ४ करोड २९ लाख ८१ हजार खर्च भएको अर्थात २९ प्रतिशत खर्च भएको छ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार मेशिनरी औजारहरू तथा फर्निचरहरू खरिद गर्ने काम सम्पन्न भएका छन्। ल्यापटप, डेक्स्टप खरिद कार्य सूचना प्रविधिसंग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयर सम्बन्धी खरिद कार्य सम्पन्न भएका छन्।

**(ख) आन्तरिक राजस्व कार्यालयहरू**

**चालु खर्चतर्फः**

यस विभाग मातहत रहेका ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरू, करदाता सेवा कार्यालयहरू र को.ले.नि.काहरूको लागि समेत जम्मा १ अर्ब ६९ करोड ६५लाख ०१ हजार बजेट बिनियोजन भएकोमा आर्थिक बर्षको अन्त्यसम्म जम्मा १ अर्ब ४१ करोड ७७

लाख ९१ हजार खर्च भएको छ। यो खर्च कुल विनियोजनको ८३ प्रतिशत हो। स्वीकृत बार्षिक कार्यक्रम अनुसार नियमित रूपमा सन्चालन गर्नुपर्ने कार्यालयका कार्यहरू सम्पन्न भएका छन्।

**पूंजीगत खर्चतर्फः**

यस बिभाग अन्र्तगतका कार्यालयहरूको लागि आ.ब.२०७९/०८० मा जम्मा रू.२९ करोड ९८ लाख ९२ हजार बिनियोजन भएकोमा आर्थिक बर्षको अन्तसम्म रू.२१ करोड ५६ लाख ८९ हजार खर्च भएको छ। यो खर्च कुल विनियोजनको ७१ प्रतिशत हो। आन्तरिक राजस्व कार्यालय दमौली, भैरहवा,नेपालगन्ज र इटहरीको नया भवनको निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको छ। आन्तरिक राजस्व कार्यालय नयाँबानेश्वर र आन्तरिक राजस्व कार्यालय कालिमाटी नयाँ भवनमा कार्यालय सर्ने कार्य सम्पन्न भएको छ। कार्यालयहरूले स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्य सन्चालनको लागि आवश्यक पर्ने फर्निचर, मेशिनरी औजार आदि खरिद कार्य सम्पन्न गरेका छन्।

**(क) चालु खर्चतर्फः**

चालु खर्च ब.उ.शि.नं. ३०५०४०११३ तर्फ देहाय अनुसार प्रगति भएको छ।

- कार्यालयको सरसफाइ र सुरक्षा गार्डको व्यवस्था भइ कार्यालय सुचारू रहेको।
- स्टेशनरी र छपाईको आपूर्ति बोलपत्रको माध्यमबाट भएको।
- व्यवस्थापन गोष्ठी, कर दिवस एवं कर सप्ताह मनाउने कार्य सफलता साथ सम्पन्न भएको।
- मातहतका कार्यालयहरूको अनुगमन नियमित रूपमा भएको।
- विभागको नियमित रूपमा बुलेटिन, स्मारिका, बार्षिक प्रतिवेदन लगायका प्रकाशनहरू भएका।
- बिभिन्न पत्र पत्रिकाहरुबाट कर जागरण सम्बन्धी विज्ञापनहरू नियमित रूपमा प्रकाशन हुने गरेको।
- कर संकलन तथा अनुगमन सम्बन्धी कार्य भएको।
- कार्यालयहरूबाट कर जागरण सम्बन्धी बिभिन्न क्रियाकलापहरू सन्चालन भएको।

**(ख) पूँजीगत तर्फ**

पूंजीगत खर्च ब.उ.शि.नं. ३०५०४०११४ तर्फ देहाय अनुसारहरूको प्रगति भएको छ।

- स्विकृत बार्षिक कार्यक्रम अनुसार मेशिनरी औजारहरू, फर्निचर खरिद भएको।
- विभागको सूचना प्रविधि शाखाको माध्यमबाट सूचना प्रविधि प्रणाली सन्चालनको लागी आवश्यक पर्ने हार्डवेयर तथा सफ्टवेयर लगायतका सामानहरू खरिद तथा जडान कार्य सम्पन्न भएका छन्।
- कार्यालयमा फाइल व्यवस्थापनको काम भएको।

# भागः ३

# आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

# ३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक राजस्व संकलनको संरचनात्मक अवस्थाको विश्लेषण तर्फ हेर्दा राजस्वको  लक्ष्य रु ६ खर्व २६ अर्ब ६१ करोड ३९ लाख रहेकोमा संकलन रु ४ खर्व ७९ अर्ब ७९ करोड ९४ लाख ३५ हजार भएको छ। जुन लक्ष्यको तुलनामा ७६.५७ प्रतिशत संकलन भएको देखिन्छ। अघिल्लो वर्षको संकलनको तुलनामा ०.७७ प्रतिशत ऋणात्मक रहेको देखिन्छ। शीर्षकगत रुपमा आयकर तर्फ रु ३ खर्ब  ४७ अर्ब ५७ करोड ९२ लाख लक्ष्य रहेकोमा रु २ खर्ब ४९ अर्ब ५६ करोड ५० लाख ६० हजार संकलन भई लक्ष्यको तुलनामा ७१.८० प्रतिशत प्रगति भएको छ। त्यसैगरी मूल्य अभिवृद्धि करतर्फको लक्ष्य रु. १ खर्व ४० अर्ब  २० करोड ४१ लाख रहेकोमा रु. १ खर्व १७ अर्ब ५२ करोड २२ लाख ९८ हजार असुली भई लक्ष्यको तुलनामा ८३.८२ प्रतिशत प्रगति भएको देखिन्छ। त्यस्तै अन्तःशुल्क तर्फ यस आर्थिक वर्षमा रु.१ खर्ब २९ अर्ब १४ करोड ५२ लाख लक्ष्य रहेकोमा रु १ खर्ब ३ अर्ब ९५ करोड ९४ लाख २० हजार संकलन भई लक्ष्यको तुलनामा ८०.५० प्रतिशत प्रगति भएको देखिन्छ।

**तालिकाः १८ आ.व. २०७९/८० को राजस्व लक्ष्य र प्रगति**

(रु हजारमा)

| राजस्व शीर्षक | आ.व.२०७८/७९ को संकलन | आ.व.२०७९/८० | | प्रगति प्रतिशत | वृद्धिदर |
|---|---|---|---|---|---|
| | | लक्ष्य | संकलन प्रगति | | |
| आयकर | २२९२७३७६२ | ३०४३५१८०० | २१३६०४६५९ | ७०.१८ | -६.८६ |
| घरबहाल कर | ३०७५८४१ | ३४७७५०० | ३०३९३१३ | ८७.४० | -१.२८ |
| ब्याजकर | २४७२१२२३ | ३९७४९९०० | ३२९२१०८८ | ८२.८२ | ३३.१५ |
| **जम्मा आयकर** | **२५७०७०८२६** | **३४७५७९२००** | **२४९५६५०६०** | **७१.८०** | **-२.९५** |
| मूल्य अभिवृद्धि कर | ११५८६१३४२ | १४०२०४१०० | ११७५२२२९८ | ८३.८२ | १.३९ |
| अन्तःशुल्क | १०३०२६०९१ | १२९१४५२०० | १०३९५९४२० | ८०.५० | ०.९९ |
| स्वास्थ्य सेवा कर(स्वास्थ्य सेवा जोखिम कर समेत) | ६२८२८६५ | ८२०७४०० | ६७६०२५५ | ८२.३७ | ७.६० |
| शिक्षा सेवा कर | १२४०५०१ | १४७८००० | २००२४०२ | १३५.४८ | ६१.७५ |
| **जम्मा** | **४८३४८१६२५** | **६२६६१३९००** | **४७९७९९४३५** | **७६.५७** | **-०.७७** |

चित्र नः ७ आ.व.२०७९/८० को राजस्व लक्ष्य र प्रगति




आर्थिक वर्ष २०७९/८० मा आन्तरिक राजस्व संकलन संरचनाको प्रगति प्रतिशतको विश्लेषण तर्फ हेर्दा आयकर, बहालकर, व्याजकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको रकम क्रमशः रु २१३.६० अर्ब, रु ३.०३ अर्ब, रु ३२.९२ अर्ब, रु ११७.५२ अर्ब, रु १०३.९५ अर्ब, रु ६.७६ अर्ब र रु २.०० अर्ब रहेको छ भने आन्तरिक राजस्व संकलनमा उक्त शीर्षकहरुको हिस्सा क्रमशः ४४.५२, ०.६३, ६.८६, २४.४९, २१.६७, १.४१ र ०.४२ प्रतिशत रहेको छ। सोही आर्थिक वर्षको राजस्व संकलनमा संस्थागत आयकरको योगदान उच्च रहेको छ। व्याक्तिगत आयकरको योगदान कूल कर राजस्वमा उल्लेखनीय हुनुपर्नेमा अपेक्षित राजस्व संकलन हुन नसकेता पनि हिस्सा बढ्दै गएको छ यसमा करको दायरा विस्तार भई PAN FOR ALL राजस्व नीतिको प्रभाव परेको देखिन्छ। मूल्य अभिवृद्धि करतर्फ विगत वर्षको तुलनामा राजस्व संकलन १.३९ प्रतिशतले बृद्धि भएको छ। मूल्य अभिवृद्धि करको प्रभावकारी कार्यान्वयनका लागि तरलता संकट, विदेशी विनिमय संचितिमा देखिएको संकुचनका कारण लगानी योग्य रकमको अभाव तथा सरकारद्धारा केही निश्चित विलासी प्रकृतिका वस्तुको आयात नियन्त्रणका लागि लिइएका नीतिगत व्यवस्था, न्यून विजकीकरण र बिल लिने दिने बानीमा परिवर्तन ल्याउन नसकिएको कारण राजस्वमा सोचे अनुसारको योगदान वृद्धि गर्न नसकिएको हो। गत आ.व. भन्दा यस आ.व.मा अन्तःशुल्कको संकलन बढेकोमा अन्तःशुल्क प्रशासनका कार्यप्रणाली र कार्यविधि अझै पनि पूर्णरुपमा स्वचालित बनाउने दिशातर्फ हाम्रा प्रयास केन्द्रित रहेका छन्। यसलाई आधुनिकीकरण गर्दै पूर्ण स्वचालित रुपमा प्रयोगमा लैजाने प्रक्रिया सम्पन्न भएपश्चात अन्तःशुल्कको प्रणालीगत सुधार भई चुहावट नियन्त्रण हुन गई राजस्व संकलनमा यसको योगदान बढ्ने निश्चित छ।

## ३.१ कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंशः

**तालिका नः १९ आ.व.२०७९/०८० को कर राजस्व संकलनको संरचनागत अवस्था**

| शीर्षक | राजस्वको हिस्सा प्रतिशतमा |
|---|---|
| आयकर | ४४.५२ |
| बहालकर | ०.६३ |
| ब्याजकर | ६.८६ |
| **आयकर जम्मा** | ५२.०१ |
| मु.अ.कर | २४.४९ |
| अन्तःशुल्क | २१.६७ |
| स्वास्थ्य सेवा कर(स्वास्थ्य जोखिम कर समेत) | १.४१ |
| शिक्षा सेवा कर | ०.४२ |
| जम्मा | १०० |

आ.व. २०७९।८० मा आन्तरिक राजस्वको शीर्षकगत प्रगतिको प्रतिशतलाई तालिका १९ मा प्रस्तुत गरिएको छ। सवैभन्दा बढी योगदान आयकरको ४४.५२ प्रतिशत रहेको छ भने त्यसपछि दोस्रो स्थानमा मूल्य अभिवृद्धि करको योगदान २४.४९ प्रतिशत रहेको छ। अन्तःशुल्कको आन्तरिक राजस्व संकलनमा योगदान २१.६७ प्रतिशत रहन गएको छ। ब्याजकरको योगदान ६.८६ प्रतिशत छ भने वहालकरको योगदान ०.६३ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी स्वास्थ्य सेवा कर(स्वास्थ्य जोखिम कर समेत)को अंश १.४१ प्रतिशत शिक्षा सेवा करको अंश ०.४२ प्रतिशत रहेको छ।

**चित्र नं. ८. आ.व.२०७९/०८० को कर राजस्व संकलनको संरचनागत अवस्था**




## ३.२ विगत ५ वर्षको राजस्व संकलनको अवस्थाः

प्रस्तुत तालिकामा आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० सम्म प्रत्येक आर्थिक वर्षमा आयकर, बहालकर, ब्याजकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर(स्वास्थ्य सेवा जोखिम कर समेत) र शिक्षा सेवा कर संकलनको प्रगति प्रस्तुत गरिएको छ। आ.व. २०७५/७६ देखि २०७९/८०

सम्म पुग्दा आन्तरिक राजस्वमा करिव १३३.९१ प्रतिशत वृद्धि भएको पाइन्छ। आर्थिक वर्ष २०७५/७६ मा आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको संकलन क्रमशः रु.१९२.८, रु.८८.२९ र रु.७३.६१ अर्ब रहेको थियो जुन आर्थिक वर्ष २०७९/८० सम्म आइपुग्दा क्रमशः रु.२४९.५६, रु.११७.५२ र रु.१०३.९६ अर्ब पुगेको छ। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य सेवा कर (स्वास्थ्य जोखिम कर समेत) र शिक्षा सेवा करको संकलन क्रमशः रु.६.७६ अर्ब र रु.२.० अर्ब रहेको छ।

### तालिकाः २० विगत ५ वर्षको राजस्व संकलनको अवस्थाः

(रु.अर्वमा)

| राजस्व शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| घरबहाल कर | ३.३५ | २.६४ | २.८६ | ३.०८ | ३.०३ |
| ब्याजकर | १८.८२ | २२ | २२.३१ | २४.७२ | ३२.९२ |
| आयकर | १७०.७ | १९२.८५ | २००.८ | २२९.२८ | २१३.६ |
| जम्मा आयकर | १९२.८ | २१७.५ | २२६ | २५७.०८ | २४९.५६ |
| अन्त:शुल्क | ७३.६१ | ६४.८४ | ८१.५१ | १०३.०२ | १०३.९६ |
| मूल्य अभिवृद्धि कर | ८८.२९ | ९८.१४ | ११६.४ | ११५.८६ | ११७.५२ |
| स्वास्थ्य सेवा कर(स्वास्थ्य जोखिम कर समेत) | २.५१ | ३.४५ | ५.०२ | ६.२८ | ६.७६ |
| शिक्षा सेवा कर | १.०७ | ०.५८ | ०.३६ | १.२४ | २ |
| जम्मा | ३५८.३ | ३८४.५३ | ४२९.३ | ४८३.४८ | ४७९.८० |

### चित्र नं. ९ विगत ५ वर्षको राजस्व संकलनको अवस्थाः



## ३.३ मूल्य अभिवृद्धि करमा आन्तरिक र पैठारीको संकलन अनुपातः

**तालिकाः२१ मूल्य अभिवृद्धि करमा आन्तरिक र पैठारीको संकलन अनुपातः**

| Tax Heading | 2075/76 | 2076/077 | 2077/078 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|
| VAT( INTERNAL) (Rs.bn) | 88.19 | 98.14 | 116.43 | 115.86 | 117.54 |
| VAT( IMPORT ) (Rs.bn) | 153.71 | 129.4 | 170.63 | 198.44 | 173.06 |
| VAT Collection(Rs.bn) | 241.9 | 227.54 | 287.06 | 314.30 | 290.60 |
| Ratio(Internal:Import) | 36:64 | 43:57 | 41:59 | 37:63 | 40:60 |

तालिका २२ मा उल्लेखित मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी तर्फ संकलन अनुपातको तथ्यांकलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/७६ मा मूल्य अभिवृद्धि कर संकलनको आन्तरिक र पैठारी तर्फको अनुपात ३६:६४ रहेको देखिन्छ। यो अनुपातमा आ.व. २०७६/७७ बढेर ४३:५७ पुगेको देखिन्छ। त्यसपछिका वर्षहरुमा आन्तरिक मू.अ.करको हिस्सा घटदै र पैठारी मू.अ.करको हिस्सा बढ्दै गएकोमा आर्थिक वर्ष २०७९/०८० मा आईपुग्दा आन्तरिक मू.अ.करको अंश बृद्धि भई ४० प्रतिशत पुगेको छ भने र पैठारी मू.अ.करको हिस्सा ६० प्रतिशत भएको देखिन्छ। माथिको तालिका अनुसार विष्लेषण गर्दा नेपाल आयतमुखी अर्थतन्त्र रहेको तथा आन्तरिक मूल्य अभिवृद्धि करको परिचालन पछिल्लो आय वर्षमा केही सुधार भएको देखिन्छ। आन्तरिक मूल्य अभिवृद्धि करको परिचालनलाई थप प्रभावकारी बनाउन कर कानूनको पालनामा जोड दिनु पर्ने, नन फाइलर तथा निरन्तर क्रेडिट विवरण पश गर्ने प्रवृति न्यनिकरण, विल लिनेदिने संस्कारमा बृद्धि गर्दै जानु पर्ने देखिन्छ।

## ३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ)

शीर्षकगत मूल्य अभिवृद्धि कर संकलनलाई हेर्दा ठेक्का परामर्श तर्फ आर्थिक वर्ष २०७५/७६ मा रु.२०.३९ अर्ब संकलन भएकोमा आ.व. २०७९/०८० मा रु.३०.१५ अर्ब संकलन रहदा ४ वर्षमा करिव १४७.८७ प्रतिशत बढेको देखिन्छ। पर्यटन उद्योगतर्फ आर्थिक वर्ष २०७५/७६ मा रु.२.७८ अर्ब संकलन रहेकोमा आ.व.२०७६/०७७ मा रु.२.०२ अर्व र आ.व.२०७७/०७८ मा रु.०.७ अर्व मात्र संकलन भएको देखिन्छ भने आ.व.२०७८/०७९ र आ.व २०७९/०८० मा क्रमश रु.१.२३ र रु.२.३६ अर्ब संकलन भएकोले पर्यटन उद्योगतर्फको योगदानमा सुधार भई रहेको देखिन्छ।आ.व. २०७६/७७ तथा २०७७/७८ मा क्रमशः रु.२.०२ र रु.०.०७ अर्बमात्र संकलन हुनुमा तत्कालीन समयमा कोभिड-१९ महामारीका कारण यस क्षेत्रमा देखिएको सुस्तता मुख्य कारक विषयको रुपमा रहेको छ।

यसैगरी उत्पादनतर्फको मूल्य अभिवृद्धि कर आ.व. २०७६/७७ देखि आ.व. २०७८/७९ सम्म निरन्तर वृद्धि हुंदै गएको छ तथापि आ.व. २०७९/०८० मा अर्थतन्त्रमा आएको शिथिलताका कारण केही संकुचित भई रु.३७.३३ अर्बमा सीमित भएको थियो। यस शीर्षकमा आ.व. २०७५/७६ मा रु.२९.५३ अर्ब संकलन भएकोमा आ.व. २०७९/०८० मा आईपुग्दा रु.३७.३३ अर्ब संकलन भई ४ बर्षको अवधिमा १२६.४१ प्रतिशत प्रगति पुगेको छ। बिक्री वितरण तर्फ आ.व. २०७५/७६ मा रु.१९.९५ अर्ब संकलन भएकोमा आ.व.२०७९/०८० मा रु.२८.२१ अर्ब संकलन भएको देखिन्छ जुन आ.व.२०७८/०७९ सम्म निरन्तर रुपमा बढेकोमा आ.व.२०७९/०८० मा केही संकुचन भएको देखिन्छ।

अन्य सेवातर्फ २०७५/७६ मा रु.१०.८६ अर्ब, आ.व.०७६/०७७ मा रु.९.७ अर्ब मू.अ.कर संकलन भएकोमा त्यस पश्चातका आ.वमा निरन्तर बृद्धि भई आ.व. २०७९/०८० मा रु.१३.२७ अर्ब संकलन भई ४ वर्षको अवधिमा ११२.१९ प्रतिशतले बृद्धि भएको छ। रिभर्स चार्ज तर्फ आ.व. २०७५/७६ मा रु.४.७९ अर्ब संकलन भएकोमा निरन्तर बृद्धि भई आ.व. २०७९/०८० मा रु.६.२२ अर्ब संकलन भएको देखिन्छ। यसरी लक्ष्यको तुलनामा संकलनको प्रगित अपेक्षित रुपमा नहुनु र समग्र राजस्वको प्रवृति घट्दै जानुमा मुख्यत कोभिड १९ को महामारी र त्यसबाट आर्थिक कृयाकलापहरुमा आएको शिथिलता जिम्मेवार देखिन्छ। शिर्षकगत रुपमा संकलनमा उतार चढाव देखिए पनि समग्रगमा आन्तरिक मूल्य अभिवृद्धि कर संकलन बढेकै देखिन्छ। आ.व. २०७५/७६ मा कूल आन्तरिक मूल्य अभिवृद्धि कर संकलन रु.८८.२९ अर्ब रहेकोमा आ.व. २०७७/७८ मा रु.११६.४३ अर्ब संकलन भएको छ तर आ.व. २०७८/७९ मा रु.११५.८६ अर्ब मात्र संकलन भएकोमा रुस युक्रेन युद्ध, तरलता संकटका कारण लगानीयोग्य पुँजीका अभाव तथा विदेशी विनिमय संचितिमा देखिएको संकुचनलाई अस्थायी रुपमा सम्बोधन गर्न सरकारले अपनाएका आयात नियन्त्रणका नीतिगत औजर मुख्य रुपमा जिम्मेवार देखिन्छ भने आ.व. २०७९/०८० केही सुधार भई रु.११७.५३ अर्ब संकलन भएको छ जुन आ.व.२०७५/०७६ को तुलनामा १३३.११ प्रतिशतले वृद्धि भएको छ।

**तालिकाः २२ मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन**

(रु.अर्बमा)

| | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|
| Tourism Industries | 2.78 | 2.02 | 0.7 | 1.23 | 2.36 |
| Reverse Charge | 4.79 | 4.52 | 5.08 | 5.47 | 6.22 |
| Contract & Consultancy | 20.39 | 31.8 | 35.05 | 29.05 | 30.15 |
| Other Services | 10.86 | 9.7 | 12.75 | 12.81 | 13.27 |
| Sales and Distribution | 19.95 | 22.45 | 27.65 | 29.31 | 28.21 |
| Production | 29.53 | 27.61 | 35.21 | 37.99 | 37.33 |
| Total VAT | 88.29 | 98.13 | 116.43 | 115.86 | 117.53 |

**चित्र नः १० मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन**



### ३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्थाः

आर्थिक वर्ष २०७९/०८० मा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर संकलन रु.११७.५३ अर्ब रहेको पाइन्छ। जसमा प्रत्येक क्षेत्रको योगदानलाई निम्नानुसार उल्लेख गरिएको छ। तालिका २४ विश्लेषण गर्दा सवैभन्दा वढी उत्पादनबाट ३१.७६%, ठेक्का परामर्शबाट २५.६५% र विक्री वितरणवाट २४.००% र पर्यटन क्षेत्रवाट सवैभन्दा कम करिव २.०१ प्रतिशत मूल्य अभिवृद्धि कर संकलन भएको छ।

**तालिकाः २३ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था**

| Tax Heading | VAT Collection (In Billion) | Contribution percentage on Total Internal VAT Collection |
|---|---|---|
| Tourism Industries | 2.36 | 2.01 |
| Reverse Charge | 6.22 | 5.28 |
| Contract & Consultancy | 30.15 | 25.65 |
| Other Services | 13.27 | 11.29 |
| Sales and Distribution | 28.21 | 24.00 |
| Production | 37.33 | 31.76 |
| Total VAT | 117.53 | 100.00 |

**चित्र नं. ११ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था**




### ३.६ शीर्षकगत आयकर संकलन

यस आ.व २०७९/०८० मा संस्थागत आयकर रु.११७.५५ अर्ब, व्यक्तिगत आयकर रु.८६.४५ अर्ब, लगानीमा कर रु.४५.५६ अर्ब संकलन भएको छ। यसरी हेर्दा विगतका ५ वर्षमा संस्थागत आयकर तर्फ ११३.८६ प्रतिशतले, व्यक्तिगत आयकर तर्फ १४५.५१ प्रतिशतले र लगानी आय तर्फ करिव १५१.८१

प्रतिशतले वृद्धि भएको देखिन्छ। साथै गत आ.व को तुलनामा व्यक्तिगत आयकर र संस्थागत आयकर घटेको तर लगानीको आयकर बढेको देखिन्छ।

### तालिकाः २४ आयकरको शीर्षकगत संकलन

(रु.अर्वमा)

| SNo. | Revenue Head | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|---|
| 1 | Income Tax From Government Corporation-11121 | 7.64 | 11.02 | 4.9 | 6.46 | 8.88 |
| 2 | Income Tax From Public Limited Companies-11122 | 47.89 | 47.2 | 53.57 | 55.92 | 54.44 |
| 3 | Private Limited Companies-11123 | 37.39 | 32.04 | 38.03 | 47.53 | 39.81 |
| 4 | Other Companies-11124 | 10.32 | 8.88 | 8.72 | 10.75 | 14.44 |
| **Total** | | **103.24** | **99.14** | **105.23** | **120.66** | **117.55** |
| 5 | Personal Income Tax & Proprietorship-11111 | 21.29 | 22.2 | 25.3 | 27.79 | 28.66 |
| 6 | Remuneration-11112 | 21.94 | 25.01 | 26.98 | 33.68 | 33.77 |
| 7 | Social Security Tax-11211 | 6.05 | 6.46 | 6.82 | 7.64 | 8.57 |
| 8 | Capital Gain Tax Individual-11113 | 10.13 | 9.24 | 28.5 | 28.74 | 15.47 |
| **Total** | | **59.41** | **62.91** | **87.6** | **97.86** | **86.45** |
| 9 | Rent & Lease-11131 | 3.35 | 2.65 | 2.86 | 3.07 | 3.04 |
| 10 | Interest-11132 | 18.82 | 22.01 | 22.32 | 24.72 | 32.93 |
| 11 | Capital Gain Tax Corporate-11125 | 1.41 | 23.69 | 0.82 | 1.94 | 1.11 |
| 12 | Dividend-11133 | 4.97 | 5.94 | 5.53 | 6.33 | 6.19 |
| 13 | Other income of investment-11134 | 0.04 | 0.07 | 0.09 | 0.54 | 0.12 |
| 14 | Windfall Gain Tax-11135 | 0.24 | 0.26 | 0.18 | 0.23 | 0.36 |
| 15 | Other Income Tax-11139 | 1.18 | 1.23 | 1.37 | 1.72 | 1.85 |
| **Total** | | **30.01** | **55.84** | **33.17** | **38.54** | **45.56** |

## ३.७ आ.व. २०७९/०८० को आयकर संकलनको संरचनागत अवस्थाः

आर्थिक वर्ष २०७९/०८० मा आयकर तर्फ जम्मा रु.२४९.५६ अर्ब संकलन भएकोमा लगानीको क्षेत्रबाट करिव १८.२६ प्रतिशत (रु.४५.५७ अर्ब), संस्थागत आयकर करिव ४७.१०प्रतिशत (रु.११७.५४ अर्ब) र व्यक्तिगत आयकर करिव ३४.६४ प्रतिशत (रु.८६.४५ अर्ब) प्राप्त भएको देखिन्छ।

### तालिकाः २५ आ.व. विगत ५ बर्षको आयकर संकलनको संरचनागत अवस्थाः

